# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा मानिसको आधारभूत आवश्यकता हो । मावन सभ्यताको विकास सँगसँगै शैक्षिक विकासको क्रम पनि अगाडि बढिरहेको पाइन्छ । शिक्षालाई विकाससिल बनाउँदै जाने क्रममा विगतका दिनहरूमा धेरै प्रयासहरू भएका छन् । जब मानिसहरूमा शिक्षा लिनुपर्छ भन्ने धारणाको विकास हुँदै गयो तब औपचारिक रूपमा शिक्षा प्रदान गर्नका लागि विद्यालय र महाविद्यालय बनाउने क्रम चल्यो । हाल ग्रामिण तथा शहरी क्षेत्रमा सरकारी तथा निजी तवरबाट प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक तथा उच्च तहसम्मकाविद्यालयहरूको सङ्ख्या दिनानुदिन बढ्दै गइरहेको पाइन्छ । तर पनि अभिभावकहरूको आर्थिक विपन्नता, शैक्षिक, सांस्कृतिक सम्पदाको अभाव,भौगोलिक विकटता, विद्यालयको कमजोर शैक्षिक गतिविधि, जीवन सापेक्ष नभएका पाठ्य सामग्रीहरू, अप्रयोगात्मक शिक्षण विधि आदि कारणले गर्दा कतिपय समुदायका बालबालिकाहरूले विद्यालय अवसर पाएका छैनन् भने कतिपय अवसर पाएकाले पनि पढाईलाई निरन्तरता दिइरहन सकेका छैनन् । सबै समुदायका बालबालिकाहरूलाई शिक्षाकोप्रत्यक्ष पहुँचमा पुऱ्याउन राष्ट्रले निकै ठूलो चुनौतिको सामना गर्नु पर्ने हुन्छ । विशेष गरी बालबालिकाहरूलाई कसरी विद्यालयका विभिन्न तहमा कसरी टिकाई राख्ने वा शिक्षणप्रतिको आकर्षणमा वृद्धिगर्ने ?विद्यालय छोड्न बाध्य हुने बालबालिकाहरूलाई कसरी शिक्षाको मूलधारमा ल्याउने र कसरी उनीहरूको शिक्षामा निरन्तरता दिनेभन्ने खालका चुनौतिहरूको सामना गर्न विभिन्न प्रयासहरू भइरहेको पाइन्छ । उदाहरणको लागि महिला छात्रवृत्ति, दलित तथा जेहेन्दारको लागि छात्रवृत्ति, निशुल्क शिक्षा, शिक्षाका लागि खाद्य कार्यक्रम, समाहित शिक्षा कार्यक्रम, दिवा खाजा कार्यक्रम, पोशाक, माध्यमिक शिक्षा सहयोग कार्यक्रम आदि लिन सकिन्छ (एस.एस.आर.पि., २०६६) ।

शिक्षा सामाजिक सचेतना र विकासको सशक्त माध्यम हो । समाज परिवर्तनको बाहक र मानवीय सशक्तीकरणको प्रमुख साधन हो । जसले मानवीय व्यवहार, सोचाई र गराईमा परिवर्तन ल्याउँछ । शिक्षा देश विकासको आधार तथा बालबालिकाहरूको भविष्य

निर्माणको पूर्वाधार हो । शिक्षा पाउनु सबै बालबालिकाहरूको पहिलो तथा जन्मसिद्ध अधिकार हो । आजका बालबालिकाहरू भविष्यका कर्णधार हुन् । शिक्षाको अभावमा न त राष्ट्रको विकास र समृद्धिको कल्पना गर्न सकिन्छ न त बालबालिकाको उज्जवल भविष्यको बारेमा सोच्न सकिन्छ। तसर्थ शिक्षामा सबैको पहुँच हुनु आवश्यक देखिन्छ । शिक्षामा पहुँच भन्नाले समाजमा रहेका सम्पूर्ण वर्गको विद्यार्थीहरूको समान सहभागिता भन्ने बुझिन्छ। अर्को शब्दमा भन्दा समुदायमा रहेका विद्यालय उमेर समूहकासबै बालिकाहरूलाईनिर्वाध रूपमा विद्यालय शिक्षाको पहुँचमा पुऱ्याउनु हो । शैक्षिक पहुँचमा समाज र राज्यका तर्फबाट प्रदान गरिने शैक्षिक सेवा सुविधाहरू बिना भेदभाव र पक्षपात रहित सहजरूपमा प्राप्त हुने अवस्था हो । शिक्षा मानवविकासको सूचक भएकाले सबै मानवले समान दृष्टि, समान व्यवहारबाट शिक्षा प्राप्त गर्न पाउनुपर्छ (शर्मा, २०६५) ।

शिक्षामा सबैको पहुँच पुऱ्याउन शिक्षण संस्था भौगोलिक रूपमा पहुँच योग्य, आर्थिक रूपमा बहनकारी, सेवा तथा सुविधा सबैलाई उपलब्ध वा त्यसको पर्याप्त शैक्षिक नीतिनियम तथा योजना सबैलाई स्वीकार्य र विद्यालय वातावरण सबैलाई अनुकुलनीयता हुनुलाई सहज पहुँचको अवस्था भनिन्छ । तसर्थ शिक्षामा पहुँचका पाँच महत्वपूर्ण पक्ष हुन्छन्।Accessibility, Affordability, Availability, Acceptability, रAdaptability( अधिकारी, २०७०) ।

शिक्षा राष्ट्रको सर्वाङ्गिण विकासको आधार र समाज परिवर्तनको संवाहक पनि हो । यो सर्वव्यापी र जीवन पर्यन्त चलिरहने प्रकृया पनि हो । जुन अहिले मावन अधिकारको रूपमा स्थापित भएको छ । शिक्षा भनेको दुई चार अक्षर चिन्ने, पढ्ने, लेख्ने र जान्ने कुरामा मात्र सीमित नभएर जीवन र जगतलाई भिन्न दृष्टिकोणबाट हेर्ने, बुझ्ने र विश्लेषण गर्ने माध्यम हो । दार्शनिक जोनलकले शिक्षाको महत्वलाई दर्शाउँदै, “विरुवाको विकास गोडमेलद्वारा हुन्छ भने मानिसको विकास शिक्षाद्वारा हुन्छ” भनेका छन् । त्यस्तै अर्का दार्शनिक जोन डिबेका विचारमा, “शिक्षा जीवन हो, जीवनका लागि तयारी होइन” । अर्का दार्शनिक फ्रोबेलका विचारमा, “शिक्षा त्यस्तो प्रक्रिया हो जसबाट बालकले आफ्नो आन्तरिक गुणलाई बाहिर ल्याउँछ” । माहात्मा गान्धीका विचारमा, “शिक्षा भन्नाले बालक र मानिसको शरीर, मन र आत्मामा रहेका असल कुरालाई सम्पूर्ण बाहिर ल्याउनु हो” । अरस्डटका विचारमा, “स्वस्थ शरीरमा स्वस्थ मस्तिष्कको निर्माण गर्नु नै शिक्षा हो” । शिक्षाले मानवका

शक्तिहरूको विशेषरूपले मानसिक शक्तिहरूको विकास गर्दछ जसद्वारा उसले सत्यम्, शिवम् र सुन्दरम्, भावनाको आनन्द लिन सक्दछ (श्रेष्ठ, २०६६) ।

पढाई भनेको ठूलो जातिकापरिवारका बालबालिकाहरूको लागि मात्र हो भन्ने गलत धारणा चमार जातिका परिवारहरूमा अझै सम्म पनि रहेको छ । हाम्रा छोराछोरीहरू पढे पनि उनीहरूलाईगाउँलेहरूले जागिरे हुन दिँदैन भन्ने सोचयहाँको दलित समुदायमा अझै पनि रहेको छ । जागिर दिने गाउँले होइन, नेपाल सरकार र लोक सेवा आयोग हो भन्नेकुरा थाहा हुँदा पनि यिनीहरू आफ्ना गलत मानसिकताको कारण गाउँलेहरूलाई दोष लगाउँछन् । यस समुदायकाबालबालिका सरकारी विद्यालयमा मात्र अध्ययन गर्दछन् । हाल यी समुदायका बालबालिकाले पाउने छात्रवृत्तिर अन्य सहुलियतले गर्दा पहिलेको तुलनामा विद्यालय जानेको सङ्ख्या केही मात्रामा बढेको देखिन्छ । प्रायः जसो विद्यालय भर्ना भएका बालबालिकाहरूले आधारभूत तहको शिक्षा पुरा गर्दछन् भने केहीले एस.एल.सी. सम्मको अध्ययन गर्दछन् । यिनीहरूको उच्च शिक्षामा संलग्नता नगन्य मात्रामा देखिन्छ । तराईका विभिन्न दतिल जातिहरूमध्ये चमार एउटा प्रमुख जाति हो । यिनीहरूको प्राविधिक, कानुनी प्रशासनिक क्षेत्रमा संलग्नता नगन्य छ । कृषि श्रमिकको रूपमा काम गर्ने जग्गा विहिन चमारहरू प्रायः बधुवा कृषि श्रमिकका रूपमा काम गर्ने गर्दछन्, हरूवा, चरुवा, गोठालो भएर काम गर्नेमा अधिकांश चमार समुदायका मानिसहरूको संलग्नता रहेको तथ्याङ्कहरू पाइन्छन् । जमिनमाथि स्वामित्व नहुनु, भएपनि एकदमै कममात्र हुनु, भूमिको गुणस्तर कम हुनु र खाद्यान्नको कमिको समस्या भोग्नु चमारहरूको दयनीय आर्थिक अवस्थाको विशेषता बनेको छ ।

नेपालमा अन्य जातिको तुलनामा चमार जाति शिक्षाका साथै अन्य क्षेत्रमा पनिनिकै पछि रहेका छन् । जसको प्रमुख कारण गरीबी, छुवाछुत स्थानीय समाजले गरेको उपेक्षा र राज्यका स्थानीय तहसम्म दुरदृष्टि पुग्न नसक्नु हो । चमार जाति प्रायः जसो ग्रामीण भेगमा बसोबास गर्छन् । विचार आदानप्रदान गर्नका लागि उनीहरू भोजपुरी तथा हिन्दी भाषाको प्रयोग गर्दछन् । यिनीहरू प्रायः जसोकालो वर्णका हुन्छन् । पहिला उनीहरू साना-साना झुप्रामा कष्टकर जीवन बिताउन बाध्य हुन्थे भने आजकल वैदेशिक रोजगार र ज्याला मजदुरी बढेकाले पक्की तथा कच्ची घरमा देखिन्छन् । तराईका विद्यालयमा भर्ना भई बीचैमा कक्षा छाड्ने बिद्यार्थीहरूमध्ये बहुसङ्ख्यक दलित र अल्पसङ्ख्यामा अन्य जातिहरू पर्दछन् ।नेपाल सरकारको शिक्षामा लगानी, निःशुल्क शिक्षा, छात्रवृत्तिको व्यवस्था, दिवा

खाजाको व्यवस्था, विद्यालय भर्ना अभियान, धेरै बालबालिकाहरू विद्यालयको पहुँचभन्दा बाहिर रहेको र विद्यालय भर्ना भएकाहरूले पनि शिक्षा पूरा नगरी बीचैमा विद्यालय छोड्ने गरेको पाइन्छ ।पढ्न पाउनु बालबालिकाहरूको नैसर्गिक अधिकार हो । यसलाई नेपालको संविधान(२०७२) को धारा ३१ मा शिक्षा सम्बन्धी हकमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ तथा आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क, आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क शिक्षा पाउनुका साथै प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हकलाई मौलिक अधिकारको रूपमा समावेश गरिएको छ । तर संविधानमा लेखेर मात्र सबै बालबालिकाहरूले शिक्षामा समान अवसर प्राप्त गर्न सक्दैनन् र गर्न सक्ने अवस्था पनि छैन । हाम्रो देशमा दुई किसिमको शिक्षा पद्धति विद्यमान छ । जुन हुँदा खानेका छोराछोरीहरूले प्राप्त गर्ने शिक्षा सामुदायिक विद्यालयबाट प्राप्त हुन्छ भने हुनेखानेका छोराछोरीहरूले पढ्ने शिक्षा निजी अर्थात् संस्थागत अङ्ग्रेजी माध्यमका विद्यालयले विभेदको अवस्था सृजना गरेको छ । अझै पनि देशका चमार लगायत अन्य दलित समुदायका बालबालिका शिक्षाको अवसरबाट बन्चित छन् । तिनलाई विद्यालय शिक्षाको पहुँचमा ल्याउने नीति तथा कार्यक्रमको अभाव रहेको छ । सरकारी विद्यालयमा गरीब विपन्न दलित समुदायका छोराछोरी पढ्न बाध्य छन् जसमा शिक्षाको स्तर दिनप्रतिदिन खस्किदो अवस्थामा छ । यसरी समुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तरमा गिरावट आउँदै गएको र विद्यालय उमेर समुहका धेरै बालबालिकाहरू विद्यालय नै भर्ना नभएको तथा विद्यालय भर्ना भएकाहरूबालबालिकाहरू पनि निश्चित तह पूरा नै नगरी बीचैमा विद्यालय छोड्ने गरेको पाइन्छ । चमार बालबालिकाहरू पनि यही वर्ग अन्तर्गत पर्दछन् । यस अध्ययनमा तीनै चमार समुदायका बालबालिकाहरूको विद्यालय भर्नाको अवस्था, उनीहरूको विद्यालयमा नियमितता तथा शैक्षिक उपलब्धिको लेखाजोखाका साथै विद्यालयमा उनीहरूको पहुँचको अवस्थाको विश्लेषण गर्ने प्रयास यस अध्ययनमा गरिएको छ ।

## १.२ समस्याको कथन

बालबालिका राष्ट्रका भविष्यका कर्णधार हुन् । आजका बालबालिका नै भविष्यका नीति निर्माणकर्ता हुन् । उचित शिक्षा, पालनपोषण र उचित अवसर दिई बालबालिकालाई जति योग्य बनाउन सकिन्छ भविष्यमा त्यति नै देशले सक्षम नेतृत्व पाउने सम्भावना

हुन्छ। नेपाली समाजमा युगौंदेखि जरा गाडेर रहेको जातीय विभेद, छुवाछुत प्रथा आदि समाजको सर्वाङ्गीर्ण विकासको लागि बाधक भइरहेको छ । विभिन्न अध्ययन अनुसन्धानले दलितको शैक्षिक अवस्था निकै कहाली लाग्दो देखाएको छ । दलित वर्गका धेरै बालबालिका शिक्षाको सुनौलो अवसरबाट वन्चित छन् । दलित, पिछडिएका वर्ग, गरीब, किसान अशिक्षित आमा बुवाका बालबालिकाहरूको लागि निःशुल्क शिक्षा तथा छात्रवृत्ति उपलब्ध गराई सो वर्गको सहभागिता बृद्धि गर्न सक्ने गरी कार्यान्वयनमा लगिरहेको अवस्था भए तापनि विद्यालय शिक्षामा सबै जातजातिलिङ्ग र उमेर समूहका बालबालिकाहरूको अझ सम्म पनि समान पहुँच हुन सकेको छैन । जातिगत रूपमा हेर्दा उच्च जात देखि तल्लो जात सम्म जातीय वर्गीय विभेद हुने गरेको र देशकोस्रोत साधन अवसरहरू माथिको पहुँचमा उच्च जातहरूको वर्चश्व रहन गएको कुरा विगतदेखि हाल सम्मका जनगणनाका तथ्याङ्कहरू, नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण, नेपाल जिवनस्तर सर्वेक्षण, शैक्षिक व्यवस्थापन, सूचना व्यवस्थापन, सूचना प्रणाली, बार्षिक फ्ल्यास प्रतिवेदनहरूको इंगित गर्दै आइरहेका छन् (केन्द्रीय तथ्याङ्क विभाग, २०६०) ।

वास्तवमा दलित जातिमा पनि चमार जातिको शैक्षिक अवस्था सबैभन्दा कमजोर रहेको छ भन्ने कुरा स्थानीय समाजमा चर्चामा आएको छ । चमार समुदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच तथा शैक्षिक उपलब्धिका बारेमा खोजगर्नु आजको आवश्यकता हो । यसरी दलित बिद्यार्थीहरूको विद्यालयमा उपस्थितिको अवस्थाबारेअध्ययन गर्न, उपलब्धिलाई प्रभाव पार्ने घर तथा विद्यालयकोशैक्षिक वातावरण, पारिवारिक आर्थिक स्थिति आदिको बारेमा अध्ययन गरी तिनीहरूको बीचको शैक्षिक उपलब्धिमा के- कस्ता समानता वा भिन्नता रहेका छन् । यिनै प्रश्नको सेरोफेरोमा केन्द्रित रही नेपालको समथर भू-भागमा छरिएर रहेको सिमान्तकृत तथा शिक्षाको मूलधारबाट बाहिर तथा बहिष्कृत एवं विभेदपूर्ण दलितहरूको बारेमा अध्ययन अनुसन्धान नभएको भने होइन । तापनि बारा जिल्लाकोमाहागढीमाई नगरपालिकाको वडा नं. ५ र ११ मा रहेका चमार समुदायका बारेमा कहीँकतैबाट अध्ययन नभएको हुँदा बारा जिल्ला अन्तर्गत माहागढीमाई नगरपालिकाको वडा नं. ५ र ११ का चमार समुदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच तथा उनीहरूको विद्यालयको शैक्षिक उपलब्धिको सेरोफोरोमा केन्द्रित रहेर अध्ययन कार्यपूरा गरिएको छ । यो अध्ययनले चमार समुदायको शैक्षिक क्षेत्रमा

देखिएका समस्या समाधान गर्नको लागि मार्ग निर्देशन गर्दछ । तसर्थ यसलाई समस्याको रूपमा लिइएको छ। साथै यस अध्ययनमा निम्न प्रश्नको उत्तर खोज्ने प्रयास गरिएको छ :-

- चमार समुदायको बालबालिकाको विद्यालमा भर्नाको अवस्था कस्तो रहेको छ ?
- सबै बालबालिका नियमित विद्यालय गएका छन् ?
- यदि विद्यालयनगएका भए त्यसको कारण के होला?
- नियमित विद्यालय जान नसक्ने बिद्यार्थीहरूका समस्या के के हुन् ?
- चमार समुदायको बालबालिकाको शैक्षिक उपलब्धि के कस्तो रहेको छ ?
- चमार बालबालिकाहरूको शैक्षिक उपलब्धिमा के के कुराले प्रभाव पारेको छ ?

## १.३ अध्ययनको औचित्य

विद्यालयजाने उमेरका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराउन, विद्यालय शिक्षाको सु-अवसर सबैलाई प्रदान गर्न, साक्षरता सङ्ख्या बढाउन, विश्वव्यापी शैक्षिक कार्यक्रममा सहभागिता जनाउन आधारभूत आवश्यकता पुरागर्न र लगानी सदुपयोग गरी गुणस्तरीय जीवन निर्वाह गर्न ज्ञान सीप प्रदान गर्नका लागि विद्यालय शिक्षाको आवश्यकता पर्दछ । व्यक्ति, परिवार, समुदाय, समाज रराष्ट्र विकासको प्रमुख आधार शिक्षा हो । शिक्षाको समग्र विकासको लागि कुनै पनि गाउँ समुदाय वा समाजमा रहेको सम्पूर्ण जाति, भाषाभाषि, धर्म, संस्कृति भएका व्यक्तिहरूको शैक्षिक क्षेत्रमा सङ्ख्यात्मक एवं गुणात्मक वृद्धि हुनु आवश्यक छ । तर नेपालमा विद्यालय जाने उमेर पुगेका विभिन्न दलित तथा पिछडिएका जातिका बालबालिकाहरू विभिन्न कारणले गर्दा विद्यालयमा भर्ना नहुने र भर्ना भइहाले पनि बीचमा विद्यालय छोड्ने गरेको पाइन्छ । सबैका लागि शिक्षा र शिक्षामा समान अवसर सबैले पाउनुपर्छ भन्ने नारा प्रशस्त भए पनि दलित तथा पिछडिएका जाति तथा समुदायमा शिक्षाको पहुँच एकदमै कम देखिएको छ (उपाध्याय, २०६०) ।

समाजमाविद्यमान विभिन्न विपन्न वर्गका समुदायका मानिसहरू अपहेलित जीवन विताउन बाध्य भएका छन् । जसले श्रम गर्छ त्यसको स्थिति अन्यको तुलनामा पछाडि परेका छन् । चमार समुदायको शैक्षिक उपलब्धिको लेखाजोखाले शिक्षामा उनीहरूको पहुँचको वास्तविक अवस्था पहिचान हुन्छ जसको कारणले यस सम्बन्धमा अध्ययन गर्नु सामाजिक न्यायको हिसाबले मात्र उपयुक्त नभई देशलाई नै अग्रगतिमा लैजान पनि मद्धत पुग्ने देखिन्छ । अझ शिक्षा नै त्यस्तो माध्यम हो जसले मानिसहरूलाई अँध्यारोबाट

उज्यालोतर्फ लैजान्छ । जसको कारणले व्यक्तिलाई ज्ञानीमात्र बनाउने होइन बरू सिपयुक्त बनाई जीवन नै सफल बनाउन मद्दत गर्दछ । यसले उनीहरूको सामाजिक स्तरमात्र वृद्धि गर्ने होइन वरु आर्थिक रूपले समेत सबल र सक्षम तुल्याउने हुन्छ । वास्तविक शैक्षिक परिस्थितिको पहिचानले चालु कार्यक्रमको प्रभावकारिता, सबल पक्ष, दुर्बल पक्ष आदिकुराहरूको मुल्याङ्न गरी नयाँ योजना तथा नीति निर्माण गरी चमार समुदायका मानिसहरूको शिक्षामा अधिकतम पहुँच पुऱ्याउन प्रमुख भूमिका खेलेको छ । पहिलो पक्षलाई मध्यनजर राख्दै यस अध्ययनले शिक्षामा चमार जातिहरूको प्रवेश, पहुँच तथा अवस्था आँकलन गर्न, उनीहरूको शैक्षिक समस्या पत्ता लगाउन, शैक्षिक पहुँच वृद्धि गर्न, विद्यालय तहको पढाईलाई प्रभावकारी र गुणस्तरीय बनाउन विद्यालय जाने बानीको विकास गराउन साथै उनीहरूको भर्नादरमा बृद्धि ल्याउन कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने जस्ता समस्याको न्यूनिकरण गर्न सहयोग गर्छ । यस अध्ययनको औचित्य यसप्रकार रहेको छ :-

- चमार समुदायकाबालबालिकाहरूको शैक्षिक अवस्थाको जानकारी प्राप्त हुने भएकाले ।
- चमार बालबालिकाका बारेमा थप अध्ययन गर्न चाहनेहरूको लागि सहयोगी हुनुको साथै दलित बालबालिकाको क्षेत्रमा अनुसन्धान गर्न चाहनेहरूका लागि समेत उपयोगी हुन सक्ने भएकाले ।
- विभिन्न व्यक्ति, संघसंस्था, सरकारी कार्यालयले प्रस्तुत विषयमा अध्ययन गर्न चाहेमा यो अध्ययन उनीहरूको लागि उपयोगी हुनसक्ने भएकाले विद्यालय शिक्षासँग सरोकार राख्ने तथा गैर सरकारी संस्थाका लागि पनि सूचनाका दृष्टिले कार्ययोजना निर्माण गर्न उपयोगी हुने भएकाले ।
- चमार जातिको शिक्षामा पहुँच बढाउनका लागि आवश्यक नीति तथा योजना निर्माण गर्न, नगरपालिकालाई मार्गदर्शन गर्नमा सहयोगी भूमिका निर्वाह गर्न सक्ने भएकाले ।
- चमार समुदायका बढी भन्दा बढी बालबालिकाहरूलाई विद्यालयमा सहभागी गराउन समुदाय तथा शिक्षकहरूले खेल्नुपर्ने भूमिकाको सम्बन्ध जानकारी प्राप्त हुने भएकाले ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य बारा जिल्ला माहागढीमाई नगरपालिकाकोवडा नं. ५ र११ मा वसोवास गर्ने चमार समुदायका बालबालिकाहरूको आधारभूत विद्यालयमा पहुँचको विश्लेषण गर्नु रहेको छ । यसका विशिष्ट उद्देश्यहरू यस प्रकार रहेका छन् :-

- चमार समुदायका बालबालिकाहरूको विद्यालय भर्नाको अवस्था पत्ता लगाउनु,
- विद्यालयमा नियमितता र शैक्षिक उपलब्धिको लेखाजोखा गर्नु,
- चमार समुदायका बालबालिकाहरूको विद्यालयमा पहुँचको अवस्थाको विश्लेषण गर्नु,

## १.५ अध्ययनका सीमाहरू

यो अध्ययन निम्न सिमितता भित्र रहेर पुरा गरिएको छ :

(क) यो अध्ययन चमार जातिका बालबालिकाको शैक्षिक अवस्था र विद्यालयको आधारभूत तहको पहुँचमा मात्र केन्द्रित रहेको छ।

(ख) यो अध्ययन वारा जिल्लाकोमाहागढीमाई नगरपालिकाको वडा नं.५र ११ मा बसोवास गर्ने चमार जातिकाविद्यालय जाने उमेरका बालबालिकाहरूको अध्ययनमा मात्र सिमित रहेको छ।

(ग) यो अध्ययन बारा जिल्लाको माहागढीमाई नगरपालिकाको वडा नं.५र ११ मा बसोबास गर्ने चमार समुदायको अध्ययनमा सीमित भएकाले प्राप्त नतिजालाई अन्यत्र सामान्यिकरण गर्दा नमिल्न सक्छ।

## १.६ अध्ययनको योजना

यो शोधपत्रलाई जम्मा छ अध्यायमा विभाजन गरिएको छ। जसमा पहिलो अध्याय परिचय शीर्षक अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको औचित्य, अध्ययनका उद्देश्यहरू, अध्ययनको सीमाहरू र अध्याय योजना समावेश गरिएको छ। दोस्रो अध्यायमा पूर्व साहित्यको समीक्षा शीर्षक अन्तर्गत शोधसँग सम्बन्धित प्रकाशित एवं अप्रकाशित साहित्यको पुनरावलोकन गरिएको छ । तेस्रो अध्याय अध्ययन विधिसँग सम्बन्धित रहेको छ ।यस अध्यायमा अनुसन्धानको ढाँचा, अध्ययन क्षेत्रको छनौट, जनसङ्ख्याको छनोट, तथ्याङ्कको स्रोतहरू, तथ्याङ्क सङ्कलनका साधनहरू, तथ्याङ्क संकलन प्रक्रिया तथा तथ्याङ्कको व्याख्या र विश्लेषण आदि समावेश गरिएको छ।

चौथो अध्यायमा अध्ययन क्षेत्रको परिचय रहेको छ । यस अध्यायमा जिल्लाको परिचय तथा नामाकरण, भौगोलिक अवस्था, जिल्लाको जनसांख्यिक अवस्था, शैक्षिक अवस्था, ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरू, भौतिक तथा सामाजिक, सांस्कृतिक पक्षहरू आदिको चर्चा गरिएको छ। यस्तै पाँचौ अध्यायमा नतिजाको व्याख्या र विश्लेषण गरिएकोछ । यस अध्ययनमा चमार बालबालिकाहरूको विद्यालय भर्नाको अवस्था,

विद्यालयमा नियमितताको अवस्था, चमार बाबलालिकाहरूको शैक्षिक उपलब्धिलाई समावेश गरिएको छ । अन्तिम अध्यायमा प्राप्ति, सारांश, निष्कर्ष र सुझाव रहेको छ ।

# अध्याय दुई

## सन्दर्भ साहित्यको समीक्षा

यस अध्यायमा अनुसन्धानसँग सम्बन्धित प्रकाशित एवं अप्रकाशित साहित्यको समीक्षा गरिएको छ ।

### २.१ चमार जातिको सामान्य परिचय

नेपाल र नेपालीको अस्तित्व प्राचीनकाल देखि नै रहेको छ भन्ने कुरालाई विभिन्न धर्म ग्रन्थ, पुराण तथा ऐतिहासिक शीलालेखहरूले पनि स्पष्ट रूपमा पुष्टि गरिसकेका छन् । प्राचीन समय देखि नै नेपाल बहुभाषिक, बहुजाति र बहुधर्मावलम्बीहरू भएको देशका रूपमा रहेको तथ्यलाई यहाँ रहेका आर्य, मंगोल र विभिन्न जातिहरूको बसोबासले स्पष्ट पार्दछ । जातजाति प्रथालाई वर्गीकरण गरेर कामको आधारमा जात उपजातको नयाँ व्यवस्था जयस्थिति मल्लले गरेको थिए भन्ने कुराका बारेमा नेपालको इतिहासमा प्रष्ट रूपमा दर्शाइएको छ । नेपाल एकीकरण हुनुभन्दा पूर्व विभिन्न राजा रजौटाहरूले जाति प्रथाको रूपलाई संरक्षण गरेका थिए र हिन्दु वर्ण व्यवस्था अनुसार समाजलाई ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र जस्ता चार मुख्य जातिमा विभाजन गरिएको छ । जातको आधारमा ब्राह्मणले पुजापाठ, क्षेत्रीले राजकाज र लँडाई, वैश्यले व्यापार र कृषि कर्म तथा शुद्रले सेवामूलक काम गर्नुपर्ने सामाजिक नियम हाम्रो नेपाली समाजमा परापूर्वक कालदेखि नै चलिआएको पाइन्छ । पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्दा नेपालको वर्णनमा नेपाललाई चार जात छत्तीस वर्णको साझा फुलवारीको रूपमा मानेका थिए र २०२० सालको मुलुकी ऐनले छुवाछुत प्रथाको अन्त्य गरे तापनि हाम्रो समाजमा हालसम्मछुवाछुत प्रथा विभिन्न स्थान र सम्प्रदायमा कायमै रहेको पाइन्छ ।नेपालमा रहेका विभिन्न जातिको सङ्ख्या १२५ रहेको छ (के.त.वि. २०६८) ।नेपालमा रहेका यिनै विभिन्न जातिमध्ये चमार पनि एक हो । चमार जाति को हुन्, यिनीहरूको उत्पत्ति कसरी भयो भन्ने निश्चित प्रमाण प्राप्त भएको छैन । तापनि धार्मिक ग्रन्थ रामायण अनुसार रावणको घरमा कुनै प्रकारको शुभकार्यमा बाजा बजाउनेहरूलाई चमार जातिको संज्ञा दिइएको थियो (पाण्डेय, २०६६) ।

नेपलामा चमार जाति आज भन्दा लगभग तीन सय बर्ष अगाडि नेपाल प्रवेश गरेको तथ्याङ्क पाइन्छ । उनीहरू भारतको सिमावर्ती क्षेत्र खासगरी पूर्वी विहार राज्यको दरभंगा

तथा उत्तरप्रदेश राज्यका विभिन्न ठाउँबाट नेपालमा आई बसोबास गरेको कुरा विभिन्न अनुसन्धानात्मक ग्रन्थहरूमा पाइन्छ । नेपालको तराई क्षेत्रका झापा, मोरङ्ग, सुनसरी, उदयपुर, सप्तरी, सिराहा, सर्लाही, धनुषा, रौतहट, बारा, महोत्तरी आदि ठाउँहरूमा चमार जातिहरूको बसोबास रहेको पाइन्छ । जुत्ता- चप्पल सिलाउने, कृषिको काम, मजदुरी गर्ने, साँझ बिहानको छाक दुःखले टार्ने यो जातको सामाजिक र सांस्कृति परम्पराहरू अनौठा छन् । उनीहरू आफूलाई आदिवासी हुँ भन्ने गर्दछन् भारतका सिमावर्ती क्षेत्रहरूबाट नेपालका सिमावर्ती क्षेत्रहरूमा विभिन्न समयमा आई बसोबास गर्दै आइरहेका यस समुदायका परिवारहरू आर्थिक र शैक्षिक दृष्टिकोणले कमजोर रहेपनि सामाजिक दृष्टिले मिलनसार, संगठित , मेहनती र भद्र छन् ।

माहागढीमाई नगरपालिकामा कानुनी रूपमा छुवाछुत प्रथाको अन्त्य भए तापनि स्थानीय समाजमा बसोबास गर्ने उच्च जातिका मानिसहरूले अप्रत्यक्ष रूपमा चमारहरू प्रति छुवाछुत र भेदभाव गरिरहेका हुन्छन् । यी दुबै वडाहरूमा रहेका चमारहरू बसाई सरि यहाँ बसोबास गरेको बढीमा करिब १ सय वर्ष भएको यहाँको नजिक पर्ने भारतीय सीमान्त क्षेत्र मोतिहारी, छौडादानो, आदापुर, रक्सौल, बेतिया, सुगौली भन्ने ठाउँहरूबाट बसाँईसरि आएको कुरा चमार समुदायका बृद्धबृद्धाहरूले बताउने गर्दछन् ।

## २.२ प्रकाशित साहित्यको समीक्षा

विश्वकर्मा (२०५४), चमार समुदायका बालबालिकाहरू बढी विद्यालय छोड्नुको कारण प्राथमिक तह पूरा गरेपछि माध्यमिक तहका लागि भर्ना हुन अर्के विद्यालय जानु पर्ने कारण भएको निष्कर्ष थियो । अशिक्षित अभिभावकका केटा केटी बढी विद्यालय छोडेको, अति सिमान्तकृत जनजाति समुदायका बालबालिका, आर्थिक रूपले विपन्न वर्गका बालबालिकाहरूबढी विद्यालय छोड्ने गरेको ज्यादै गरिबीको कारणले एवम् बालबालिका नै घरको काम गर्नुका साथै बाहिर पनि श्रम गर्न जानुपर्ने वाध्यात्मक अवस्थाले पनि विद्यालय छोड्ने गरेको निष्कर्ष थियो । शिक्षाको आवश्यकता र महत्व बारेमा समुदायमा जनचेतना जगाउनु पर्ने, विद्यालयमा भर्ना भएका बालबालिकाहरूलाई विद्यालयमा टिकाइ राख्ने वातावरण तयार गरिनुपर्ने र बालबालिकाहरूलाई नियमित विद्यालयमा उपस्थिति गराउने कुरामा सरोकारवाला सबै पक्षलाई निश्चित तुल्याउनु पर्ने जस्ता सुझावहरू सेरिडले दिएको थियो ।

झा (१९९९), ले तराई दतिल अ केश स्टडी अफ सेलेक्टेड भि.डि.सि. अफ नेपाल भन्ने अनुसन्धान प्रतिवेदनमा तराईका दलितहरूको वर्गीकरण, उनीहरूको सामाजिक र आर्थिक अवस्था, राजनीतिमा तिनीहरूको संलग्नता र साक्षरताको स्थितिको बारेमा प्रकाश पारेका छन् । पूर्वी तराईको दलितहरूको जल्दाबल्दा समस्याहरूमा अशिक्षा, दाइजो प्रथा, मध्यपान, धामिझाँक्रीको प्रचलन आदि बारेमा उल्लेख गरिएको छ । त्यसै गरी उनीहरूको समाजमा रहेको पछौटेपन तथा भूस्वामित्वको स्थिति, जिविकोपार्जनका तरिका तथा जीवनस्तर उकास्न सम्भाव्य उपायको बारेमा प्रकाश पारिएको छ । समग्रमा तराई दलित उत्थानको लागि शिक्षालाई प्राथमिकता दिइनुपर्ने कुरामा जोड दिएको छ । साथै उक्त अध्ययनमा तराईमूलका दलित जातिहरूमाउनीहरूको उत्थानको लागि कुनै पनि संस्थाले काम गरेको कुरा जानकारी नभएको औल्याएका छन् ।

सेरिड (२०५६), ले गरेको अध्ययन अनुसार नेपालका उच्च जातिहरूको तुलनामादलित जातिहरूको आर्थिक तथा शैक्षिक अवस्था कमजोर रहेको देखाएको छ । हरेक पक्षबाट पिछडिएका यी जातिहरूको प्रमुख आयको स्रोत भनेको नै कृषि तथा दैनिक ज्यालादारी, मदजुरी रहेको छ । खेतिकिसानीबाट उत्पादन भएको अन्नले यिनीहरूलाई पुरा रूपमा बर्ष पनि गुजारा गर्न गाह्रो हुने भएकाले बाँकी समय ज्याला, मजदुरी गरेर गुजारा गर्न बाध्य हुन्छन् । यस्तो गरिबीको रेखामुनि रहेका दलितहरूको भूस्वामित्व नगन्य मात्रामा रहेको छ । तराईका प्रायः जसो सबैदलित पारिवारहरूकोगुजारा गर्नमा खेतिबाट हुने उब्जनीले ३ महिनासम्म पनि नपुग्ने देखिन्छ । जसले उनीहरूको गरिबी स्पष्ट रूपमा दर्शाएको पाइन्छ । यसै प्रतिवेदनका आधारमा चमार समुदायका सम्पूर्ण व्यक्तिहरू छुवाछुतको मारमा परेका दलितहरूको शैक्षिक अवस्था पनि दयनीय नै देखिन्छ । दलितहरूको प्राथमिक शिक्षा देखि लिएर उच्च माध्यमिक शिक्षा सम्म भर्नाकोअवस्थालाई हेर्दा अन्य जातिको तुलनामा ज्यादै नै न्यून रहेको छ या भनौं नगन्य मात्रामा रहेको छ । कमजोर आर्थिक अवस्थाको कारण कतिपय दलितहरू चाहेर पनि विद्यालय भर्ना हुन सकिरहेको छैनन् भने कतिपय दलित अभिभावकहरूमा शैक्षिक चेतनाको कमीको कारणले आफ्नो बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्न हिच्किचाउँछन् । भर्ना भैइसकेका बालबालिकाहरूकोपनि सांस्कृतिक वातावरण, आर्थिक स्थिति र विद्यालयबीच सामान्जस्यता जस्ता विविध कारणहरूले गर्दा बालबालिकाहरूले आफ्नो पढाईलाई निरन्तरता दिन नसकिरहेको अवस्था देखिन्छ । जसको मूल कारण बालबालिकाहरूका परिवारका व्यक्तिहरूको अज्ञानता, कमजोर आर्थिक जस्ता

कारण विशेष रूपमा रहेको पाइन्छ । शैक्षिक दृष्टिकोणले दलित पुरुषहरूका तुलनामा महिलाहरू अझ बढी मात्रामापिछडिएको कुरा उक्त अध्ययनमा प्रस्तुत गरिएको छ । विद्यालयमा केटाकेटीको ढिलो प्रवेशले गर्दा कक्षा छोड्ने अशिक्षित परिवार, सानै उमेरमा विवाह गर्ने चलन, लैङ्गिक विभेद, बालबच्चाको हेरचाह जस्ता विविध कारणहरूका साथै आर्थिक र सामाजिक समस्याले गर्दा दलितहरूले शिक्षा प्राप्तिमा खासै प्रगति गर्न नसकेको निष्कर्ष उक्त अध्ययनमा प्रस्तुत गरेका छन् ।

## २.३ अप्रकाशित साहित्यको समीक्षा

सिंह (२०६२),ले त्रि.वि.को शिक्षाशास्त्र संकाय अन्तर्गत स्नातकोत्तर दोस्रो वर्षको सामाजिक न्याय शिक्षा विषयको आंशिक भार पूरा गर्न गरिएको मुसहर जातिको शैक्षिक, आर्थिक तथासामाजिक अवस्था शीर्षकमा धनुषा जिल्लाको हरिपुर गा.वि.स. वडा नं. ५ को बारेमा एक अध्ययन गरिएको पाइन्छ । जसमा मुसहर जातिका मानिसहरूले शिक्षा तथा आर्थिक अवस्थाको साथै यस जातिमा शैक्षिक चेतनाको विकासको अवस्था पनि दयनीय रहेको कुरा उल्लेख गरिएको पाइन्छ । परम्परागत रूपमा माटोको काम गर्ने, माटो खन्नेजस्ता काम गर्ने भएकाले अधिकांश मानिसहरू कालो वर्णका हुने गरेको कुरा उल्लेख गरिएको छ । देशभरी कृषि उत्पादनदेखि बाटो निर्माण, भवन निर्माण कार्यमा मजदुरी गर्ने यिनीहरूको प्रमुख पेशानैज्यालादारी मजदुरी रहेको पाइन्छ । यिनीहरू पनि यही देशका नागरिक हुन् । त्यसैले शिक्षामा विकास, आर्थिक सफलता कसरी ल्याउने, शिक्षाप्रतिको नकारात्मक धारणा परिवर्तन कसरी गराउन सकिन्छ भन्ने सम्बन्धमा पनि विशेष ध्यान दिन आवश्यक देखिन्छ । जहाँ मुसहरले आफ्नो हक र अधिकार पाउन गा.वि.स., जिल्ला र क्षेत्रीय स्तरसम्म संगठन बनाउनु पर्ने, शिक्षा, रोजगारी र राजनैतिक क्षेत्रमा विशेष आरक्षणको व्यवस्था हुनुपर्ने र यस जातिका बालबालिकाहरूलाई १ कक्षा देखि उच्च शिक्षासम्म निःशुल्क हुनुपर्ने सुझाव दिएका छन् ।

शर्मा (१९९९), ले Social Determinants of Fertility amongthe Rural Women मा सिराहा जिल्लाको भवानीपुर गा.वि.स. का मुसहर महिलाहरूको अशिक्षाको कारणले गर्दा बच्चाहरूको जन्मदर बढी भएको मानेका छन् । दैनिक ज्यालादारीमा काम गर्ने हुँदा परिवारको संख्या ठूलो भएमा पैसा कमाउन बच्चाहरूलाई साहू महाजनका घरमा घरायसी काममा लगाएर आम्दानी गर्ने आशामा धेरै बच्चाहरू जन्माउन चाहेको हुँदा जन्मदर

घटाउने पक्षमा उनीहरूको चासो खासै रहेको देखिँदैन । पढ्न जाने उमेर भएका बच्चाहरूलाई स्कुल नपठाई साना बच्चाहरू हेर्न लगाउनका लागि घरमै राख्ने गर्दा उनीहरू शिक्षाको पहुँचमा पुग्न पाउँदैनन्, सानै उमेरमा विवाह, छोरालाई बढी महत्व दिने, घरको मूखियाका रूपमा पुरुषको तुलनामा महिलाका अधिकार शून्य जस्तै भएकाले, जमिन पनि कम हुने तथा कमजोर आर्थिक अवस्थाले ग्रसित हुने हुँदा शिक्षा एवम् अन्य जानकारीमूलक कुराहरूमा ध्यान दिन फुर्सत पनि हुँदैन । यस्ता समस्याहरू समाधानका लागि सम्बन्धित क्षेत्रमा विशेष कार्यक्रम महिलाहरूका लागि सञ्चालन गर्नुपर्ने देखिन्छ । साँझ र बिहान हातमुख जोर्ने तथा आङ्ग ढाक्ने लुगा लगाउन मात्र अफ्ना आवश्यकता ठान्ने मुसहर केटाकेटीलाई विद्यालय पठाउनु पर्छ भन्ने कुरातर्फ खासै ख्याल नगरिएको पाइन्छ । आर्थिक विपन्नताका कारण स्कुल जाने उमेरका बालबालिकाहरूलाई आफूसँगै बालश्रम गर्न लगाउने गरेको पाइन्छ । यी यस्तै कारणहरूलेदलित परिवारका बालबालिकाहरू शिक्षाको पहुँचबाट निकै टाढा रहन बाध्य रहेका देखिन्छन् ।

सिंह (२०५२), ले गरेको अध्ययनको उद्देश्य दलित विद्यार्थीहरूको कक्षा छाड्नुको कारण पत्ता लगाउनु रहेको थियो । एक अध्यायको अध्ययन क्षेत्र तीनवटा जिल्ला, काठमाडौं, भक्तपुर र काभ्रे रहेका थिए । उक्त अनुसन्धान पूर्ण रूपमा स्थलगत सर्वेक्षण विधिमा आधारित रहेको छ । यस अध्ययनबाट प्राप्त निष्कर्ष यस अनुसार अध्ययन क्षेत्रका दलित विद्यार्थीहरूले कक्षा छोड्ने ८ वटा मुख्य कारणहरू पत्ता लगाएको छ । (क) परीक्षामा फेल हुनु (ख) अन्य स्कुलमा स्थानान्तरण हुनु, (ग) घरायसी काम (घ) बिरामी (ङ) घरदेखि विद्यालयबीचको दुरी (च) विवाह र अन्य (छ) पुस्तक किन्न नसक्नुज) विद्यालय शुल्क तिर्न नसक्नु । अध्ययन अनुसार यस क्षेत्रका विद्यार्थीहरूको कक्षा छोड्ने मुख्य कारण गरिबी हो । उक्त अध्ययनअनुसार प्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूमध्ये ६९.२ प्रतिशत विद्यार्थीहरूले बीचमै विद्यालय छोड्ने गरेको तथ्य अगाडि सारेका थिए । अध्ययन अनुसार तीनवटा जिल्ला मध्ये काठमाडौँमा ४६.७ प्रतिशत विद्यार्थीहरूले प्राथमिक तहमा भर्ना भएको पहिलो वर्षको अन्त्यसम्ममा कक्षा छोड्ने गरेको निष्कर्ष निकालिएको छ ।

विश्वकर्मा (२०५४), ले विद्यालय र उत्पिडित समुदाय विकासको निम्ति शिक्षा शीर्षकमा धार्मिक परम्पराले दलितहरूको शिक्षाको निम्ति बाधक तत्वहरू विषयमा स्थलगत सर्वेक्षण विधिबाट उनले आफ्नो शोधपत्रमा उल्लेख गरेका छन् । संस्कृति, साहित्य, प्रचलित सीपकला, संगीत र साहित्य विनाको मानिस पशु सरह हुन्छन् भन्ने मान्यताले

अर्थहिनतुल्याएर तुलसी दास र मनुले आफ्नो कृतिमा दलित तथा नारी वर्गलाई पशु समान व्याख्या गरेको, शिक्षा र अर्थ देखि यिनीहरूलाई सधैं टाढा राख्नु पर्ने कुरा उल्लेख गर्नु भएको छ । उक्त लेखमा अगाडि भनिएको छ, नेपाल अधिराज्यको संविधान २०४७ ले दलित समुदायप्रति सामानताको अवसर प्रदान गरे तापनि वास्तवमा लामो समयदेखि शैक्षिक, आर्थिक, सामाजिक, राजनैतिक रूपमा पछाडि परेका दलितहरूको समग्र विकासको अवस्था बारेमा जानकारी लिन राज्यले नै खोज अनुसन्धान गर्नुपर्छ । दलित समाजका व्यक्तिहरूकोवर्तमान आर्थिक तथा शैक्षिक अवस्था ज्यादै नाजुक रहेको देखिन्छ । कुल जनसंख्याको २० प्रतिशत भन्दा बढी रहेका दलितहरू ८० प्रतिशतदेखि ९० प्रतिशत गरीबीको रेखामुनी रहेका छन् । सम्पूर्ण दलितहरूको सङ्ख्यामा १० देखि १६ प्रतिशत मात्र साक्षर रहेका छन् । प्राथमिक तहमा दलितहरूको भर्नादर ४८ प्रतिशत मात्र छ । दलित महिलाको साक्षरता प्रतिशत ३.३ मात्र छ । ७५ प्रतिशत भन्दा बढी विद्यार्थीहरू प्राथमिक विद्यालयमा भर्ना भए तापनि बीचैमा विद्यालय छोड्ने गरेको बर्तमान अवस्थाको मूल कारण उनीहरूको आर्थिक स्थिति कमजोर हुनु रहेको छ । लेखकका अनुसार केटाकेटीहरू स्कुल नजानुका मुख्य कारणहरूमा उनीहरूलाई प्रेरणाको अभाव हुनु, सरकारी कार्यक्रममा दलितप्रति उदासिनता देखिनु जस्ता प्रमुख रहेका छन् । त्यसकारण दलित शिक्षाको विकासमा जोड दिन गरिबी निवारण, जातीय विभेदको अन्त्य, छात्रवृत्ति कार्यक्रमको बिस्तार,अभिभावकहरूलाई पुरस्कारको व्यवस्था गर्नुका साथै दलितहरूको जीवनी र जीवनको गौरवमय इतिहासलाई पाठ्यक्रममा समावेश गरिनु पर्दछ भन्ने निष्कर्ष प्रस्तुत गर्नुभएको छ ।

मरहट्ठा (२०६१), कुमाल बालबालिकाहरूको शैक्षिक स्थिति एवम् समस्याहरू शीर्षकमा सप्तरी जिल्लाको बसविही गा.वि.स. लाई अध्ययन क्षेत्रको रूपमा लिई कुमाल बालबालिकाहरूको शैक्षिक अवस्थाको सुधारका सम्बन्धमा उद्देश्य राखी स्थलगत सर्वेक्षण विधिबाट कुमाल जातिको शैक्षिक अवस्था ज्यादै न्युन हुनुमा गरिबी, समयको अभाव अशिक्षित अभिभावकहरू, अरूको काम गर्नुपर्ने बाध्यात्मक अवस्था, बालविवाह, छोरीलाई पराया धन सम्झि शिक्षा दिन आवश्यक नठान्ने, वार्षिक परीक्षामा असफल हुँदा आत्मग्लानी नहुनुजस्ता कारणले उनीहरूको शैक्षिक अवस्थामा प्रभाव पारेको निष्कर्ष निकालेको छ । कुमाल एक अल्पसंख्यक जनजाति हो । जसमा आर्थिक विपन्नता र सामाजिक पिछडापन विद्यमान छ । यिनीहरूमा शिक्षाको पहुँच बृद्धि गर्न जनचेतना बृद्धि एक प्रमुख साधनको रूपमा रहेको छ ।

कुमाल बालबालिकाहरूको शैक्षिक सहभागितामा देखिएका समस्याहरूमा कमजोर आर्थिक अवस्था, विद्यालय पोशाक, भर्ना शुल्क, किताबकापीको अभाव शिक्षाबाट तुरून्त फाइदा नपुग्नु, छिट्टै आर्थिक लाभप्राप्त हुने कामतिर आकर्षित हुनु, प्रत्येक दिन काम नगरी खान नपाउने अवस्था, शिक्षा क्षेत्रमा कम आकर्षित हुनु, घरायसी काममै व्यस्त रहनु, शिक्षा सम्बन्धी चेतनाको कमी हुनु, स्वभावले सोझा-साझा प्रवृत्तिका भएकाले उनीहरू शासनसत्तादेखि लिएर शिक्षाबाट समेत बन्चित भएको निष्कर्ष पाइएको छ ।

सुवेदी (२०६८), ले प्राथमिक शिक्षामा भुजेल बालबालिकाहरूको शैक्षिक सहभागिता शीर्षकमा भुजेल बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच तथा सहभागिता सम्बन्धी उद्देश्य राखी, भुजेल समुदाय तथा पिछडिएको समुदायका मानिसहरूको आर्थिक अवस्था कमजोर हुनुको प्रमुख कारण भनेको अशिक्षा हो र अशिक्षा हुनुको प्रमुख कारक तत्व भनेको नै छिटो विवाह, छोरीलाईशिक्षा दिनुहुँदैन भन्ने अभिभावक तथा समाजका अन्य व्यक्तिहरूको नकारात्मक धारणा, विद्यालय शिक्षासम्बन्धी भाषागत समस्या र विद्यार्थीहरूप्रतिको शिक्षकको व्यवहार जस्ता सामाजिक, साँस्कृतिक तत्व नै प्रमुख रहेको उल्लेख गरेका छन् । विद्यालयको वातावरण, उचित नहुनु, शिक्षण सिकाइ क्रियाकलाप विद्यार्थीको दैनिक जीवनसँग सम्बन्धित नहुनु, केटाकेटीहरू समूहमा समायोजन हुन समस्या पर्नु, बसाई सराई, गाउँका केटाकेटीहरूको कमजोर स्वास्थ्य र कुपोषणबाट पिडीत हुनु, ग्रामीण केटाकेटीको लागि विद्यालय समय उचित नहुनु, शिक्षाबाट तुरुन्तै फाइदा नपाउनु, श्रव्य- दृष्य र शैक्षिक सामग्रीहरूको कमि हुनु वा कुनै कुनै ठाउँमा त उपलब्ध नै नहुने जस्ता पक्षहरू पिछडिएका समुदायका बालबालिकाहरूले विद्यालय छोड्ने मुख्य तत्वहरू हुन कुराको निष्कर्ष निकालिएको छ ।

नेपाली (२०६१), ले अर्घाखाँची जिल्लाको जरपानि गा.वि.स. का विद्यालय तहका दलित रगैरदलित विद्यार्थीको सहभागिता शीर्षकमा गरेको उक्त अध्ययनमा प्राथमिक उमेर समूहका ७३ प्रतिशत बालबालिका विद्यालय जाने गरेको साथै गैर दलित विद्यार्थीको तुलनामा दलित विद्यार्थीको उपस्थिति निकै न्युन रहेको, विद्यालय जाने १५ प्रतिशत दलितले मात्र गृहकार्य गर्ने गरेको २० प्रतिशत बालबालिका कापी, किताब, बिना नै विद्यालयमा जाने गरेको कुरा उल्लेख गरिएको छ । यस अध्ययनमा दलित विद्यार्थीको सहभागिता सम्बन्धी समस्या अध्ययन गरेर हेर्दा गरिबीका कारणले पछाडी पर्नु प्रमुख रहेको छ । त्यस्तै शिक्षा आर्जन गर्दै गर्दा त्यसको प्रतिफल चाडै नपाउनाले उनीहरूमा निराशा उत्पन्न हुने देखिन्छ । अभिभावकहरूको जाँडरक्सी सेवन गर्ने अव्यवहारिक अर्थात् अपरिपक्व प्रवृत्तिको

प्रत्यक्ष असर बालबालिकाको शिक्षामा पर्नुका साथै हाम्रो समाजमा आजसम्म पनि विद्यमान रहेको परम्परागत रूढीवादी संस्कार हावी हुनु जस्ता रहेका छन् ।

यस अध्ययनबाट प्राप्त भएका समस्या समाधानका उपायहरूमा चेतनामूलक कार्यक्रम, दिवा खाजाको व्यवस्था, घरदैलो जागरण कार्यक्रम, दलित जातिका कार्यकर्ताको परिचालन आदि उल्लेख गरिएका छन् ।

राई (२०६३), ले जालपा गा.वि.स. का दलितहरूको शैक्षिक अवस्थाभन्ने एक शोध प्रतिवेदनमा प्राप्त निष्कर्ष अनुसार एक गा.वि.स. को कूल दलितको साक्षरता प्रतिशत ६५.६६ रहेको, त्यसै गरी अन्तर दलित जातिको अध्ययनमा परियार, कामी र सार्कीको साक्षरता प्रतिशत क्रमशः ७१,७३,७४ र ७५ रहेकोतथ्याङ्कउल्लेख छ । त्यसै गरी दलितहरूको उपस्थिति अत्यन्त न्यून रहेको निष्कर्ष निकालेका छन् । साथै दलित जातिको शिक्षामा पहुँच बढाउन, जि.सि. का तथा गा.वि.स. बाट विभिन्न प्रयास गरिए तापनि विद्यार्थीहरू शैक्षिक उपलब्धि प्राप्त गर्न नभई भर्नाको लागि मात्र भर्ना हुने र बीचैमा विद्यालय छोड्ने समस्या भएको उल्लेख गरिएको छ । साथै यस अध्ययनबाट प्रकाशमा आएका समस्याहरूका समाधानका लागि शैक्षिक विकास र विस्तारका निम्ति चेतामूलक कार्यक्रम सञ्चालन गर्ने । उक्त दलित समाजमा व्याप्त बेरोजगारी र गरिबलाई रोजगारीको व्यवस्था मिलाउने । साथै दलित बालबालिकाको लागि सहज, सरल र प्रभावकारी सिकाइको व्यवस्था गर्नुपर्ने तथा गरिबी निवारण कार्यक्रमलाई शसक्त रूपमा अगाडि बढाउनका लागि सही मार्गदर्शनका लागि घरदैलो कार्यक्रमको साथैसानै उमेरमा विवाह गरेर शिक्षा प्रदान गर्नबाट बञ्चित गराउने प्रवृत्तिको अन्त्य गर्नुपर्ने जस्ता विविध पक्षहरूको सुधारमा ध्यान दिनुपर्ने कुरालाई सुझावका रूपमा प्रस्तुत गरिएको छ ।

भट्ट (२०६०), ले बीचमै विद्यालय छोडेका बिद्यार्थीहरूको अवस्थाको विश्लेषण गरी सामाजिक सांस्कृतिक प्रभाव पत्ता लगाई समस्या समाधानका उपायहरू खोजि गर्ने प्रयास गरेको पाईन्छ । सामाजिक रूपले पिछडिएका जातिहरू, कृषि पेशामा संलग्न निम्न वर्गका किसानहरू, सदस्य सङ्ख्या धेरै भएको ठूला परिवारहरू र शिक्षाबाट विमुख परिवारका बालबालिका मध्ये कतिपयले प्राथमिक तह नै पूरा नगरी विद्यालय छोड्न बाध्य भएका छन् । नयाँ बिद्यार्थीलाई पहिलो पटक विद्यालयमा भर्ना गर्नु भन्दा बीचमै विद्यालय छोडेका बालबालिकाहरूलाई पुनः प्रवेश गराउने कार्य झन् कठिन हुन्छ । सामाजिक, सांस्कृतिक, भौगोलिक कारणले बीचमै विद्यालय छाड्नेदर न्यून गर्नका लागि आरक्षणको व्यवस्था,

लैङ्गिक विभेदको न्यूनिकरण, विद्यालय समयमा लचकता, विद्यालयको भौगोलिक दुरी, शैक्षिक वातावरणमा सुधार, जनचेतनाको अभिवृद्धि कार्यक्रम सञ्चालन, स्वास्थ्य परीक्षण तथा प्राथमिक उपचारको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

सामाजिक रूपले पिछडिएका जातिहरू, कृषि पेशामा संलग्न निम्न वर्गका किसानहरू, सदस्य सङ्ख्या धेरै भएका ठूला परिवारहरू र शिक्षाबाट विमुख परिवारका बालबालिकाहरूलाई प्राथमिक तहसम्म पुरा गराउन विद्यालय छोड्ने सङ्ख्यामा कमी गर्न विद्यार्थीको रूचि तथा चाहना अनुसार उनीहरूलाई विद्यालयमा हुने विभिन्न सामाजिक तथा सांस्कृतिक क्रियाकलापमा सहभागी गराई उनीहरूको मनोबल बृद्धि गराउनु पर्दछ भन्ने सुझाव प्रस्तुत गरेका छन् ।

शर्मा (२०५८), ले उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ (दलित समुदायसम्बन्धी परिवेश) मा शिक्षाको पहुँचमा औंल्याएका समस्याहरूमा शैक्षिक, सांस्कृतिक सम्पदाको अभाव देखिनु । जातीय छुवाछुत जस्तो सामाजिक कुसंस्कार को प्रत्यक्ष असर समाजमा पर्नु । त्यस्तै उक्त दलित समाजमा व्यापक रूपमा निरक्षरता र गरिबीव्याप्त हुनु । दलित समाजको उत्थानका निम्ति अग्रसर भएर अगाडि आउने लगुवा एवम् प्रेरक व्यक्तिको कमी रहेको छ । दलितहरूकोआफ्नो परपम्परागत सीपको अपहेलना जस्ता विशेष रूपमा रहेका छन् । जसको सही समाधान हुन वर्तमान समयको प्रमुख आवश्यकता रहेको देखिन्छ ।

यी र यस्ता समस्याहरूको सही समाधानको लागिप्रभावकारी एवम् सबैलाई मान्य हुने शैक्षिक वातावरणको निर्माण गर्ने । परम्परागत पाठ्यपुस्तकमा भएका अनावश्यक विषयवस्तु परिमार्जन गर्ने । विद्यालय शिक्षाको परिवर्तन ल्याउनका लागि साथै सामाजिक परिवर्तनका लागि विशेष प्रकारका तालिमहरूको व्यवस्था गर्ने । त्यस्तै दलितहरूको संरक्षण र सम्वर्धनका लागि विशेष आर्थिक व्यवस्था मिलाउने तथा सीपमूलक तालिमहरू सञ्चालन गर्ने जस्ता कार्यहरू गरेमा यस समाजमा उत्पन्न समस्याहरू समाधान हुने देखिन्छ ।

उल्लेखित अध्ययन अनुसन्धानका प्रतिवेदनहरूबाट के देखिन्छ भने अझैपनि शिक्षामा दलित जातिको सहभागिता ज्यादै न्यून रहेको र उनीहरूको उपलब्धि पनि अन्य जातिहरूको तुलनामा सन्तोषजनक छैन । सन्तोषजनक नहुनुका कारणहरू आर्थिक, सामाजिक, सांस्कृतिक संरचना, सामाजिक विकृति, निरक्षरता, भौगोलिक विकटता, जनचेतनाको कमी, परम्परागत पेशा र जीवनशैली तथा लैङ्गिक विभेद जस्ता कुराले शैक्षिक क्षेत्रमा प्रत्यक्ष

प्रभाव पारेको छ । यो अध्ययन अनुसन्धानलाई विश्लेषण गर्दा समग्र दलित समुदायलाई लिएर विभिन्न अध्ययन भए तापनि अन्तर जातिको बारेमा छुट्टाछुट्टै वा तुलनात्मक अध्ययन गरेको खासै पाइँदैनन् । विभिन्न दलित जातिको शिक्षामा उपलब्धि र पहुँचका सम्बन्धमा विभिन्न समय र स्थानमा विभिन्न अध्ययन अनुसन्धान भएतापनि ती अध्ययनले निश्चित ठाउँ र निश्चित समयमा निश्चित जनसङ्ख्यालाई केन्द्रविन्दू मानिएको हुन्छ । जसले सबै क्षेत्रका दलितहरूको स्थितिलाई समेट्न सक्दैन किनकी सम्पूर्ण दलित जातिको शैक्षिक अवस्था एकै प्रकारको हुँदैन् । दलित भित्र पनि कुन जातिका समस्या कस्ता कस्ता रहेका छन् भनेर खोजि गर्नु पनि एउटा आवश्यक विषय हो । यी कुरालाई मध्यनजर गर्दै यस अध्ययनमा बारा जिल्लाको माहागढीमाई नगरपालिका वडा नं. ५ र ११ भित्र रही चमार समुदायका बालबालिकाहरूको शैक्षिक अवस्था के कस्तो रहेको छ?, कति बालबालिका शिक्षाको पहुँचबाट टाढा रहेका छन् ? चमार समुदायभित्र के कस्ता समस्याहरू छन्? जसका कारणले उनीहरूको छोराछोरी भर्ना नहुने, छाड्ने र कक्षा दोहोऱ्याउने जस्ता शैक्षिक समस्याहरूका कारण पहिचान गरी समस्या समाधानका लागि के कस्ता उपायहरू उपयुक्त होलान् भन्ने बारेमा खोज गर्ने लक्ष्य यस अध्ययनको रहेको छ ।

## २.४ अध्ययनको सैद्धान्तिक ढाँचा

बालबालिकाहरूको भर्ना, कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने दुई महान शिक्षाविद्हरू पाउलो फेरे (१९६८) र कान्ट रावल (१९७२) को सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । सन् १९६८ मा पाउलो फेरेले सशक्तिकरण सिद्धान्तमा जोड दिँदै समाजलाई सशक्तिकरणबाट शिक्षित गरी अगाडि बढाउनुपर्छ भनेका छन् । उनका आफ्ना Pedagogy of the oppressed 1968 भन्ने पुस्तकमा तल्लो वर्गका दबिएकाहरूलाई सशक्तिकरण गर्दै साक्षर बनाउनुपर्ने कुरामा जोड दिएका छन् । उनका अनुसार समुदायका तल्लो तहका व्यक्तिहरूको परिवेश अनुसार शिक्षण गर्दै साक्षर बनाउनुपर्छ । जान्नेले नजान्ने माथि आफ्नो विचार लाद्ने प्रणाली र सिमान्त वर्गका लागि मात्र आधारित भएमा दैनिक जिवनमा समस्याको समाधान हक अधिकारहरू प्राप्त गर्न सकिँदैन । फेरेको साक्षरता पुर्नत्पादन विधि अनुसार शिक्षण सिकाई भनेको शिक्षकले बिद्यार्थीलाई शिक्षा हस्तान्तरण गर्ने होइन । समुदायका हरेक पक्ष र तहमा जनचेतना फैलाउने, सहभागिताहरूलाई साक्षर बन्न उत्प्रेरित गर्ने, सिकारु आफैले आफ्ना परिवेश अनुसारका पाठको छनोट गर्ने, समान हक, अधिकार खोज्ने र प्रयोग गर्न सिकाउने, विशेष गरेर, तल्लो वर्गको विकास भएमा सम्पूर्ण समुदायको

विकास हुने र शिक्षामा सबैको पहुँच पुग्ने धारणा व्यक्त गरेका छन् (गौतम तथा गौतम, २०५०) ।


त्यस्तै अर्का शिक्षाविद् कान्ट रावल (१९७२) ले न्यायको दुईवटा सिद्धान्त हुन्छ भनेर व्याख्या गरेका छन् । पहिलो सबैलाई बराबर किसिमबाट सामाजिक, आर्थिक स्रोत र साधन बाँडिनु पर्छ । स्वतन्त्रताको अधिकार, समानताको अधिकार आदि यस अन्तर्गत पर्दछन् । त्यस्तै जनकल्याणका लागि चालिएका कदमहरूविद्यालय, विश्वविद्यालय, अस्पताल, सडक, सार्वजनिक सेवा-सुविधा देशका सबै व्यक्तिले समान रूपले प्रयोग गर्न पाउने अधिकार हुन्छ तर पनि कतिपय व्यक्तिहरू ती सेवा सुविधाको प्रयोगबाट बन्चित नै हुन्छन् । जस्तो सबै समूहका बालबालिकाहरूमा विद्यालय शिक्षाको पहुँचमा आउँदैनन् । किन आउँदैनन? पहुँचमा ल्याउन तिनलाई कुन कुराको आवश्यकता छ ? कुन अवस्थामा तिनीहरूविद्यालय आउँछन् ? अर्थात् स्रोतको विवरण विशेष समूहमा पुग्नुपर्यो ।

त्यस्तै दोस्रो सिद्धान्तले समाजमा आर्थिक समानता नहुनुको कारण पत्ता लगाएर कुन समूहका लागि कस्तो स्रोतको आवश्यकता पर्छ सोही अनुरूपस्रोत उपलब्ध राष्ट्रले गराउनुपर्छ । सामाजिक न्यायका लागि सबैलाई वरावर किसिमबाट सामाजिक, आर्थिक स्रोत बाँडिनुपर्छ भन्ने होइन अर्थात, सामाजिक न्यायका लागि समानताले मात्र नपुग्ने र यसका लागि समता चाहिन्छ (ढकाल, २०६१) ।


यस प्रकार उल्लेखित सैद्धान्तिक साहित्य र अनुसन्धान कार्यलाई समीक्षा गर्दा आर्थिक, सामाजिक सांस्कृतिक संरचना, सहभागिता, सामाजिक विकृति, निरक्षरता, परम्परागत पेशा र जीवनशैली तथा लैङ्गिक विभेद जस्ता कुराले शैक्षिक क्षेत्रमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ ।

## २.५ अवधारणात्मक ढाँचा

यस अध्ययनमा चमारहरूको शैक्षिक अवस्था के कस्तो रहेको छ ?उनीहरूको शैक्षिक अवस्थालाई के के ले प्रभाव पारिरहेको छ ?र समाधान गर्ने उपायहरू के के हुन सक्छन् ? भन्ने कुरालाई निम्न अनुसार अवधारणात्मक ढाँचा तयार गरिएको छ ।



चमार सामुदायका बालबालिकाहरूको शैक्षिक उपलब्धिलाई विभिन्न अवस्थाले प्रभाव पारेको हुन्छ । ती अवस्थाहरूलाई तल प्रस्तुत गरिएको छ ।




## २.६ शैक्षिक उपादेयता

यस अध्ययनलाई पूर्णतादिन पूर्वकार्यहरूको समीक्षा, विभिन्न वैज्ञानिकहरूको सिद्धान्त तथा प्रवर्द्धनहरूलाई आधार मानी अगाडि बढाइएको छ । विशेष गरेर शैक्षिक क्षेत्रमा प्रयोग गरिएको खोज, अनुसन्धान र सिद्धान्तहरूले फरक फरक धारणा प्रस्तुत गरे तापनि तिनले आखिरमा शैक्षिक क्षेत्रमा भएका कमीकमजोरीहरू पत्ता लगाई शैक्षिक सुधारगर्नका लागि प्रोत्साहन गरिरहेको देखिन्छ। यस प्रकार विभिन्न विद्वान्हरूको अनुसन्धान एवम् रचनाले यस जातिको दयनीय जीवनस्तर, आयआर्जन, शैक्षिक अवस्था रहनसहन, लवाईखवाई, संस्कृति, परम्परा सम्बन्धी अध्ययन भएपनि विद्यालय शिक्षामा पहुँच तथा शैक्षिक उपलब्धिलाई छुट्टै अध्ययनको विषयवस्तु नबनाइएको परिप्रेक्ष्यमा उनीहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरूको पहिचान गर्न र विद्यालयमा बिद्यार्थीहरूको केकस्तो उपस्थिति छ सो कुरा पत्ता लगाउन आधार प्रदान गर्दछ । यस अध्ययनको प्रयासबाट चमार बिद्यार्थीमा उनीहरूले प्राप्त गर्ने शैक्षिक उपलब्धिमा देखा परेका शैक्षिक समस्याहरूको पहिचान गर्दै ती समस्या समाधानका उपायहरू पत्ता लगाउन सहयोग मिल्नेछ ।

चमार समुदायका केटाकेटीले विद्यालय छोड्ने कारणमा विद्यालयको वतावरण उचित नहुनु, शिक्षण सिकाई क्रियाकलाप जीवनसँग सम्बन्धित नहुनु, शिक्षाबाट फाइदा नपाउनु, ग्रामीण केटाकेटीका लागि विद्यालय समय उचित नहुनु, गाउँका केटाकेटीहरूकमजोर स्वास्थ्य र कुपोषणबाट पीडित हुनु, केटाकेटीलाई समूहमा समायोजन हुन समस्या पर्नुआदिजस्ता समस्याहरूको उपयुक्तनिराकरण खोजी समाधान गर्न सके शैक्षिक उपलब्धि सन्तोषजनक हुन सक्दछ । विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावकहरूलाई समुदायमाआफ्नो जिम्मेवारी वहन गर्न र विद्यालयको हरेक क्रियाकलापमा सम्पूर्ण पक्षलाई उत्तरदायी बनाउँदै लैजान यस अध्ययनलाई महत्वपूर्ण रूपमा लिन सकिन्छ ।

विभिन्न अध्ययन अनुसन्धानको आधारमा हेर्दा चमार समुदाय राष्ट्रद्वारा सञ्चालन गरिएका विविध कार्यक्रमहरूबाट आशा गरे अनुरूप अगाडि बढ्न सकेका छैन् । उनीहरू सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक आदि क्षेत्रमा पिछडिएको वर्तमान अवस्था छ । चमार जातिको शिक्षामा उपलब्धि र पहुँच सम्बन्धमा विभिन्न समय र स्थानमा विभिन्न अध्ययन अनुसन्धान भएतापनि ती अध्ययनहरूले निश्चित ठाउँ र निश्चित समयमा निश्चित जनसङ्ख्यालाई केन्द्रविन्दु मानी गरिएको हुन्छ । जसले सम्पूर्ण देशमा रहेको चमारहरूको शैक्षिक स्थितिलाई समेट्न सक्दैन । त्यसैले विद्यालय शिक्षामा चमार समुदायका बालबालिकाहरूको शिक्षामा पहुँच र शैक्षिक उपलब्धिको स्थिति पत्ता लगाउनुका साथै समस्या समाधानका उपायहरू पहिल्याई सुधारका लागि सुझावहरू सिफारिस प्रदान गर्न यस अध्ययनले सहयोग गर्नेछ ।

# अध्याय तीन
# अध्ययन विधि

यस अध्यायमा अनुसन्धान ढाँचा, अध्ययन क्षेत्र र नमुना छनोट, तथ्याङ्कका स्रोतहरू, तथ्याङ्क संकलनका साधनहरू, तथ्याङ्क संकलन प्रक्रिया तथा तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया समावेश गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

यस अध्ययनमा गुणात्मक तथा मात्रात्मक अनुसन्धान ढाँचा अवलम्बन गरिएको छ । प्रधानाध्यापक, शिक्षक, विद्यार्थी तथा अभिभावकबाट आएका तथ्याङ्कहरूलाई तालिकीकरण गरि प्रस्तुत गरिएको छ भने सामुहिक छलफल तथा अवलोकनबाट प्राप्त जानकारीहरूलाई व्याख्यात्मक रूपमा प्रस्तुत गरिएको छ ।

## ३.२ अध्ययन क्षेत्रको छनोट

यो अध्ययनको क्षेत्र बारा जिल्लाको माहागढीमाई नगरपालिकाको वडा नं ५ र ११ हो । अध्ययन क्षेत्रको छनोट अनुसन्धानकर्ताको पायक पर्ने, परिचित तथा सीमित स्रोत र साधनको दृष्टिकोणले सुविधाजनक नमुना छनोट विधिबाट स्वविवेकले गरिएको हो । यो क्षेत्रमा चमार समुदायको बसोबास रहेको र उनीहरूको विषयमा पर्याप्त अध्ययन अनुसन्धान नभएको हुँदा चमार समुदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच तथा शैक्षिक उपलब्धिको अवस्थालाई जनसमक्ष ल्याउनका लागि पनि यो क्षेत्र छनोट गरिएको हो ।

## ३.३ जनसङ्ख्याको छनोट

माहागढीमाई नगरपालिकाको वडा नं ५ मा ३० घरधुरी चमार समुदाय रहेको छ भने वडा नं. ११ मा २० घरधुरी चमार समदाय रहेको छ । यसरी वडा नं. ५ र ११ का चमार समुदायको सम्पूर्ण घरधुरी नै यस अध्ययनको जनसङ्ख्या रहेको छ ।

## ३.४ तथ्याङ्कको स्रोत

यस अध्ययनमा मुख्यतः प्राथमिक र केहि द्वितीयक स्रोतबाट तथ्याङ्क संकलन गरिएको छ ।

### ३.४.१ प्राथमिक तथ्याङ्क

प्राथमिक तथ्याङ्क यस अध्ययनको प्रमुख आधार रहेको छ । प्रश्नावलीको सहायताबाट प्राथमिक तथ्याङ्क संकलन गरिएको छ भने स्थानीय बुद्धिजिवि, सामाजिक अगुवा, राजनीतिक दलका प्रतिनिधिहरू तथा अन्य समुदायका मानिसहरूसँग पनि अन्तर्वार्ता तथा छलफलका माध्यमबाट सूचना संकलन गरिएको छ । बालबालिकासँग सम्बन्धीत कतिपय सूचनाहरूसङ्ख्यात्मक रूपमा उपलब्ध नहुने हुँदा त्यस्ता सूचनालाई संकलन गर्नका लागि शोधकर्ताद्वारा प्रधानाध्यापक तथा कक्षा शिक्षकसँग समेत छलफल तथा अन्तरक्रिया गरिएको छ। विद्यालयको भौतिक पूर्वाधार, कक्षामा बिद्यार्थीहरूको उपस्थिति, विगत पाँच वर्षकोविद्यालयको हाजिरी कपी लगायत आवश्यक कुराहरू अवलोकन गरी प्राथमिक सूचनाहरू संकलन गरिएको छ ।

### ३.४.२ द्वितीयक तथ्याङ्क

द्वितीयक तथ्याङ्कको स्रोतको रूपमा प्रकाशित तथा अप्रकाशित पुस्तक, लेखरचनाहरू, शोधपत्र, अनुसन्धान प्रतिवेदनको प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलनका साधनहरू

चमार जातिका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच विषयक यस अध्ययनका लागि आवश्यक तथ्याङ्क एवम् सूचनाको संकलनको प्रमुख आधारहरू प्रश्नावली विद्यालय अवलोकन, अन्तर्वार्ता, अन्तरक्रिया, समूहछलफलमा मूलरूपमा जोड दिइएको थियो । प्र.अ.,शिक्षक, बिद्यार्थी तथा अभिभावकहरूका लागि अलग- अलग प्रश्नावली तयार पारिएको थियो । प्रश्नावली खुल्ला तथा बन्ददुबै प्रकृतिको रहेको थियो । त्यसै गरि अन्तर्वार्ता तथा अन्तरक्रिया र सामुहिक छलफल विधि अन्तर्गततथ्याङ्क संकलनका लागि सम्बन्धित व्यक्तिहरूलाई भेला गरीसूचना संकलन गरिएको थियो । अवलोकन विधिद्वारा चमार समुदाय रहेको बस्तीमा गई स्थलगतसूचना तथा तथ्याङ्क संकलन गरिएको थियो । यसरी संकलन गरिएको सूचनाको आधारमा चमार समुदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच तथा शैक्षिक उपलब्धिको अवस्था बारे विश्लेषण गरिएको छ ।

<table>
<tr><th rowspan="2">उद्देश्य</th><th rowspan="2">साधनहरू</th><th colspan="5">उत्तरदाता</th></tr>
<tr><th>वि.व्य.स अध्यक्ष</th><th>प्र.अ.</th><th>शिक्षक</th><th>बिद्यार्थी</th><th>अभिभावक</th></tr>
<tr><td rowspan="3">१. चमार समुदायका बालबालिकाहरूको विद्यालय भर्नाको अवस्था पत्ता लगाउने</td><td>अन्तर्वार्ता</td><td>|</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>प्रश्नावली</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>दस्तावेज अध्ययन</td><td colspan="5">विद्यालय तथ्याङ्क फारम</td></tr>
<tr><td rowspan="3">२. विद्यालयमा नियमितता र शैक्षिक उपलब्धिको लेखाजोखा गर्ने र</td><td>अन्तर्वार्ता</td><td>|</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>प्रश्नावली</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>दस्तावेज अध्ययन</td><td colspan="5">विद्यालय तथ्याङ्क फारम</td></tr>
<tr><td rowspan="3">३. चमार समुदायका बालबालिकाहरूको विद्यालयमा पहुँचको अवस्था विश्लेषण गर्न</td><td>अन्तर्वार्ता</td><td>|</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>प्रश्नावली</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>दस्तावेज अध्ययन</td><td colspan="5">विद्यालय तथ्याङ्क फारम</td></tr>
</table>

### ३.५.१ अन्तर्वार्ता

शोधकर्ताले उत्तरदातासामु सम्बन्धित विषयमा आधारित रहेर स्वतन्त्र रूपमा अन्तर्वार्ताद्वारा आवश्यक सूचना जानकारी प्राप्त गर्नका लागि अन्तर्वार्ता फारम निर्माण गरिएको छ । अभिभावकहरूसँग उनीहरूको घरको पारिवारिक स्थिति तथा घर र विद्यालयको शैक्षिक वातावरणसँग सम्बन्धित रहेर जानकारी लिइएको छ । त्यसरी नै बिद्यार्थीहरूसँग सम्बन्धित उनीहरूको घरको पारिवारिक स्थिति तथा घर र विद्यालयको शैक्षिक वातावरण आदिका बारेमा जानकारी लिइएको छ ।

### ३.५.२ प्रश्नावली

प्रश्नावलीको प्रयोग गरी कक्षा शिक्षक र प्रधानाध्यापकसँग आवश्यक जानकारी लिनका लागि निर्माण गरिएको थियो । कक्षा शिक्षक र प्रधानाध्यापकसँग चमार बिद्यार्थीले गृहकार्य गर्ने नगर्ने, कक्षामा सहभागी हुने, शैक्षिक सामाग्री लिएर आउने, विद्यालयले उपलब्ध गराउने सुविधा, भौतिक सुविधाको उपलब्धता, कक्षाको क्रियाकलापमा देखाउने

व्यवहार, शैक्षिक क्रियाकलापमा चमार बिद्यार्थीको सहभागिता तथा चमार र अन्य जातिका बिद्यार्थी बीचको शिक्षण क्रियाकलापमा समानता वा असमानता रबिद्यार्थीहरूबीचको व्यवहारका बारेमा जानकारी लिइएको थियो ।

### ३.५.३ अवलोकन

यस अध्ययनका लागि चमार समुदायको क्षेत्रगत प्रत्यक्ष अवलोकन अध्ययनकर्ता आफैले कक्षामा सहभागी भएर बिद्यार्थीहरूलाई प्रश्न गर्न, अन्तरक्रियामा भाग लिने, शिक्षकले प्रयोग गर्ने भाषा, कक्षा कार्य गर्ने वा नगर्ने, बिद्यार्थीलाई शिक्षकले गर्ने व्यवहार, सामाजिक परिवेश, साथीभाई सम्बन्ध शिक्षकसँग घुलमिल, आदि जस्ता कुराहरूको प्रत्यक्ष अवलोकन गरिनुका साथै प्रश्नावलीको माध्यमबाट प्राप्त हुन नसकेका तथ्यका लागि अवलोकनद्वारा तथ्य संकलन गरिएको थियो ।

### ३.५.४ लक्षित समूह छलफल

प्रस्तुत अध्ययनका लागि अध्ययन क्षेत्रका चमार समुदायका अगुवा कार्यकर्ता, स्थानीय, वुद्धिजिवी, बिद्यार्थीका अभिभावक, शिक्षक, प्र.अ., वि.व्य.स.सँग सम्बन्धित विषयहरूमा सूचनाहरूको संकलनको लागि छलफल विधि अपनाई तथ्याङ्कहरू संकलन गरिएको थियो ।

### ३.५.५ अभिलेख अध्ययन

बिद्यार्थीहरूको भर्ना, उपस्थिति, छात्र-छात्राहरूको सङ्ख्या तथा उनीहरूको कक्षा सहभागिता सम्बन्धी विवरण संकलन गर्न विभिन्न तथ्याङ्क तथा अभिलेखहरूको अध्ययन गरिएको छ ।

## ३.६ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययन कार्यका निमित्त प्राथमिक र द्वितीयक दुई प्रकारका स्रोतहरूबाट तथ्याङ्क संकलन गरिएको छ । प्राथमिक तथ्याङ्क संकलन गर्न निम्न प्रक्रिया अपनाइएको थियो । शोधकर्ता अध्ययन क्षेत्र वारा जिल्लाकोमाहागढीमाई नगरपालिकाको वडा नं ५ र ११ मा पुगी त्यहाँ बसोबास गर्दै आइरहेका चमार समुदायका बालबालिका, अभिभावक तथा विद्यालयका प्रधानाध्यापक एवं शिक्षक, वि.व्य.स., स्थानीय वुद्धिजिबीहरूसँग अन्तर्वार्ता,

प्रश्नावली (घरधुरी सर्वेक्षण), छलफल गरी तथ्याङ्क संकलन गरिएको थियो । त्यसैगरी विविध पक्षहरू बारे सोधखोज गर्दै प्रत्यक्ष अवलाकेन गरी टिपोट गरिएको थियो । विशेष गरी बिद्यार्थीको कक्षाकोठामा उपस्थिति, कक्षाकोठाको व्यवस्थापन, बिद्यार्थीको बसाईव्यवस्थापन, कालोपाटी खेलमैदान, गृहकार्य, कक्षाकार्य तथा अतिरिक्त क्रियाकलापमा बिद्यार्थीको सहभागिता, सक्रियता आदिको अवलोकन गरिएको थियो । बिद्यार्थी नियमितताको विषयमा केन्द्रित रही अभिभावकहरूसँग छलफल गरिएको थियो । कक्षामा बिद्यार्थीहरूको उपस्थिति, विगत पाँच बर्षको छनौटमा परेको कक्षाको हाजिरी कपि लगायत, विद्यालयमा अभिलेखिकरण गरिएका दस्तावेजहरूविद्यालयका शिक्षकहरूको सहयोगमा अध्ययनकर्ता आफैले अध्ययन गरी अवाश्यक तथ्याङ्कहरू संकलन गरिएको थियो । द्वितीयक तथ्याङ्कका रूपमा आवश्यक सूचनाहरू शोधमूलक लेख रचनाहरूबाट सूचना संकलन गरिएको छ ।

## ३.७ तथ्याङ्कको व्याख्या र विश्लेषण

यस अध्ययन कार्यको शिलशिलामा सम्बन्धित विद्यालयका प्र.अ. बिद्यार्थी, अभिभावक आदिसँग अन्तक्रिया गरिएको छ । जसमाप्रश्नावलीको प्रणालीको प्रयोगगरिएकोछ । उक्त अन्तर्वार्ताबाट प्राप्तविद्यालयको अभिलेख वा इतिहासबारे संकलित तथ्याङ्कहरूलाई शीर्षक अनुसार मिलाएर तालिकीकरण गरिएको छ । यसरी तालिकीकरण गर्दा विभिन्न पक्षलाई अलग अगल शीर्षकमा छुट्टाइएको छ । उक्त संकलित तथ्याङ्कलाई प्रतिशत र औसत निकाली वृत्तचित्र तथा स्तम्भ चित्रमा समेत प्रस्तुत गरिएको छ । यसरी प्राप्त तथ्याङ्कको प्रस्तुतीकरण तथा विश्लेषण गरी निष्कर्ष र आवश्यक सुझावहरू प्रस्तुत गरिएको छ ।

# अध्याय चार

# अध्ययन क्षेत्रको परिचय

चुरे पहाड देखि दक्षिणपट्टी गंगाको समथर मैदानको उत्तर क्षेत्रमा अवस्थित समथर भु-भाग नै नेपालको तराईप्रदेश हो । यो भावर प्रदेशको दक्षिणी भागमा समुन्द्र सतहबाट ५९ मिटर देखि ६०० मिटरसम्मको उचाईमा रहेको छ । यसको उत्तर दक्षिण फैलाबाट २५ देखि ३० किलोमिटरसम्म रहेको छ । यस प्रदेशले नेपालको कुल क्षेत्रफलको १७% कूल भाग ओगटेको, कुल जनसङ्ख्याको ५०.२७% (१,३३,१८,७०५) मानिसहरूबसोबास गर्दछन् । जसमा महिलाको सङ्ख्या ६७,७२,३२३ छ भने पूरुषको सङ्ख्या ६५,४६,३८२ रहेको छ । जनघनत्व प्रति वर्ग कि.मि. ३९२ रहेको यस प्रदेशमा नेपालको २१ जिल्लाहरू पर्दछन् । यस प्रदेशमा औसत परिवारको आकार ५.२७ रहेको छ भने लैङ्गिक अनुपात, प्रतिसय महिलामा पुरुषको संख्या ९६.६६ रहेकोछ । यो प्रदेशको बार्षिक जनसङ्ख्या वृद्धिदर १.७२% रहेको छ । यस प्रदेशमा ५ वर्ष वा सो भन्दा माथिल्लो उमेरका साक्षर जनसङ्ख्या ६५.९४ प्रतिशत रहेकोमा महिला साक्षर ५७.९४ पुरुष साक्षर ७५.१४ रहको छन् (के.त.वि., २०६८) ।

## ४.१ जिल्लाको परिचय तथा नामाकरण

मिथिला गणराज्यको उत्कर्ष देखि अवसान सम्मको त्यसको पश्चिमी सिमा क्षेत्रको सुरक्षा प्रशासनको सञ्चालन वारागढी वनदुर्गबाट हुनेगरेको प्रमाणपाइन्छ । १२ वटा दुर्गहरूको माझमा रहेको दुर्गलाई बारहगढी नामाकरण गरिएको इतिहासकारहरू बताउँछन् । ती १२ वटा गढीहरू, निजगढ, तामागढी, वरियापुर गढी, पर्सा गढी, बरैनीयागढी, सिम्रौनगढ भारत विहारमा रहेको रमगढी (रमगढवा), बुढगाई बेनौली, नवलपुर गढी, जितपुरगढी र अलउ समेतका गढीहरूको माझमा रहेको वारा वनदुर्गलाई जमुनी र तीयरको माझको अग्लो भू-भागमा आज पनि देखिने ढिस्कोले प्रमाणित गरेको छ । यस जिल्लाको उत्तर पूर्वी भागमा कुनै जमानामा गढी गौडा (बारा गढीमाई) गोश्वाराको रूपमा रहेको बारागढी भन्ने स्थानको नामबाट 'बारा' रहन गएको पाइन्छ (जि.वि.स. वारा, २०६३) ।

नेपाल राज्यलाई प्रशासनिक दृष्टिकोणबाट पाँच विकास क्षेत्रमाविभाजन गरे बमोजिम मध्यमान्चल विकास क्षेत्रमा पर्ने ३ वटा अञ्चलमध्ये नारायणी अञ्चलका ५ वटा जिल्लाहरूमध्ये दक्षिणी भेगमा बारा जिल्ला अवस्थित रहेको छ । हाल संघिय संरचनामा यो


जिल्ला दुई नम्बर प्रदशेमा रहेको छ । यस जिल्लाको सदरमुकाम कलैया हो । एशियामा सबै भन्दा बढी बली दिने गढीमाई मेलाले यो जिल्लाको शोभा बढाएको छ ।

बारा जिल्ला माछापालनको लागि नेपालकै प्रसिद्ध ठाउँको रूपमा चिनिन्छ । वोधवनमाछा गाउँ, बढी पोखरीभएको गाउँ यस जिल्लामा नै पर्दछन् । निजगढ द्रुत राजमार्ग, नेपालको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणाधिन अवस्थामा रहेको छ (जि.वि.स. बारा) ।

## ४.२ भौगोलिक अवस्था

वारा जिल्ला समुद्र सतहबाट ८८ मिटर देखि ९१५ मिटरको उचाईमा अवस्थित रहेको छ । यो जिल्ला ११९० वर्ग कि.मि. (१,२९,५६३ हेक्टर) मा फैलिएको छ । नेपाल अधिराज्यको मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत नारायणी अञ्चलको ५ जिल्ला तथा संघिय संरचनाको दुई नम्बर प्रदशेमा २६$^{\circ}$५१' देखि २६$^{\circ}$२' उत्तरसम्म उत्तर अक्षांस र ८४$^{\circ}$५१' देखि ८५$^{\circ}$१६' पूर्व देशान्तर सम्म फैलिएको यस बारा जिल्लाको पूर्वमा रौतहट, पश्चिममा पर्सा, उत्तरमा मकवानपुर र दक्षिणमा भारतको विहार राज्यको पूर्वी चम्पारण जिल्लापर्दछ । प्रशासनिक दृष्टिले यस जिल्लालाई ६ संसदीय निर्वाचन क्षेत्रमा र १५ इलाका, २ उपमहानगरपालिका ४ नगरपालिका र ९ गाउँपालिकामा विभाजन गरिएको छ ।

वारा जिल्ला नेपालको कुल भू-भागको ०.८१% तराई प्रदेशको ३.५०% मध्यमाञ्चल विकास क्षेत्रको ४.३४ मध्यतराई क्षेत्रको १२.७६% र नारायणी अञ्चलको १४.३१% भु-भाग ओगटेको छ । नेपालको ७७ वटा जिल्लाको जिल्लागत क्षेत्रफलको आधारमा बारा जिल्ला ६१ औं स्थानमा पर्छ भने जनसङ्ख्या, घरपरिवार सङ्ख्या र जनघनत्वको हिसाबले बारा जिल्ला क्रमशः १२ औं, १५औं र ११ औं स्थानमा पर्दछ (जि.वि.स., २०७३) ।




## धरातलीय स्वरूप

साधारणतया भिरालोपन उत्तरबाट दक्षिणतर्फ घट्दै गएको छ । भिरालोपन शुन्य डिग्री देखि २० डिग्री सम्म रहेको छ । बारा जिल्लाको धरातलीय फैलावट नेपालको सबभन्दा दक्षिण समथर भू-भाग देखि चुरे पर्वत शृङ्खलाको दक्षिणी भाग उत्तर सम्म भएकोले धरातलीय स्वरूपमा निकै विविधता रहेको पाइन्छ । समुद्र सतहदेखि करिब ८८ मि. देखि ९१५ मिटर सम्मको उचाई पाइने जिल्लाको धरातलीय स्वरूपमा उचाईगत प्रभाव पनि परेको पाइन्छ । यहाँ घना जङ्गली क्षेत्र प्रशस्त छ भने न्यून उचाईका कारण प्रचण्ड गर्मी पनि हुन्छ । यस जिल्लाको अधिकांश भू-बनोट उत्तरबाट दक्षिणतर्फ केही होचो हुँदै गएको छ ।

## माटोको बनोट

माटोको बनोटको हिसाबले यस जिल्लाको उत्तरी भू-भागमा Sandstone, Silitstone, Shale, Conglimerate चट्टान पाइने हुनाले यहाँको माटो बालुवा तथा ग्रेगर मिसिएको छ । यस क्षेत्रमा उत्पादकत्व निकै कम छ । जिल्लाको मध्य र दक्षिण तराई

क्षेत्रमा नदीहरूले बगाई ल्याएको उर्भर, मलिन दोमट माटो पाइन्छ । यहाँको उत्पादकत्व जिल्लाको उत्तरी भेगभन्दा निकै बढी छ ।

**बनजङ्गल**

वारा जिल्लाको कुल क्षेत्रफल १,२९,५६४ हेक्टर रहेको छ । जसमध्ये ४७,१८२ हेक्टर वन क्षेत्रले ओगटेको छ अर्थात् कुल भु-भागको ३६.४१ प्रतिशत रहेको छ । झाडीदार क्षेत्र १,९८४ हेक्टर १.५३ प्रतिशत रहेको छ भने चरन क्षेत्र १,३६४ हेक्टर अर्थात् १.०५ प्रतिशत रहेको छ । कुल वनजङ्गल मध्ये ३५३१ हेक्टर पर्सा वन्यजन्तु आरक्षण अन्तर्गत पर्दछ । यस जिल्लाभित्र रहेको अधिकांश बनलाई सामुदायिक बन बनाइएको छ । यस जिल्लामा निजीवनको क्षेत्रफल (८६.९० हेक्टर) छ र १२१ निजी वन धनी रहेका छन् । साझेदारी बन ६,७७८.६५ हेक्टर रहेको छ भने ३ वटा साझेदारी वन मात्र यस जिल्लामा रहेको देखिन्छ । सामुदायिक वनको सङ्ख्या ३९ वटा रहेको छ । यस वारा जिल्लाको समथर भू-भागको तराई वन देखि उत्तरको पहाडी भू-भागको मकवानपुर जिल्लाको सिमाना सम्म फैलिएको चुरे क्षेत्रको वनलाई चुरे वन भनिन्छ । जसको क्षेत्रफल करिब १४,७५१.७ हेक्टर रहेको छ । यो जिल्लाको वन घना रहेको छ । चारकोशे झाडी, वुट्यान बनस्पति रहेको पाइन्छ । यस क्षेत्रमा तापक्रम र बर्षा प्रसस्त हुने हुँदा रुखहरू अग्ला, मोटा पाईन्छ । यहाँका जंगलमा साल, सिसौं, खयर आदि कडा जातका रुखहरू पाइछन् । यहाँका बनमा बाघ, भालु, हात्ती, गैंडा जस्ता वन्यजन्तु अनगिन्ती पन्छीहरू, लाखौंको सङ्ख्यामा किराफट्याङ्ग्रा र जडीबुटी तथा विभिन्न जातका चराचुरुङ्गीहरू सोंस, गोही, अजिंगर, विसालु सर्पहरू पाइन्छन् । यो जिल्लामा १९१० हेक्टर बन अतिक्रमण भएको छ अतिक्रमण स्थान ५५ वटा रहेको छ भने यस जिल्लामा १५ वटा रेन्जपोष्ट रहेका छन् ।

**जलवायु**

वारा जिल्लमा उष्ण खालको जलवायु पाइन्छ ।गर्मीमा अतिगर्मी र जाडोमा चिसो बढी हुन्छ । यो जिल्ला विगत केही बर्षदेखि पुस र माघ महिनामा बाक्लो हुस्सु लाग्दै आइरहेको छ । शीतलहरको समयमा अत्याधिक चिसोका कारण मानिसहरूको जीवन कष्टकर हुन्छ । यो जिल्लाको औसत तापक्रम अधिकतम ३१.३$^{\circ}$ सेल्सीयस, न्यूनतम १८$^{\circ}$ सेल्सीयस छ । बर्षा ऋतुमा हिन्द महासागरको वंगालको खाडीबाट आउने मनुसुनी हावाबाट यस जिल्लामा १७६.६ मि.मि. औसत बर्षा हुन्छ । सापेक्षित आद्रता औसत ५२ देखि ९३ प्रतिशत सम्म रहेको पाइन्छ ।

## ४.३ शैक्षिक एवम्जनसांख्यिक अवस्था

राष्ट्रिय जनगणना २०६८ अनुसार यस जिल्लाको कुल जनसङ्ख्या ६,८६,७०८ रहेको छ । जसमा ३,३६,४६४ महिला र ३,५१,२४४ पुरुष रहेका छन् । यस जिल्लामा १०८६३५ घरधुरीहरू र औषतपरिवार सङ्ख्या ६.३३ प्रतिशत प्रति धुरी रहेका छन् । लैङ्गिक अनुपात प्रतिसय महिलामा पुरुषको सङ्ख्या१०४.३९ रहेको छ । यस जिल्लाको बार्षिक जनसङ्ख्या वृद्धिदर २.०७ रहेको छ । यस जिल्लाको जनघनत्व प्रति वर्ग कि.मि. ५७८ रहेको छ । वारा जिल्लाको ५ वर्ष वा सो भन्दा माथिल्लो उमेरका साक्षर जनसङ्ख्या ५१.९६ प्रतिशत रहेको छ। जसमा ४०.६७महिला र ६२.७५% पुरुष रहेका छन् (के.त.वि., २०६८) ।

### शैक्षिक अवस्था

यस जिल्लाको शिक्षाको अवस्थालाई हेर्दा प्रा.वि. ४३६, नि.मा.वि. १४९, मा.वि. ११२ र उच्च मा.वि. ५० रहेका छन् । सामदुायिक प्राथमिक विद्यालयमा बिद्यार्थी सङ्ख्या जम्मा १,५७,८३६ छात्र, ७७,७८१ छात्रा, ८०,०५५ जसमा दलित बिद्यार्थीको जम्मा सङ्ख्या ३०,३०८ जसमा छात्र १५,०८५ र छात्रा १५,२२३ रहेका छन् । नि.मा.वि. मा जम्मा बिद्यार्थी ३५,०४२ जसमध्ये छात्र १७,३८९ र छात्रा १७,६५३, मा.वि.मा जम्मा बिद्यार्थी ११,३८२ जसमध्ये छात्र ५,७८४ र छात्रा ५,५९९, उच्च मा.वि.मा जम्मा ३,९४६ जसमध्ये छात्र १,९३४ र छात्रा २,०१३ कुल भर्नादर प्रा.वि., नि.मा.वि., मा.वि. र उच्च मा.वि.मा क्रमश, १३१.८, ९६.२,४३.६ र १७.४ रहेको छ । भने खुद भर्नादर क्रमशः ९७, ८६.४, ५८.७ र ५.१ रहेका छन् । दलित बिद्यार्थीको सङ्ख्या नि.मा.वि. मा जम्मा ४,६४६ जसमध्ये छात्र २,४३९ र छात्रा २,२०७ रहेका छन् भने मा.बि.मा १६०७ जसमा छात्र ८८५ र छात्रा ७२२ रहेका छन् । उच्च मा.बि. ५१३ जसमध्ये २८७ छात्र र २२७ छात्रा रहेका छन् । प्रा.बि.मा. बिद्यार्थीको कक्षा उन्नोतीदर ८८.५, जसमा छात्र ८८.६ र छात्रा ८८.४ रहेका छन् भने नि.मा.वि.मा ९०.५ जसमा ८९.७ छात्र र ९१ छात्रा, मा.बि.मा ९१.९ जसमा छात्र ९२.५ र छात्रा ९१.३ रहेका छन् । कक्षा दोहोऱ्याउने प्रा.बि.मा ७.९ जसमा छात्र ७.६ र छात्रा ८.२ रहेका छन. । नि.मा.वि. ३.५ जसमध्ये छात्र ३.७ र छात्रा ३.३, मा.वि. २.८ जसमा छात्र २.९ र २.९ छात्रा रहेका छन् । बीचमा कक्षा छाड्ने प्रा.वि.मा ३.६ जसमा छात्र ३.८ र छात्रा ३.४, नि.मा.वि. ६.२ जसमा छात्र ७.७ र छात्रा ५.८, मा.वि. ५.३ जसमा छात्र ४.७ र छात्रा ७.० रहेका छन् (जि.शि.का. बारा, २०७४) ।

## ४.४ प्रमुख नदी, खोला तथा तालहरू

**नदीहरू**

अरूवा, लालवकैया, पसाह, जमुनी, तियर, दुधौरा, वंगरी, थल्ही आदि । ४०९२ हेक्टर जमिन नदी, नाला आदि पर्दछ ।

**साना खोलाहरू**

काँट खोला, टेन्ग्रहरू, सिर्सीया, घुटियानाला, कोरिया नाला, सिलर्पेट नाला, बिजोरीखोला, सिंगहा नाला, भेडहा नाला आदि यस जिल्लामा पर्दछ ।

**प्रमुख तालहरू**

हलखोरिया दह, भरोखर पोखरी, शिव सरोबर, कामिनी ताल, गढीगंगा पोखरी जस्ता तालहरू यस जिल्लामा पर्दछन् ।

## ४.५ सामाजिक आर्थिक अवस्था

**जातजाति**

नेपाल बहुजाति देश भए भैं वारा जिल्लामा पनि विभिन्न जातजातिहरू रहेका छन् । यस जिल्लामा ८० थरका जातजातिहरूरहेका छन् । यस जिल्लामा चमार जातिको जनसङ्ख्या ३०,१७० रहेको छ । जसमा पुरूष १५,४४९ र महिला १४,७२१ रहेका छन् । अन्य दलित जातिहरू दुसाद ३.०४ प्रतिशत, मुसहर १.४० प्रतिशत, धोवी १.१८३ प्रतिशत, तेली ४.१२ प्रतिशत, तात्मा ०.९२ प्रतिशत, मलाह २.४१ प्रतिशत, कुर्मी ३.०९ प्रतिशत, धानुक २.८९ प्रतिशत, कुमाल १.४० प्रतिशत रहेका छन् । यस जिल्लामा ब्राह्मण, भूमिहार, राजपुत, कायस्थ, यादव, थारु, मुस्लीम, कानु, कोइरी, कलवार, तेली आदि जातजातिहरूको बसोबास रहेकोमा मुस्लीम, यादव, थारु र ब्राह्मण जातिको बाहुल्यता रहेको पाइन्छ (के.त.वि., २०६८) ।

**भाषा**

नेपाल बहुभाषिक देश भए भैं बारा जिल्लामा पनि विभिन्न भाषाभाषीका मानिसहरूको बसोबास रहेको पाइन्छ । यस जिल्लामा विभिन्न जातजातिका मानिसहरू बसोबास गरेपनि कुनै कुनै जातिले मात्र जातिगत आधारमा मातृभाषाको प्रयोग गरेको पाईन्छ । यस जिल्लाका अधिकांश व्यक्तिहरूले भोजपुरी भाषा बोल्दछन् भने लेखन र लेख्य

भाषा नेपाली हो । यस जिल्लामा ७२ प्रतिशत, भोजपुरी भाषा ९.६६ प्रतिशत, नेपाली भाषा, ७.५० थारू भाषा, ३.८१ मैथली भाषा बोल्ने गरेको पाईन्छ । ३१ वटा भाषाहरू व्यवहारमा रहेको देखियो ।

### धर्म संस्कृति

नेपाल बहुधार्मिक देश भए झैं बारा जिल्लामा पनि विभिन्न धर्म मान्ने मानिसहरूको बसोबास रहेको पाइन्छ । यस जिल्लामा ६ थरीका धर्मावलमीहरूको बसोबास रहेको छ । यस जिल्लामा हिन्दु धर्म मान्नेको सङ्ख्या धेरै रहेको पाइन्छ । यहाँ ८१ प्रतिशतले हिन्दु धर्म १३ प्रतिशतले मुस्लीम धर्म, ४ प्रतिशतले बौद्ध धर्म मान्ने गरेको पाइन्छ । यस जिल्लाका अधिकांश मानिसहरू हिन्दु धर्म मान्ने गर्दछन् त्यसैले दशैं, तिहार, छठ, जनैपूर्णिमा, माघे संक्रान्ति, साउने संक्रान्ति, चैतेदशैं, शिवरात्री, होली, श्रीपन्चमी, रामनवमी, कृष्णजन्माष्टमी, विवाह पञ्चमी, एकादशिको ब्रत आदि पर्वलाई प्रमुख पर्वको रूपमा मनाउँछन् ।

### भेषभुषा

भौगोलिक हिसाबले नेपालको तराई प्रदेशमा संघीय संरचना अन्तर्गत क्षेत्र नं. २ मा बारा जिल्ला रहेको छ । यस जिल्लाको हावापानी उष्ण खालको भएकाले गर्मीमा अति गर्मी र जाडोमा चिसो हुन्छ । जसका कारणले गर्दा यहाँका बासिन्दाहरू धोती, गन्जी, धोती-कुर्ता, कमीज नै लगाउँछन् । केहीले फुल पेन्ट शर्ट, कमीज र केहीले लुंगी-कुर्ता र केहिले काहीँ मात्र दौरा सुरुवाल लगाउँछन् । अविवाहित महिला प्रायः कुर्ता, सुरवाल लगाउँछन् भने विवाहितले सारीचोलो आदि कपडा लगाउने गर्दछन् । महिलाहरू विशेष तिलहरी, लुर्का, नथिया जस्ता गरगहना लगाउने गर्दछन् ।

### पेशा तथा व्यावसाय

यो जिल्लाका अधिकांश बासिन्दाको प्रमुख पेशा कृषि हो । कृषि सेवा केन्द्रको तथ्याङ्क अनुसार यहाँका ८० प्रतिशत मानिस कृषि पेशामा निर्भर छन् । यस जिल्लामा उत्पादन हुने खाद्यान्नमा मकै, गहुँ, धान, दलहन, तेलहन, केरा आदि पर्दछन् । कतिपय कृषकले काउली, बन्दा, आलु, लसुन, प्याज जस्ता तरकारी बाली व्यावसायिक रूपमा पनि लगाउने गरेको पाइन्छ । यसका अलावा कतिपय कृषक माछापालन, पशुपालन, उखुखेती पनि गर्दछन् ।

कृषि बाहेक अन्य पेशाका मानिसहरू नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी, निजामति सेवा तथा शिक्षण सेवामा संलग्न रहेका छन् भने कतिपय वैदेशिक रोजगारको लागि विदेशिएको अवस्था छ भने अन्य विभिन्न खाले पसल व्यवसाय गरेका छन् । कतिपयले भने आफ्नो सिप अनुसारको श्रम गर्दछन् । कतिपय व्यक्तिहरू धान पिसाउने मिल, चिउरा मिल, ईट्टा भट्टामा काम गर्छन् । विस्कुट उद्योग, फर्निचर उद्योग तथा अन्य स-साना घरेलु उद्योग र व्यापार पेशामा संलग्न रहेका छन् केही समय यता काठमाडौं र भारतको दिल्ली पंजाव मुम्बई, हरियाणा आदि जस्ता ठूला शहरहरूमा काम गर्दै आइरहेका छन् ।

### उद्योग धन्दा

वारा जिल्लामा उद्योग धन्दा प्रशस्त रहेको पाइन्छ । यस जिल्लामा घरेलु तथा साना उद्योग देखि लिएर ठूलो कलकारखानाहरू धेरै रहेका छन् । जसमध्ये रु. ४ करोड भन्दा बढी स्थायी सम्पत्ति भएको उद्योगहरू सबैभन्दा बढी भएको जिल्ला बारा हो । १० वा सो भन्दा बढी नियमित कामदार कार्यरत रहेका उद्योग प्रतिष्ठानहरू जम्मा ४५० वटा रहेका छन् । ५० देखि १०० जना कामदार नियमित रूपमा दिनरात काम गर्ने उद्योग ६० वटा रहेका छन् । यस जिल्लाका केही ठूलो उद्योगहरू सूर्य टोब्याको कम्पनी, डाबर नेपाल चिनी उद्योग, हुलास स्टील, त्रिशक्ति सिमेन्ट, जगदम्बा स्टील, शिवशक्ति ध्यू, पतंजली आयुर्वेद आदी जस्ता ठूलो उद्योग रहेका छन् ।

### कृषि

वारा जिल्लाको कुल क्षेत्रफल १,२९,५६४ हेक्टर रहेको छ । जसमध्ये ६९,५१६ हेक्टर (५३.६५) खेतीयोग्य जमिन रहेको छ जसमा ५,२१४ हेक्टर ४.०२ प्रतिशत बलौटे क्षेत्र रहेको पाईन्छ । यस जिल्लाको जमीनको उत्पादन क्षमता एक समान छैन र यस क्षेत्रमा उत्पादन गरिने मुख्य खाद्यान्न बालीहरूमा धान, गहुँ, मकै पर्दछन् भने दलहन बाली मुंग, मसुरो, मास, खेसारी, रहर, चना मुख्य हुन् । यहाँ उत्पादन गरिने तेलहन बालीमा तोरी, सरसों मुख्य हुन् । तरकारीको खेती पारिवारिक उपयोगका अतिरिक्त नगद आर्जनका लागि पनि गरिन्छ । साथै नगदे बालीको रूपमा उखुको खेती पनि गरिन्छ ।

नगदे बालीको रूपमा ऊखु आलु, बन्दा, काउली, खुर्सानीको खेती गरिन्छ । नेपालमा सबभैन्दा बढी माछा उत्पादन गर्ने जिल्ला बारा हो । कुनै कुनै पोखरीहरूमा मत्स्यपालन

सँगसँगै हाँसपालन पनि गरिएको छ । यस जिल्लाका प्रायः कृषक परिवारहरूले एक हल गोरु पाल्नुका साथै कसै कसैले ट्याक्टर पनि राखेका छन् । घरायसी प्रयोजनका लागि दुध, दही सेवन गर्न र नगद आय-आर्जन गर्न गाई, भैंसी, बाखा, कुखुरा पाल्ने परिवारहरू प्रशस्त छन् । यस जिल्लमा दुध संकलन गर्ने दुग्ध विकास संस्थाको दुध संकलन केन्द्र पनि छन् ।

## ४.६ ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरू

### कंकाली मन्दिर

सिम्रोनगढ क्षेत्रको गोलागंज सिम्रोनगढ नगरपालिकामा अवस्थित छ । क्षेत्रफल करिब १० कट्ठारहेको यस मन्दिरको निर्माण श्री ५ गिर्वाणयुद्ध विक्रम शाहदेवले गराएका थिए । मन्दिर परिसरमा वि.सं. १९३५, १९६६ र २०५१ सालमा उत्खनन् गर्दा प्राप्त सामानहरू राखिएको एक संग्राहलय रहेको छ भने मन्दिर नजिकै पोखरी रहेको छ जसको क्षेत्रफल ७ विगाहा छ भने १२ औं शताब्दीमा राजा शिवसिंहले यसको निर्माण गराएका थिए ।

### जीतपुर गढीमाई मन्दिर

वि.सं. २०१२ सालमास्थापना भएकोजीतपुर गढीमाई मन्दिरगढीमाई उपमहानगरपालिकाको छातापिपरा टोलमा अवस्थित रहेको छ ।यो मन्दिर परिसरको करिब २० मिटर पूर्वमा वग्ने क्रियासुत नामको नदीले बारा र पर्सा जिल्लालाई छुट्याएको छ । यहाँ प्रत्येक बडा दशैंको अवसरमा भव्य मेला लाग्ने गर्दछ ।

### चुरीयामाई मन्दिर

महेन्द्र राजमार्ग तथा त्रिभुवन राजपथ (विरगंज-काठमाडौं)को बारा, मकवानपुर जिल्लाको सिमानामा अवस्थित रहेको छ । ती राजमार्गमा चल्ने सवारी साधन र हजारौं यात्रुहरूको रक्षकको रूपमा यो मन्दिर प्रसिद्ध छ । यो मन्दिरको नजिकैबाट चुरे पहाडलाई पार गर्दै हेटौडा नगरप्रवेश गर्न सकिने सुरुङ्गमार्ग रहेको छ । जुन हाल निजगढ र काठमाडौं जोड्ने द्रुतमार्ग निर्माणाधीन अवस्थामा रहेको छ ।

### गढीमाई मन्दिर

यो मन्दिर बारा जिल्लाको महागढीमाई नगरपालिकाको वरियापुर टोलमा अवस्थित रहेको छ । जुन बारा जिल्लाको सदरमुकाम कलैयावाट ६ कि.मि. पूर्वमा रहेको यस मन्दिर परिसरको क्षेत्रफल ८ कट्ठा रहेको छ । यहाँ प्रत्येक ५-५ बर्षको अन्तरालमा मङ्सिर

महिनामा एक महिनासम्म भव्य मेला लाग्ने गर्दछ । उक्त मेलामा सप्तमी र अष्टमीका दिन गरी एक लाख भन्दा बढी जीवित पशुपंक्षीहरूको बली दिने चलन छ । यो मेला सम्भवतः संसारकै सबै भन्दा बढी बली चढाइने मेला भन्दा फरक नपर्ला(जि.वि.स. बारा)।

### सनुखियामाई

सिम्रोनगढका राजा शिवसिंहको पूरानो राजदरबारको अवशेष रहेको स्थान हो सनुखियामाई । यहाँ राजा शिवशिंहकी रानी बेहुली हुँदा चढेको पालकीजमिनमुनि ध्वस्त भएकाले यस ठाउँलाई पलकियामाई पनि भन्ने गरिन्छ । यस ठाउँमा सन्दुक (वाकस)को रूपमा पत्थरको कलात्मक शिला रहेको छ । यसका अलावा हलखोरिया दह, रानिवास मन्दिर, काँटघाट स्थित सहजनाथ महादेव मन्दिर, झरौखर पोखरी, ऐतिहासिक श्री सिद्धेश्वर संस्कृत मा.वि. कलैया, वारागढी, कोइलायन, पत्थरको पिलर, कोतवाल आदि रहेका छन् ।

### यातायात र सञ्चार

बारा जिल्लाका अधिकांश भू-भागहरू समथर भएकाले यातायातको दृष्टिकोणले सुविधा सम्पन्न जिल्लाकोरूपमा परिचित रहेको छ । प्रायः सदरमुकाम देखि ग्रामिण भेगमा रहेको सबै गाउँपालिका र नगरपालिका सम्म मोटर बाटो पुगेको अवस्था छ । सदरमुकाम देखि गाउँपालिका र नगरपालिका जोड्ने प्राय मोटरबाटो फराकिलो र ग्राभेल तथा कुनै कुनै गाउँपालिका र नगरपालिका पिच भएको अवस्था रहेको छ । सिमरा एयरपोर्टको रूपमा हवाई सेवा पनि रहेको छ । यस जिल्लाका केही गाउँपालिका र नगरपालिका महेन्द्र राजमार्ग र त्रिभुवन राजपथमा पनि पर्दछन् । यस क्षेत्रको आन्तरिक यातायातको लागि सानाठूला बाटोहरू प्रस्तत मात्रामा रहेका छन् । ढुवानीको लागि ट्याक्टर, ट्रक, जीप र गोरूगाडा र यात्राकोलागि साइकलको प्रयोग गरिन्छ । यहाँबाट करिब ५ कि.मि. दक्षिणमा भारतको बिहार प्रान्तको दौडादानो, आदापुरको खुल्ला सिमाना पर्दछ । सञ्चारको कुरा गर्ने हो भने विभिन्न पत्रपत्रिका एफ.एम्. रेडियो स्टेशनहरू तथा नमस्ते, एनसेल, यूटिएल र स्मार्टको सिमहरू प्राय सबै नगरपालिका, गाउँपालिका, उपमहानगरपालिकाका प्रत्येक घरघरमा उपयोग भएको पाईन्छ ।

## ४.७ वडा नं. ५ र ११को परिचय तथा सिमाना

हाल बारा जिल्लामा पर्ने४नगरपालिका मध्ये माहागढीमाई नगरपालिका पनि एक हो ।जिल्ला सदरमुकाम कलैयाबाटकरिब १० कि.मि. को दुरीमा माहागढीमाईनगरपालिकाको वडाहरू ५ र ११ पर्दछन् । वडा नं. ५ को क्षेत्रफल ४.५३ वर्ग कि.मि. रहेको छ भने वडा नं. ११ कोक्षेत्रफल१.४४ वर्ग किलोमिटर रहेको छ ।

वडा नं. ५ को पूर्वमा वडा नं. ११ र पश्चिममा महागढीमाई नगरपालिकाको बरियापुर टोल पर्दछ । उत्तरतर्फमाहागढीमाई नगरपालिकाको दहियार टोल र दक्षिणमा महागढीमाई नगरपालिकाको बबुआइन टोल अवस्थित छ । त्यसैगरि वडा नं. ११ को पूवतर्फ नरही करैयामाई गाउँपालिका र दक्षिणतर्फमहागढीमाई नगरपालिकाको बबुआइन टोल अवस्थित छ । वडा नं. ५ र ११ देखि ७ कि.मि. दक्षिणतर्फ भारत विहार राज्यको छौडादानोको खुल्ला सिमाना पर्दछ भने यी दुवै वडाको उत्तरमा करिब १७ कि.मि.को दुरीमा जङ्गल रहेको छ । हाल नेपाल सरकारको योजनामा रहेको नेपालको दोस्रो निजगढ अन्तराष्ट्रिय विमानस्थल तथा निजगढ काठमाडौं द्रुत राजमार्ग यी दुबै वडाको उत्तरतर्फ १८ कि.मि.को दुरीमा अवस्थित रहेको छ ।

### धार्मिक र पर्यटकीय स्थल

यी दुवै वडादेखि ३ कि.मि. पश्चिममा विश्व प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल गढीमाईको मन्दिर रहेको छ । जहाँ एशियामै सबैभन्दा बढी रांगाको बली दिइन्छ । प्रत्येक पाँच पाँच वर्षमा १ महिनासम्म ठूलो मेला लाग्दछ भने स्वदेशी तथा विदेशी गरी २० लाख भन्दा बढी मानिसहरूले मेलाको प्रत्यक्ष अवलोकन गर्दछन् ।

### स्वास्थ्य

यी दुवै वडामा जनस्वास्थ्य केन्द्र रहेको छ । जसबाट स्थानीय समुदायहरूले प्राथमिक उपचार, प्रसुती सेवा स्वास्थ्य जाँच जस्ता जनसेवा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा लिई रहन्छन् ।

### माटो

यी दुई वडाको सम्पूर्ण क्षेत्रमा प्रायः नरम दोमट माटो पाइनुको साथै समथर र रसिलो तथा मलिलो उर्वर माटो पाइन्छ । जुन कृषिको लागि उपयुक्त जमिन रहेको मानिन्छ ।

### कृषि

यी दुवै वडाका ७५ प्रतिशत जनताहरू कृषि पेशामा आबद्ध रहेका देखिन्छन् । यी दुवै वडाहरूमा धान, गहुँ, मकैको उत्पादन प्रशस्त मात्रामा हुने गरेको पाइन्छ । यसका साथै यहाँका कृषकहरू अर्थोपार्जनका लागि पशुपालन तथा माछापालन पनि गर्ने गर्दछन् । भने केही मात्रामा ऊखु, तेलको लागि तोरी र सरसौंको खेती पनि गर्दछन् । त्यस्तै कोही कोहीले तरकारी तथा फलफुल खेती पनि गर्ने गर्दछन् ।

### सिंचाई

यी दुवै वडाहरूमा स्थानीय थलही नदीमा सिंचाईको सुविधा रहेको छ । जसका कारणले कृषकहरूलाई आकाशे पानीको भर पर्नु पर्दैन भने सिंचाईको सुविधा १२ महिना उपलब्ध भएकाले यी वडाहरूमा कृषि उपज प्रशस्त हुन्छन् ।

### जलवायु

यी दुबै वडामा उष्ण खालको जलवायु पाइन्छ । गर्मीमा अति गर्मी र जाडोमा चिसो हुने खालको वातावरण हुन्छ । पुस र माघ महिनामा बाक्लो हुस्सु र कुहिरो लाग्ने गर्दछ । जसका कारण जनजीवन कष्टकर हुनुका साथै वृद्ध वृद्धा र बालबालिकाहरूको मृत्यु समेत हुने गर्दछ । विद्यालयहरू पनि बन्द हुने गर्दछन् ।

### यातायात

हाल यी दुबै वडामा यातायातको दृष्टिकोणले निकै अगाडि छ । यी दुबै वडा भित्रका प्रत्येक टोल, टोलमा मोटर बाटो पुगिसकेको छ । जिल्ला सदरमुकाम जोड्ने बाटो पीच भएको छ भने दैनिक जीप, अटो रिक्सा जस्तासवारी साधनहरू दिनभर सदरमुकाम सम्म यात्रु तथा मालसामान लिएर ओहोरदोहोर गरिरहेको देखिन्छ ।

### सन्चार

सन्चारको कुरा गर्ने हो भने दुबै वडाका प्रत्येक वडाका कुना कुनामा(सिडिएमए) फोन सेवा उपलब्ध छ । केबलको पनि सुबिधा रहेको छ तथा यी दुबै वडाको सम्पूर्ण क्षेत्रमा नमस्ते, एनसेल र स्मार्टफोनको टावर रहेका छन् । जसले गर्दा घरघरमा विभिन्न खाले मोबाइल फोन उपलब्ध रहेको छ ।

**खानेपानी**

वडा नं. ५ मा खानेपानीको लागि पानी ट्याङ्कीको निर्माण अन्तिम चरणमा रहेको छ भने प्रत्येक टोल टोलमा बाटोको छेउमा सार्बजनिक धारा, हेन्डपम्प तथा चपाकल रहेको देखिन्छ । साथै दुबै वडाहरूमा घरघरमा निजी हेन्डपम्प र चपाकल उपलब्ध रहेको देखिन्छ ।

**चर्पी**

यी दुवै वडाहरूमा ठूला वडा तथा सु-सम्पन्नको घरघरमा विभिन्न खाले सेफ्टी ट्याङ्की रहेको देखिन्छ भने गरिब, विपन्न, दलितहरू, जनचेतना तथा आर्थिक अवस्था कमजोर तथा चर्पी बनाउन घडेरी नभएका बाटो छेउ छाउमा दिसा पिसाब गरेको देखिन्छ ।

**उद्योग**

यी दुबै वडाभित्र खासै उद्योगधन्दा नभए तापनि पुर्ख्यौली रूपमा सन्चालन गर्दै आएका घरेलु उद्योगहरू दैनिक जीवन निर्वाहको लागि सन्चालन भएको पाइन्छ । यी दुबै वडामा कुटानीपिसानीको एक एक वटा मिल रहेका छन् भने मसला पिस्ने मेसिन, हँसिया, कोदालो, वन्चरो, खुकुरी तथा फलामका अन्य भाँडा, सुन, चाँदीका गरगहना, बाँसको नाङ्लो, कपडा सिलाउने मेसिनतथा सामान्य काठको फर्निचर निर्माण बिक्री वितरण गर्ने र आय आर्जन गर्ने गरेको पाइन्छ ।

**मन्दिर**

यी दुबै वडामा देवि देवताका मठमन्दिरहरू छैनन् तर पनि दुबै वडामा एक एक वटा ठूला हनुमान मन्दिर रहेको छ । यी मन्दिरमा प्रत्येक शनिबार रामायण हुन्छ भने बेला बखत हनुमान आराधाना भइरहन्छ । दैनिक रूपमा यी मन्दिरहरूमा पूजा आराधाना र भजनकीर्तन गरिन्छ ।

**जातजाति**

यी दुबै वडाको सामाजिक स्वरूप पनि बहुजाति, बहुभाषिक, समुदायको संगम थलोको रूपमा छ । जसअनुसार यी दुबै वडा भित्र विभिन्न जातजातिका मानिसहरू बसोबास गर्दछन्। यहाँ ब्राह्मण, भूमिहार, यादव, साह, मुसलमान, चमार, लोहार, सुनार, थारू, हजाम, कोइरी, मुसहर आदि जातहरू बसोबास गर्दछन् ।

## भाषा

यी दुबै वडामा बसोबास गर्ने सम्पूर्ण जात जातिको मातृभाषा भोजपुरी रहेको देखिन्छ ।

## धर्म र चाडपर्व

यी वडाका अधिकांश मानिसहरू हिन्दु धर्म मान्ने गर्दछन् । त्यसैले दशैं, तिहार, छठ्, जनै पूर्णिमा, माघे संक्रान्ति, साउने संक्रान्ति, चैते दशैं, शिवरात्री, होली, एकादशी, रामनवमी, विवाह पञ्चमी, कृष्णजन्माष्टमी, नागपञ्चमी, बसन्त पञ्चनी आदि पर्वलाई प्रमुख चाडपर्वको रूपमा मनाइन्छन् ।

## भेषभुषा

यी दुबै वडाका क्षेत्रमा उष्ण हावापानी पाइने भएकोले यहाँका बासिन्दाहरू, धोती कुर्ता, गन्जी, कमीज लगाउने गर्छन् भने कहिलेकाहीँ फुलपेन्ट, शर्ट, कमिजर लुंगी कुर्ता लगाउने गर्दछन् । विवाहित महिलाहरूले सारी बलाउज लगाउने गर्दछन् भने अविवाहित महिलाहरूले कुर्ता सुरुवाल लगाउने गर्दछन् ।

## पेशा

यी दुबै वडाका अधिकांश बासिन्दाको पेशा कृषि हो । कृषि सेवा केन्द्रको तथ्याङ्क अनुसार यी वडाहरूमा ७५ प्रतिशत मानिस कृषि पेशामा निर्भर छन् ।

## वडागत शैक्षिक अवस्था

वडा नं. ५ को साक्षरता प्रतिशत ५२.८९ रहेकोमा पुरुष साक्षरता ६३.८० प्रतिशत छ भने महिला साक्षरता ४१.८५ प्रतिशत रहेको छ । प्रा.वि. पास गर्नेको सङ्ख्या १,२१७ छ जसमा महिलाको सङ्ख्या ५३९ छ भने पुरुषकोसङ्ख्या ६७८ रहेको छ । नि.मा.वि. पास गर्नेको सङ्ख्या ३६६ छ जसमा महिलाको सङ्ख्या १२८ छ भने पुरुषकोसङ्ख्या २३८ रहेको छ । माध्यमिक शिक्षा हाँसिल गर्नेको सङ्ख्या १५५ जसमा महिलाको सङ्ख्या ४८ तथा पुरुषकोसङ्ख्या १०७ रहेको छ । +२ गर्नेको सङ्ख्या७३ जसमा महिला २२ तथा पुरुषकोसङ्ख्या ४१ रहेको छ । स्नातक तह पुरा गर्नेको सङ्ख्या १७ छ जसमा महिला ० छ

भने पुरुष १७ रहेको छ । स्नातकोत्तर ५ जना रहेको छ जसमा महिला ० पुरुष ५ जना रहेको देखिन्छ ।

वडा नं. ११ को साक्षरता प्रतिशत ४९.६७ रहेको छ जसमा महिला साक्षरता दर ३६.४३ र पुरुष साक्षरता दर ६२.६३ प्रतिशत रहेको देखिन्छ। प्रा.वि. तह पास गर्नेको सङ्ख्या७९४ जसमा पुरूषकोसङ्ख्या ४५३ छ भने महिलाको सङ्ख्या ३४१ रहेको छ । नि.मा.वि.पास गर्नेको सङ्ख्या २७५ छ जसमा पुरूषकोसङ्ख्या १७५ छ भने महिलाको सङ्ख्या १०० रहेको छ । माध्यमिक शिक्षा पास गर्नेको सङ्ख्या २४३ जसमा पुरुष १९० र महिला ५३ रहेको छ । +२ पास गर्नेको सङ्ख्या७४ रहेको छ जसमा पुरूषकोसङ्ख्या ५७ र महिलाको सङ्ख्या १७ रहेको छ । स्नातक तह पास गर्नेको सङ्ख्या १७ रहेको छ । जसमा पुरुष १५ र महिला २ जना रहेका छन् । स्नातकोत्तर तह पास गर्नेको सङ्ख्या ४ जसमा महिला ० र पुरुष ४ रहेको देखिन्छ ।

वडा नं. ५ तथा वडा नं ११ को साक्षरता र शैक्षिक अवस्थाको तुलना गर्दा वडा नं. ११ को तुलनामा वडा नं. ५ के साक्षरता प्रतिशत ३.२ प्रतिशतले बढी रहेको छ भने महिला साक्षरता पनि ४.५२ तथा पुरूष साक्षरता १.१७ प्रतिशतले बढि रहेको छ ।

दुबै वडामा चमार जाति बाहेक अधिकांश अन्य जातिहरू साक्षर रहेका छन् । चमार जाति भन्दा अन्य जातिका समुदायका सबको घरमा प्रवेशिका परिक्षा पास देखि लिएर उच्च शिक्षा सम्म अध्ययन गरेको पाइन्छ । प्रवेशिका वा उच्च शिक्षा हासिल नगरेका घरमा पनि कम्तिमा साधारण लेखपढ र हिसाब गर्ने खालका महिला र पुरुष रहेका छन् । तर चमार समुदायका ९८ प्रतिशत मानिसहरू निरक्षर रहेको पाइयो । यसले के देखाउँछकी यो एक्काइसौं शताब्दीमा पनि यहाँका चमारहरूको अवस्था ज्यादै दयनीय रहेको छ । यसको प्रमुख कारण आर्थिक अवस्था हो जसका कारण उनीहरू पढाई भन्दा बढी जीउको पार्जनका लागि काममा बढी समय र श्रम खर्च गरेको पाइन्छ । आर्थिक अवस्थालाई बढाउनको लागि छोराछोरीहरूलाई समेत काममा साथ लिएर जाने गरेको पाइयो । जसका कारणले छोराछोरीहरू पढ्नबाट बञ्चित रहेको पाइयो । यी सब कारणले उनीहरूको साक्षरतामा कमि रहेको देखिनुका साथै प्रवेशिका तथा उच्च शिक्षामा उनीहरूको संख्या ० रहेको छ ।

**जनसाङ्ख्यिक अवस्था**

माहागढीमाई नगरपालिकाको वडा नं. ५ र ११ मा रहेको जनसङ्ख्याको वडागत लैङ्गिक विवरणलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका४.७.१**

**वडा नं. ५ र ११ को वडागत लैङ्गिक विवरण**

| वडा नं. | परिवार सङ्ख्या | जनसङ्ख्या | | | प्रतिशत | | परिवार प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | पुरुष | महिला | |
| ५ | ६४५ | ४२६७ | २१३१ | २१३६ | ४९.९४ | ५०.०५ | १५.११ |
| ११ | ४७८ | ३२५८ | १६५२ | १६०६ | ५०.७० | ४९.२९ | १४.६७ |


(स्रोतः राष्ट्रिय जनगणना २०६८, केन्द्रिय तथ्याङ्क विभाग)।

वडा नं. ५ जम्मा जनसङ्ख्य ४,२६७ छ। जसमध्ये पुरुषको संख्या २,१३१(४९.९%) छ भने महिलाहरूको संख्या २,१३६ (५०.०५%) छ। यसै गरी परिवार संख्या ६४५ छ भने १५.११ प्रतिशत परिवार रहेका छन्। यस्तै वडा नं. ११ मा जम्मा जनसङ्ख्या ३,२५८ छ जसमध्ये पुरुषको संख्या १,६५२ (५०.७०%) छ भने महिलाहरूको संख्या १,६०६(४९.२९%) छ। यसै गरी परिवार संख्या ४,७८६ छ भने १५.११ प्रतिशत परिवार रहेका छन्।

वडा नं. ५ को चमारहरूको लैङ्गिक विवरणलाई हेर्दा कुल पुरुष संख्याको २२४ (१०.५) प्रतिशत रहेका छन्। यसबाट के प्रष्ट हुन्छ की महिला र पुरुषको लैङ्गिक अनुपात यी जातिमा १.१ प्रतिशत रहेको छ। जुन समान रूपमा रहेको पाइयो। बाल विवाहको कारणले सानो विवाह गरेर अन्यत्र गएका कारणले छोरीको संख्यामा कमी भएको पाइयो। यस्तै वडा नं. ११ को चमारहरूको लैङ्गिक विवरण हेर्दा कुल पुरुष संख्याको ७५ (४.५३%) पुरुष रहेका छन् भने महिलाको ८५ (५.३९%) महिला रहेका छन्। यी कक्षामा महिलाको संख्या पुरुषको भन्दा १.१४ प्रतिशतले बढी रहेको देखिन्छ। यी वडामा छोराको आशामा छोरी बढी जन्मेर महिला संख्यामा वृद्धि भएको देखिन्छ। अशिक्षित भएका कारणले परिवार नियोजनको साधन प्रयोग बारे अनविज्ञ भएर छोराछोरी जन्मिनु ईश्वरको बरदान र देन हो भन्ने गर्छन्।

चित्र ४.७.१

वडा नं. ५ र ११ को वडागत लैङ्गिक विवरण



## उमेरगत विवरण

माहागढीमाई नगरपालिका वडा नं. ५ र ११ को उमेरगत जनसंख्याको विवरणलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका४.७.२**

**वडा नं. ५ र ११ को उमेरगत जनसङ्ख्याको विवरण**

| उमेर समूह | वडा नं. ५ | | | | | | वडा नं. ११ | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | | महिला | | जम्मा | | पुरुष | | महिला | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ००-०४ | २३३ | १०.३३ | २५८ | १२.०७५ | ४९१ | ११.५० | १९१ | ११.५६ | १७६ | १०९५ | ३६७ | ११.२६ |
| ०५-०९ | २८० | १७.८३ | ३३४ | १५.६३ | ७१४ | १६.७३ | २५९ | १५.६७ | ३५७ | १६.०० | ५१६ | १५.८३ |
| १०-१४ | ३१९ | १४.९६ | २९२ | १३.६७ | ६११ | १४.३१ | २४५ | १४.८३ | २३० | १४.३२ | ४७५ | १४१९ |
| १५-१९ | १८१ | ८.४९ | १५१ | ७.०६ | ३३२ | ७.७८ | १६१ | ९.७४ | १२१ | ७.५३ | २८२ | ८.६५ |
| २०-२४ | १२९ | ५.०५ | १५५ | ७.२५ | २८४ | ६.६५ | ८१ | ४.९० | ९० | ५.६० | १९१ | ५.२४ |
| २५-२९ | १०८ | ५.०६ | १६२ | ७.५८ | २७० | ६.३२ | ९३ | ५.६० | १०८ | ६.७२ | २०१ | ६.१६ |
| ३०-३४ | १४५ | ६.८० | १८१ | ८.४७ | ३२६ | ७.६४ | ८६ | ५.२० | १०० | ६.२२ | १८६ | ५.७० |
| ३५-३९ | १३७ | ६.४२ | १५० | ७.०२ | २८७ | ७.७० | ८५ | ५.१४ | १०५ | ६.५३ | १९० | ५.८३ |
| ४०-४४ | १३५ | ६.३३ | ११९ | ५.५७ | २४४ | ५.९५ | १२० | ७.२६ | ११५ | ७.१६ | २३५ | १४.२२ |
| ४५-४९ | ९१ | ४.२७ | ७० | ३.२७ | २६१ | ३.७७ | ८७ | ५.२६ | ६९ | ४.२९ | १५७ | ४.७८ |
| ५०-५४ | ६१ | २.८६ | ५४ | २.५२ | ११५ | २.६९ | ६८ | ४.११ | ४७ | २.९२ | ११५ | ३.५२ |
| ५५-५९ | ६० | २.२० | ६१ | २.२५ | १२१ | २.८३ | ४१ | २.४८ | ४१ | २.५५ | ८२ | २.५१ |
| ६०-६४ | ५५ | २.५२ | ७५ | ३.५१ | १३० | ३.०४ | ४३ | २.६० | ५२ | ३.२३ | ९५ | २.९१ |
| ६५-६९ | ५३ | २.४८ | ४९ | २.२९ | १०२ | २.३९ | ३८ | २.३० | ४२ | २.६१ | ८० | २.४५ |
| ७०-७४ | २८ | ०.३१ | १९ | ०.७९ | ४५ | १.०२ | ४१ | २.४८ | ४३ | २.६७ | ८४ | २.५७ |
| ७५+ | १६ | ०.७५ | ८ | ०.३७ | २४ | ०.५६ | १३ | १.७० | १० | ०.६२ | २३ | ०.७० |
| जम्मा | २१३१ | १०० | २१३६ | १०० | ४२६७ | १०० | १६५२ | १०० | १६०६ | १०० | ३२५८ | १०० |

(स्रोत : के.त.वि, २०६८) ।

वडा नं. ५ को उमेरगत जनसङ्ख्याविवरणलाई विचार गर्दा सबैभन्दा बढी जनसङ्ख्या ०५-०९ उमेरका जम्मा ७१४ (१६.७३ प्रतिशत) छन् । जसमध्ये महिलाहरूको जनसङ्ख्या ३३४ (१५.६३ प्रतिशत) छ भने पुरुषहरूको जनसङ्ख्या ३८० (१७.८३ प्रतिशत) छ । यसैगरी सबैभन्दा कम जनसङ्ख्यालाई विचार गर्दा ७५ बर्षभन्दा माथिको जनसङ्ख्या रहेको छ । जसमा कुल २४ (०.५६ प्रतिशत) छ । महिलाहरू ८ (०.३६ प्रतिशत) छन् भने पुरुषहरूको सङ्ख्या १८ (०.७५ प्रतिशत) छ ।त्यसै गरी वडा नं. ११को उमेरगत जनसङ्ख्या विवरणलाई विचार गर्दा सबै भन्दा बढी जनसङ्ख्या ०५-०९ उमेरका जम्मा ५१६ (१५.८३ प्रतिशत) छन् । जसमध्ये महिलाहरूको जनसङ्ख्या २५७ (१६.०० प्रतिशत) छ ।भने पुरुषहरूको जनसङ्ख्या २५९(१५.६७ प्रतिशत) छ यसैगरी सबै भन्दा कम जनसङ्ख्यालाई विचार गर्दा ७५+ बर्ष भन्दा माथिको जनसङ्ख्या रहेको छ जसमा कुल २३ (०.७० प्रतिशत) छ । महिलाहरू १०(०.६२ प्रतिशत) छ भने पूरुषहरूको सङ्ख्या १३ (०.७८ प्रतिशत) छ ।

यी दुबै वडाहरूको उमेरगत जनसङ्ख्याको तुलना गर्दा दुईटै वडामा ०५-०९ वर्षका उमेर बढी जनसङ्ख्या रहेको छ भने कम जनसङ्ख्या७५+ मा रहेको देखिन्छ । समग्रमा भन्दा दुवै वडामा उस्तै उस्तै रहेको देखिन्छ ।

## जातिगत विवरण

माहागढीमाई नगरपालिका वडा नं. ५ र ११ मा रहेका विभिन्न जातिहरूको जातिगत जनसंख्याको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।

**तालिका४.७.३**

**वडा नं. ५ र ११ को जातिगत जनसङ्ख्या विवरण**

| उमेर समूह | वडा नं. ५ | | | | | | वडा नं. ११ | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | | महिला | | जम्मा | | पुरुष | | महिला | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ब्राह्मण पहाड | ५५ | २.५ | ६० | २.८ | ११५ | २.६९ | १६ | १.०२ | १५ | ०.९३ | ३२ | ०.९८ |
| थारु | २५० | ११.७३ | १९९ | ९.३१ | ४९९ | १.५२ | २३८ | १४.४ | २३१ | १४.३८ | ४६९ | १४.३९ |
| मुस्लीम | ५४५ | २५.५ | ५९६ | २७.९ | ११४१ | २६.७४ | १७७ | १०.७१ | १७३ | १०.७७ | ३५० | १०.६ |
| यादव | ४३१ | २०.२ | ४६७ | २१.८ | ८९८ | २१.०४ | ४५० | २७.२३ | ४.३९ | २७.३३ | ८८९ | २७.२ |
| तेली | ३३ | १.५४ | ४६ | २.१ | ७९ | १.८५ | २०९ | १२.६५ | १९८ | १२.३२ | ४०७ | १२.४ |
| चमार | २२४ | १०.५ | २०१ | ९.४ | ४२५ | ९.९६ | ७५ | ४.५३ | ८५ | ५.२९ | १६० | ४.९ |
| कोइरी | १४९ | ६.९९ | १४४ | ६.७ | २९३ | ६.८६ | २० | १.२१ | १८ | १.१२ | ३८ | १.१६ |
| सन्यासी | ३९ | १.८ | ३२ | १.४९ | ७१ | १.६६ | १७ | १.०२ | १५ | ०.९३ | ३२ | ०.९८ |
| मुसहर | ७४ | ३.४७ | ७१ | ३.३२ | १४५ | ३.३९ | ९१ | ५.५० | ७९ | ४.९१ | १७० | ५.२१ |
| ब्राह्मण तराई | ५४ | २.५३ | ४८ | २.२४ | १०२ | २.३९ | ११ | ०.६६ | ८ | ०.४९ | १९ | ०.५८ |
| हजाम | ४२ | १.९७ | ४४ | २.०५ | ८६ | २.०१ | ११ | ०.६६ | १२ | ०.७४ | २३ | ०.७० |
| कानु | ३० | १.४० | ४३ | २.०१ | ७३ | १.७१ | ४२ | २.५४ | ४६ | २.८६ | ८८ | २.७० |
| लोहार | ११ | ०.५१ | ८ | ०.३७ | १९ | ०.४४ | ११ | ०.६६ | १० | ०.६२ | २१ | ०.६४ |
| नुनिया | १५ | ०.७० | १३ | ०.६ | २८ | ०.६५ | १९८ | ११.९८ | १८९ | ११.७ | ३८७ | ११.८७ |
| हलुआई | १० | ०.४६ | ८ | ०.३७ | १८ | ०.४२ | ५१ | ३.०८ | ५८ | ३.६१ | १०९ | ३.३४ |
| बरई | १५४ | ७.२२ | १३९ | ६.५० | २९३ | ६.८६ | १७ | १.०२ | १४ | ०.८७ | ३१ | ०.९५ |
| अन्य | ४ | ०.१८ | ५ | ०.२३ | ९ | ०.२१ | १२ | ०.७२ | ९ | ०.५६ | २१ | ०.६४ |
| अन्य तराई | ११ | ०.५१ | १२ | ०.५७ | २३ | ०.५३ | ५ | ०.३० | ७ | ०.४३ | १२ | ०.३६ |
| जम्मा | २१३१ | १०० | २१३६ | १०० | ४२६७ | १०० | १६५२ | १०० | १६०६ | १०० | ३२५८ | १०० |

(स्रोत : राष्ट्रिय जनगणना, २०६८, के.त.वि )।

वडा नं. ५ मा बसोबास गर्ने व्यक्तिरूको जातिगत अवस्थालाई विचार गर्दा सबै भन्दा बढी जनसङ्ख्या ११४१ (२६.७४ प्रतिशत) मुस्लीमको छ । त्यसपछि दोस्रो बढी जनसङ्ख्या२९२(२१.०४ प्रतिशत) यादवको रहेको छ । यस्तै गरी सबैभन्दा कम जनसङ्ख्या १८ (०.४२ प्रतिशत) सन्यासीहरूको छ । त्यसै गरी वडा नं. ११ मा बसोबास गर्ने जातिगत जनसङ्ख्यालाई विचार गर्दा सबैभन्दा बढी जनसङ्ख्या ८८९ (२७.२८ प्रतिशत) यादवको छ । त्यसपछि दोस्रो बढी जनसङ्ख्या ४६९ (१४.३९ प्रतिशत) थारूहरूको छ । यस्तै गरी सबैभन्दा कम जनसङ्ख्या ११ (०.३३ प्रतिशत) कुर्मीहरूको छ ।

# अध्यायपाँच

## नतिजा विश्लेषण

यस अध्ययनबाट प्राप्त नजिताको व्याख्या र विश्लेषण यस अध्यायमा गरिएको छ । यस अध्यायमा चमार बालबालिकाहरूको विद्यालय भर्नाको अवस्था, उनीहरूको विद्यालयमा नियमितता एवं शैक्षिक उपलब्धि तथा चमार बालबालिकाहरूको विद्यालय पहुँचको अवस्था आदिको व्याख्या विश्लेषण गरिएको छ ।

यस अध्यायमा अध्ययनको उद्देश्यसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्ध राख्ने चरहरूलाई सङ्ख्यात्मक तथा गुणात्मक विधिको प्रयोग गरी प्रस्तुतीकरणको साथसाथै व्याख्या र विश्लेषण गरिएको छ ।

### ५.१ चमार बालबालिकाहरूको विद्यालय भर्नाको अवस्था

धेरै चमारहरू अशिक्षित रहेको र आफ्नो बालबालिकाहरूलाई विद्यालय नपठाउने, विद्यालय गएकाले पनि बीचमा नै कक्षा छोड्ने गरेको र उनीहरूको आर्थिक अवस्थाका कारण पनि बालबालिकाहरूलाई विद्यालयमा पठाउन नसकेको पाइयो । यसै सन्दर्भमा चमार बालबालिकाहरूको विद्यालय भर्ना सम्बन्धी अध्ययनबाट प्राप्त विवरणलाई यहाँ विश्लेषण गरिएको छ ।

#### ५.१.१ चमार बालबालिकाहरूको ५ वर्षको कक्षागत विद्यालय भर्नाको अवस्था

तल दिइएको तालिकामा २०७० देखि २०७४ सालसम्म कक्षा १ मा भर्ना भएका अन्य जातिका बालबालिकाहरू तथा चमार समुदायका बालबालिकाहरूको प्रतिशत र संख्यामा भर्ना विवरण उल्लेख गरिएको छ ।

## तालिका ५.१.१

## कक्षा १मा विद्यार्थी भर्नाकोअवस्था

| शैक्षिक सत्र | चमार जाति | | | | अन्य जाति | | | | जम्मा विद्यार्थी संख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | | छात्रा | | छात्र | | छात्रा | | छात्र | | छात्रा | | जम्मा |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| २०७० | १५ | १६.६६ | १० | ११.११ | ४० | ४४.४४ | २५ | २७.७७ | ५५ | ६१.११ | ३५ | ३८.८८ | ९० |
| २०७१ | १५ | १६.४८ | १० | १०.९८ | ४१ | ४५.०० | २५ | २७.४७ | ५६ | ६१.५३ | ३५ | ३८.४६ | ९१ |
| २०७२ | १३ | १८.३० | ५ | ७.०४ | ३३ | ४६.४७ | २० | २८.१६ | ४५ | ६३.३८ | २६ | ३६.६१ | ७१ |
| २०७३ | ७ | १२.६६ | ५ | ८.६२ | २८ | ४८.२७ | १८ | ३१.० | ३५ | ६०.३४ | २३ | ३९.६५ | ५८ |
| २०७४ | ९ | १३.२३ | ७ | १०.२६ | ३२ | ४७.० | २० | २९.४१ | ४१ | ६०.२९ | २७ | ३९.७ | ६८ |

(स्रोतः विद्यालयअभिलेख, २०७०, २०७१, २०७२, २०७३, २०७४)।

तालिका अनुसार शैक्षिक सत्र २०७० सालमा कक्षा १ मा भर्ना भएका जम्मा विद्यार्थी संख्या ९० जना रहेकोमा ५५ जना (६१.११ प्रतिशत) छात्र तथा ३५ (३८.८८ प्रतिशत) छात्रा रहेका छन् जसमा चमार बालबालिकाको संख्या १५ (१६.६६ प्रतिशत) छात्र र १० जना (११.११ प्रतिशत) छात्राको संख्या रहेका छन् । यसै गरी अन्य जातिका बालबालिकाहरूको संख्या ६५ रहेकोमा ४४.४४ प्रतिशत छात्र र २७.७७ प्रतिशत छात्रा रहेका छन् । त्यसैगरी शैक्षिक सत्र २०७१ सालमा भर्ना भएका जम्मा विद्यार्थी संख्या ९१ जना जसमा छात्र संख्या ५६ (६१.५३ प्रतिशत) र छात्रा संख्या ३५(३८.४६ प्रतिशत) रहेका छन् । जसमा चमार बालबालिकाहरूको संख्या २५ जसमा १६.४८ प्रतिशत छात्र र १०.९८ प्रतिशत छात्रा रहेका छन् । त्यसैगरी अन्य जातिका बालबालिकाहरूको संख्या ६६ जसमा ४५.० प्रतिशत छात्र र २७.४७ प्रतिशत छात्राहरू रहेका छन् । यसै गरी शैक्षिक सत्र २०७२ सालमा भर्ना भएका जम्मा विद्यार्थी संख्या ७१ जसमा ६३.३८ प्रतिशत छात्र र ३६.३१ प्रतिशत छात्रा रहेका छन् । त्यस्तै चमार बालबालिकाहरूको संख्या १८ जसमा १८.३० प्रतिशत छात्र र ७.०४ प्रतिशत छात्रा रहेका छन् । यसै गरी अन्य जातिका बालबालिकाहरूको संख्या ५३ जसमा ४६.४७ प्रतिशत छात्र र २८.१ प्रतिशत छात्रा रहेका छन् । यसै गरी शैक्षिक सत्र २०६३ सालमा भर्ना भएका जम्मा विद्यार्थी संख्या ५८ जसमा ६०.३४ प्रतिशत छात्र र ३९.६५ प्रतिशत छात्रा रहेका छन् । यसै गरी चमार बालबालिकाहरूको संख्या १२ जसमा १२.६६ प्रतिशत छात्र र ८.६२ प्रतिशत छात्रा रहेका छन् । यस्तै अन्य जातिका बालबालिकाहरूको संख्या ४६ जसमा ४८.२७ प्रतिशत छात्र र ३१.० प्रतिशत छात्रा रहेका छन् । यसै गरी २०७४ सालमा भर्ना भएका जम्मा विद्यार्थी संख्या ६७ जसमा ६०.२९ प्रतिशत छात्र र ३९.७ प्रतिशत छात्रा रहेका छन् । यसै गरी चमार बालबालिकाहरूको संख्या १६ जसमा १३.२३ प्रतिशत छात्र र १०.२९ प्रतिशत छात्रा रहेका छन् । यस्तै अन्य जातिका बालबालिकाहरूको संख्या ५२ जसमा ४७ प्रतिशत छात्र र २९.४१ प्रतिशत छात्रा रहेका छन् । पाँचै शैक्षिक सत्रमा कक्षा १ को भर्नालाई समग्र रूपमा हेर्दा अन्य जाति समुदायको बालबालिकाहरूको उपस्थिति राम्रो रहेको पाइयो भने चमार समुदायको बालबालिकाहरूको उपस्थिति अन्य जातिको भन्दा ज्यादै भएको पाइयो । चमार समुदायको उपस्थिति बढाउन चमार समुदायको लागि स्थानीय तहबाट रोजगार मुलक कार्यक्रम संचालन गर्नु पर्ने देखिन्छ ।

तल दिइएको तालिकामा २०७० देखि २०७४ सालसम्म कक्षा २ मा भर्ना भएका चमार र अन्य जातिका बालबालिकाहरूको संख्या र प्रतिशतलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१.२**

**कक्षा २ मा विद्यार्थीभर्नाको अवस्था**

| शैक्षिक सत्र | चमार जाति | | | | अन्य जाति | | | | जम्मा विद्यार्थी संख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | | छात्रा | | छात्र | | छात्रा | | छात्र | | छात्रा | | जम्मा |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| २०७० | १३ | १६.८८ | ९ | ११.६८ | ३५ | ८४.४१ | २० | २५.९७ | ४८ | ६२.३३ | २९ | ३७.६६ | ७७ |
| २०७१ | १३ | १७.१० | ८ | १०.५२ | ३७ | ४८.६८ | १८ | २३.६८ | ५० | ६५.७८ | २६ | ३४.२१ | ७६ |
| २०७२ | ८ | १३.५५ | ५ | ८.४७ | २८ | ४७.४५ | १८ | ३०.५० | ३६ | ६१.०१ | २३ | ३८.९८ | ५९ |
| २०७३ | ४ | ८ | ४ | ८ | २५ | ५० | १७ | ३४ | २९ | ५८ | २१ | ४२ | ५० |
| २०७४ | ८ | १३.३३ | ५ | ८.३३ | ३० | ४५ | १७ | २८.३३ | ३८ | ६३.३३ | २२ | ३६.६६ | ६० |

(स्रोतः विद्यालयअभिलेख, २०७०, २०७१, २०७२, २०७३, २०७४) ।

माथि उल्लेखित तालिकामा शैक्षिक सत्र २०७० सालमा कक्षा २ मा भर्ना भएका जम्मा विद्यार्थी संख्या ७७जसमा ६२.३३ प्रतिशत छात्र र ३७.६६ प्रतिशत छात्रा रहेका छन् । यसै गरी चमार बालबालिकाको संख्या २२ जसमा १६.८८ प्रतिशत छात्र र ११.६८ प्रतिशत छात्रा रहेका छन् । यसै गरी अन्य जाति जम्मा विद्यार्थी संख्या ५५ जसमा ८४.४१ प्रतिशत छात्र र २६.९७ प्रतिशत छात्रा रहेका छन् । यसै गरी शैक्षिक सत्र २०७१ सालमाजम्मा विद्यार्थी संख्या ७६ जसमा ६५.७८ प्रतिशत छात्र र ३४.२१ प्रतिशतरहेका छन् । यसै गरी चमार बालबालिकाहरूको संख्या २१जसमा १७.१० प्रतिशत छात्र र १०.५२ प्रतिशत छात्रा रहेका छन् । यस्तै अन्य जातिका बालबालिकाहरूको संख्या ५५ जसमा ४८.६८ प्रतिशत छात्र र २३.६८ प्रतिशत छात्राहरू रहेका छन् । यसै गरी शैक्षिक सत्र २०७२ सालमा जम्मा विद्यार्थी संख्या ५९ जसमा ६१.०१ प्रतिशत छात्र र ३८.९८ प्रतिशत छात्रा रहेका छन् । यसै गरी चमार बालबालिकाहरूको संख्या १३ जसमा १३.५५ प्रतिशत छात्र र ८.४७ प्रतिशत छात्रा रहेका छन् । यस्तै अन्य जातिका बालबालिकाहरूको संख्या ४६ जसमा ४७.४५ प्रतिशत छात्र र ३०.५० प्रतिशत छात्रा रहेका छन् । यसै गरी शैक्षिक सत्र २०७३ सालमा जम्मा विद्यार्थी संख्या ५० जसमा ५८ प्रतिशत छात्र र ४२ प्रतिशत छात्रा रहेका छन् । यसै गरी चमार बालबालिकाहरूको संख्या ८ जसमा ८ प्रतिशत छात्र र ८ प्रतिशत छात्रा रहेका छन् । यसै गरी अन्य जातिका बालबालिकाहरूको संख्या ४२ जसमा ५० प्रतिशत छात्र र ३४ प्रतिशत छात्रा रहेका छन् । यसै गरी २०७४ सालमा जम्मा विद्यार्थी संख्या ६० जसमा ६३.३ प्रतिशतछात्र र ३३.६६ प्रतिशत छात्रा रहेका छन् । यसै गरी चमार बालबालिकाहरूको संख्या १२ जसमा १३.३३ प्रतिशत छात्र र ८.३३ प्रतिशत छात्रा रहेका छन् । यसै गरी अन्य जातिका बालबालिकाहरूको संख्या ४४ जसमा ४५ प्रतिशत छात्र र २८.३३ प्रतिशत छात्रा रहेका छन् । पाँचै शैक्षिक सत्रमा कक्षा २ को भर्नालाई समग्र रूपमा हेर्दा अन्य जातिकोतुलनामा चमार बालबालिकाहरूको संख्या कम रहेको देखिन्छ । जसमा छात्रहरूको भन्दा छात्राहरूको संख्या कम रहेको देखिन्छ भने कक्षा १ को तुलनामा केही विद्यार्थी संख्या घटेको देखिन्छ ।

यस सर्वेक्षण अनुसार पाँचै शैक्षिक सत्रको सर्वेक्षणलाई हेर्दा कक्षा २ मा भर्ना हुने अन्य जातिका बालबालिकाको तुलनामा चमार जातिका बालबालिकाको सङ्ख्या तुलनात्मक रूपमा निकै नै कम रहेको पाइन्छ । अझ कक्षा १ को तुलनामा कक्षा उन्नति सँगै विधार्थी भर्ना प्रतिशत पनि घट्दै गएको पाइन्छ ।

तल दिइएको तालिकामा २०७० देखि २०७४ सालसम्म कक्षा ३ मा भर्ना भएका चमार र अन्य जातिका बालबालिकाहरूको संख्या र प्रतिशतलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१.३**

**कक्षा ३ मा विद्यार्थी भर्नाको अवस्था**

| शैक्षिक सत्र | चमार जाति | | | | अन्य जाति | | | | जम्मा विद्यार्थी संख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | | छात्रा | | छात्र | | छात्रा | | छात्र | | छात्रा | | जम्मा |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| २०७० | १२ | १७.३९ | ८ | ११.५९ | २७ | ३९.१३ | २२ | ३१.८८ | ३९ | ५६.५२ | ३० | ४३.४७ | ६९ |
| २०७१ | ६ | १०.७१ | ४ | ७.१४ | ३१ | ५५.३५ | १५ | २६.७८ | ३७ | ६६.०७ | १९ | ३३.९२ | ५६ |
| २०७२ | ६ | १२.२४ | ४ | ८.१६ | २४ | ४८.९७ | १५ | ३०.६१ | ३० | ६१.२२ | १९ | ३८.७७ | ४९ |
| २०७३ | ४ | ६.७५ | २ | ४.८७ | २० | ४८.७८ | १५ | ३६.५८ | २४ | ५८.५३ | १७ | ४१.४६ | ४१ |
| २०७४ | ७ | १२.७२ | ४ | ७.२७ | २७ | ४९.०९ | १७ | ३०.९० | ३४ | ६१.८१ | २१ | ३८.१८ | ५५ |

(स्रोतः विद्यालयअभिलेख, २०७०, २०७१, २०७२, २०७३, २०७४) ।

माथि उल्लेखित तालिकामा शैक्षिक सत्र २०७० सालमा कक्षा ३ मा भर्ना भएका जम्मा विद्यार्थी संख्या ६९ जसमा ५६.५२ प्रतिशत छात्र र ४३.४७ प्रतिशत छात्रा रहेका छन् । यसै गरी चमार बालबालिकाहरूको संख्या २० जसमा १७.३९ प्रतिशत छात्र र ११.५९ प्रतिशत छात्रा रहेका छन् । यसै गरी अन्य जाति बालबालिकाहरूको संख्या ४९ जसमा ३९.१३ प्रतिशत छात्र र ३१.८८ प्रतिशत छात्रा रहेका छन् । यसै गरी शैक्षिक सत्र २०७१ सालमा भर्ना भएका जम्मा विद्यार्थी संख्या ५६ जसमा ६६.०७ प्रतिशत छात्र र ३३.९२ प्रतिशत छात्रा रहेका छन् । यसै गरी चमार बालबालिकाहरूको संख्या १० जसमा १०.७१ प्रतिशत छात्र र ७.१४ प्रतिशत छात्रा रहेका छन् । यस्तै अन्य जातिका बालबालिकाहरूको संख्या ४६ जसमा ५५.३५ प्रतिशत छात्र र २६.७८ प्रतिशत छात्राहरू रहेका छन् । यसै गरी शैक्षिक सत्र २०७२ सालमा जम्मा विद्यार्थी संख्या ४९ जसमा ६१.२२ प्रतिशत छात्र र ३८.७७ प्रतिशत छात्रा रहेका छन् । यसै गरी चमार बालबालिकाहरूको संख्या १० जसमा १२.२४ प्रतिशत छात्र र ८.१६ प्रतिशत छात्रा रहेका छन् । यस्तै अन्य जातिका बालबालिकाहरूको संख्या ३९ जसमा ४८.९७ प्रतिशत छात्र र ३०.६१ प्रतिशत छात्रा रहेका छन् । यसै गरी शैक्षिक सत्र २०७३ सालमा भर्ना भएका जम्मा विद्यार्थी संख्या ४१ जसमा ५८.५३ प्रतिशत छात्र र ४१.४६ प्रतिशत छात्रा रहेका छन् । यसै गरी चमार बालबालिकाहरूको संख्या ६ जसमा ९.७५ प्रतिशत छात्र र ४.८७ प्रतिशत छात्रा रहेका छन् । यस्तै अन्य जातिका बालबालिकाहरूको संख्या ३५ जसमा ४८.७८ प्रतिशत छात्र र ३६.५८ प्रतिशत छात्रा रहेका छन् । यसै गरी २०७४ सालमा भर्ना भएका जम्मा विद्यार्थी संख्या ५५ जसमा ६१.८१ प्रतिशत छात्र र ३८.१८ प्रतिशत छात्रा रहेका छन् । यसै गरी चमार बालबालिकाहरूको संख्या ११ जसमा १२.७२ प्रतिशत छात्र र ८७.२७ प्रतिशत छात्रा रहेका छन् । यसै गरी अन्य जातिका बालबालिकाहरूको संख्या ४४ जसमा ४९.०९ प्रतिशत छात्र र ३०.९० प्रतिशत छात्रा रहेका छन् । पाँचै शैक्षिक सत्रमा कक्षा ३मा अध्ययनरत विद्यार्थीहरूकोभर्नालाई हेर्दा अन्य जातिको बालबालिकाहरूको भन्दा चमारबालबालिकाहरूको संख्या कम देखिन्छ भने छात्र भन्दा छात्राहरूको संख्या पनि कम रहेको पाइयो । समग्रमा भन्दा कक्षा १ र २ को भन्दा कम विद्यार्थी संख्या देखिन्छ ।

यस सर्वेक्षण अनुसार पाँचै शैक्षिक सत्रको सर्वेक्षणलाई हेर्दा कक्षा २ मा भर्ना हुने अन्य जातिका बालबालिकाको तुलनामा चमार जातिका बालबालिकाको सङ्ख्या तुलनात्मक रूपमा निकै नै कम रहेको पाइन्छ । विद्यार्थीहरूको भर्ना प्रतिशतलाई हेर्द कक्षा १ र २को तुलनामा कक्षा ३ मा चमार बालबालिकाको भर्ना दर अझ घट्दै गएको पाइन्छ ।

तल दिइएको तालिकामा २०७० देखि २०७४ सालसम्म कक्षा४ मा भर्ना भएका चमार र अन्य जातिका बालबालिकाहरूको संख्या र प्रतिशतलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१.४**

**कक्षा ४ मा विद्यार्थी भर्नाको अवस्था**

| शैक्षिक सत्र | चमार जाति | | | | अन्य जाति | | | | जम्मा विद्यार्थी संख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | | छात्रा | | छात्र | | छात्रा | | छात्र | | छात्रा | | जम्मा |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| २०७० | १० | १६.९४ | ७ | ११.८६ | २४ | ४०.६७ | १८ | ३०.५० | ३४ | ५७.६२ | २४ | ४२.३७ | ५९ |
| २०७१ | ४ | ८.५१ | ३ | ६.३८ | २८ | ५९.५७ | १२ | २५.५३ | ३२ | ६८ | १५ | ३१.९१ | ४७ |
| २०७२ | ४ | ९.५२ | ४ | ९.५२ | २१ | ५० | १३ | ३०.९५ | २५ | ५९.५२ | १७ | ४०.४७ | ४२ |
| २०७३ | ३ | ८.५७ | १ | २.८५ | १८ | ५१.४२ | १३ | ३७.१४ | २१ | ६० | १४ | ४० | ३५ |
| २०७४ | ५ | १०.२० | ३ | ६.१२ | २५ | ५१.०२ | १६ | ३२.६५ | ३० | ६१.२२ | १९ | ३८.७७ | ४९ |

(स्रोतः विद्यालयअभिलेख, २०७०, २०७१, २०७२, २०७३, २०७४) ।

माथि उल्लेखित तालिकामा शैक्षिक सत्र २०७० सालमा कक्षा ४ मा भर्ना भएका जम्मा विद्यार्थी संख्या ५९ जसमा ५७.६२ प्रतिशत छात्र र ४२.३७ प्रतिशत छात्रा रहेका छन् । यसैगरी चमार बालबालिकाको संख्या १७ जसमा १६.९४ प्रतिशत छात्र र ११.८६ प्रतिशत छात्रा रहेका छन् । यसैगरी अन्य जातिका बालबालिकाहरूको संख्या ४२ जसमा ४०.६७ प्रतिशत छात्र र ३०.५० प्रतिशत छात्रा रहेका छन् । यसैगरी शैक्षिक सत्र २०७१ सालमा भर्ना भएका जम्मा विद्यार्थी संख्या ४७ जसमा ६८ प्रतिशत छात्र र ३१.९१ प्रतिशत छात्रा रहेका छन् । यसैगरी चमार बालबालिकाहरूको संख्या ७ जसमा ८.५१ प्रतिशत छात्र र ६.३८ प्रतिशत छात्रा रहेका छन् । यस्तै अन्य जातिका बालबालिकाहरूको संख्या ४० जसमा ५९.५७ प्रतिशत छात्र र २५.५३ प्रतिशत छात्रा रहेका छन् । यसैगरी शैक्षिक सत्र २०७२ सालमा जम्मा विद्यार्थी संख्या ४२ जसमा ५९.५२ प्रतिशत छात्र र ४०.४७ प्रतिशत छात्रा रहेका छन् । यसैगरी चमार बालबालिकाहरूको संख्या ८ जसमा ९.५२ प्रतिशत छात्र र ९.५२ प्रतिशत छात्रा रहेका छन् । यसैगरी अन्य जातिका बालबालिकाहरूको संख्या ३४ जसमा ५० प्रतिशत छात्र र ३०.९५ प्रतिशत छात्रा रहेका छन् । यसैगरी शैक्षिक सत्र २०७३ सालमा जम्मा विद्यार्थी संख्या ३५ जसमा ६० प्रतिशत छात्र र ४० प्रतिशत छात्रा रहेका छन् । यसैगरी चमार बालबालिकाहरूको संख्या ४ जसमा ८.५७ प्रतिशत छात्र र २.८५ प्रतिशत छात्रा रहेका छन् । यसैगरी अन्य जातिका बालबालिकाहरूको संख्या ३१जसमा ५१.४२ प्रतिशत छात्र र ३७.१४ प्रतिशत छात्रा रहेका छन् । यसैगरी शैक्षिक सत्र २०७४मा जम्मा विद्यार्थी संख्या ४९ जसमा ६१.२२ प्रतिशत छात्र र ३८.७७ प्रतिशत छात्रा रहेका छन् । यसैगरी चमार बालबालिकाहरूको संख्या ८ जसमा १०.२० प्रतिशत छात्र र ८६.१२ प्रतिशत छात्रा रहेका छन् । यसैगरी अन्य जातिका बालबालिकाहरूको संख्या ४१जसमा ५१.०२ प्रतिशत छात्र र ३२.६५ प्रतिशत छात्रा रहेका छन् । पाँचै शैक्षिक सत्रमा कक्षा ४ मा अध्ययनरत चमार बालबालिकाहरूको भर्ना विवरणलाई हेर्दा छात्र भन्दा छात्राको संख्या कम रहेको देखिन्छ ।यस सर्वेक्षण अनुसार पाँचै शैक्षिक सत्रको सर्वेक्षणलाई हेर्दा कक्षा ४ मा भर्ना हुने अन्य जातिका बालबालिकाको तुलनामा चमार जातिका बालबालिकाको सङ्ख्या तुलनात्मक रूपमा निकै नै कम रहेको पाइन्छ ।यसैगरी समग्रमा भन्दा अन्य जातिको बालबालिकाहरूको भन्दा चमार बालबालिकाहरूको संख्या कम रहेको पाइयो । त्यसमा पनि छात्रहरूको तुलनामा छात्राहरूको भर्ना दर अझ कम हुँदै गएको पाइन्छ । क्रमशः १, २,३ र ४ कक्षामा विद्यार्थी संख्या विस्तारै घट्दै गएको पाइन्छ ।

तल दिइएको तालिकामा २०७० देखि २०७४ सालसम्म कक्षा ५ मा भर्ना भएका चमार र अन्य जातिका बालबालिकाहरूको संख्या र प्रतिशतलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१.५**

**कक्षा ५ मा विद्यार्थी भर्नाको अवस्था**

| शैक्षिक सत्र | चमार जाति | | | | अन्य जाति | | | | जम्मा विद्यार्थी संख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | | छात्रा | | छात्र | | छात्रा | | छात्र | | छात्रा | | जम्मा |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| २०७० | ९ | १८.३६ | ५ | १०.२० | २० | ४०.८१ | १५ | ३०.६१ | २९ | ५९.१८ | २० | ४०.८१ | ४९ |
| २०७१ | ४ | ९.७५ | २ | ४.८७ | २५ | ६०.९७ | १० | २४.३९ | २९ | ७०.७३ | १२ | २९.२६ | ४१ |
| २०७२ | ३ | ८.८२ | २ | ५.८८ | १८ | ५२.९४ | ११ | ३२.३५ | २१ | ६१.७६ | १३ | ३८.२३ | ३४ |
| २०७३ | ३ | ९.६७ | १ | २.२२ | १७ | ५४.८३ | १० | ३२.२५ | २० | ६४.५१ | ११ | ३५.४८ | ३१ |
| २०७४ | ४ | ९.३० | १ | २.३२ | २३ | ५३.४८ | १५ | ३४.८८ | २७ | ६२.७९ | १६ | ३७.२० | ४३ |

(स्रोतः विद्यालयअभिलेख, २०७०, २०७१, २०७२, २०७३, २०७४) ।

माथि उल्लेखित तालिकामा शैक्षिक सत्र २०७० सालमा कक्षा ५ मा भर्ना भएका जम्मा विद्यार्थी संख्या ४९ जसमा ५९.१८ प्रतिशत छात्र र ४०.८१ प्रतिशत छात्रा रहेका छन् ।त्यसैगरी चमार बालबालिकाको संख्या १४ जसमा १८.३६ प्रतिशत छात्र र १०.२० प्रतिशत छात्रा रहेका छन् । यसैगरी अन्य जातिका बालबालिकाहरूको संख्या ३५ जसमा ४०.८१ प्रतिशत छात्र र ३०.६१ प्रतिशत छात्रा रहेका छन् । यसैगरी शैक्षिक सत्र २०७१ सालमाजम्मा विद्यार्थी संख्या ४१ जसमा ७०.७३ प्रतिशत छात्र र २९.२६ प्रतिशत छात्रा रहेका छन् । यसैगरी चमार बालबालिकाहरूको संख्या ६ जसमा ९.७५ प्रतिशत छात्र र ८४.८७ प्रतिशत छात्रा रहेका छन् । यसैगरी अन्य जातिका बालबालिकाहरूको संख्या ३५ जसमा ६०.९७ प्रतिशत छात्र र २४.३९ प्रतिशत छात्रा रहेका छन् । यसैगरी शैक्षिक सत्र २०७२ जम्मा विद्यार्थी संख्या ३४ जसमा ६१.७६ प्रतिशत छात्र र ३८.२३ प्रतिशत छात्रा रहेका छन् । त्यसैगरी चमार बालबालिकाहरूको संख्या ५ जसमा ८.८२ प्रतिशत छात्र र ८५.८८ प्रतिशत छात्रा रहेका छन् । यसैगरी अन्य जातिका बालबालिकाहरूको संख्या २९ जसमा ५२.९४ प्रतिशत छात्र र ३२.३५ प्रतिशत छात्रा रहेका छन् । त्यसैगरी शैक्षिक सत्र २०७३ सालमा जम्मा विद्यार्थी संख्या ३१ जसमा ६४.५१ प्रतिशत छात्र र ३५.४८ प्रतिशत छात्रा रहेका छन् । यसैगरी चमार बालबालिकाहरूको संख्या ४ जसमा ९.६७ प्रतिशत छात्र र २.२२ प्रतिशत छात्रा रहेका छन् । यसैगरी अन्य जातिका बालबालिकाहरूको संख्या २७ जसमा ५४.१३ प्रतिशत छात्र र ३२.२५ प्रतिशत छात्रा रहेका छन् । यसैगरी शैक्षिक सत्र २०७४ सालमा जम्मा विद्यार्थी संख्या ४३ जसमा ६२.७९ प्रतिशत छात्र र ३७.२० प्रतिशत छात्रा रहेका छन् ।यसैगरी चमार बालबालिकाहरूको संख्या ५ जसमा ९.३० प्रतिशत छात्र र २.३२ प्रतिशत छात्रा रहेका छन् । यसैगरी अन्य जातिका बालबालिकाहरूको संख्या ३८ जसमा ५३.४८ प्रतिशत छात्र र ३४.८८ प्रतिशत छात्रा रहेका छन् । पाँचै शैक्षिक सत्रमा कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरूको भर्ना विवरणलाई हेर्दा अन्य जातिका बालबालिका भन्दा चमार बालबालिकाहरूको संख्या छात्र र छात्रादुवैमा कम देखिन्छ ।

समग्रमा भन्नुपर्दा पाँचै शैक्षिक सत्रमा कक्षा १ देखि ५ सम्म छात्र भन्दा छात्रा संख्या ८ प्रतिशत बढि देखिन्छ । कुनै कक्षामा छात्र प्रतिशत बढी छ भने कुनै कक्षामा छात्रा बढी रहेको देखिन्छ । चमार समुदायका बालबालिकाहरू माथिल्लो कक्षासम्म पुग्दा संख्यात्मक रूपमा कम हुँदै गएको देखिन्छ । यसरी पाँचै शैक्षिक सत्रमा कक्षा १ र २ मा भर्ना भएका चमार समुदायका बालबालिकाहरूको उपस्थिति मध्यम स्तरको रहेको देखिन्छ । समग्र

तथ्याङ्कलाई केलाउँदा सबै सालमा छात्रहरूको सङ्ख्या बढी रहेको देखिन्छ भने छात्रा सङ्ख्या कम रहेको छ । पाँच ओटै शैक्षिक सत्रमा विद्यालयको भर्नाको अवस्थालाई अध्ययन गर्दा प्रत्येक साल कक्षा १ मा भर्नादर बढिरहेको र कक्षा चढ्दैजाँदा बिद्यार्थी भर्नाको अवस्था क्रमशः घटेको देखिन्छ । अन्य जातिका बिद्यार्थीहरू अघिल्लो कक्षामा केही मात्रामा घट्नु भनेको कक्षा दोहोऱ्याउनु रहेको छ । चमार समुदायका बिद्यार्थीहरूमाथिल्लो कक्षा चढ्दै जाँदा भर्नामा कमी आएको देखिन्छ । जसमा छात्राको सङ्ख्या बढीरहेको देखिन्छ । यसरी चमार जातिको बिद्यार्थीहरूको उपस्थिति कक्षा १ मा मध्यम स्तरको हुनुको कारण चमार बालबालिकाहरूको अभिभावकहरू काममा नजाने रबालबालिकाहरूको विद्यालय जाने समय एकै भएकाले आफ्ना काममा सघाउने मान्छे नहुने हुँदा कक्षा १ र २ मा भर्ना हुनेविद्यार्थीहरूको भर्नादर मध्यम देखिन्छ । त्यस्तै सानो उमेरमा छोरीको विवाह गरिदिने गलत मानसिकताले गर्दा माथिल्लो कक्षामा चमार बिद्यार्थीहरू विस्तारै घट्दै जान गरेको देखिन्छ । यस्तो हुनुको मूख्य कारण शिक्षाकोसही महत्व नबुझ्नु,विद्यार्थी तथा अभिभावकहरूको शिक्षाप्रतिको वितृष्णा भाव, दुःख गरेर पढेर पार गरे तापनि समाजका ठूलाबडा भन्नेहरूले जागिर हुन दिँदैन भन्ने गलत धारणा र सानो सोंचाई इत्यादी कारणहरू रहेको पाइयो ।

हरेक शैक्षक भर्ना विवरण र परीक्षामा सामेल पाँचै शैक्षिक सत्रमा कक्षा १ र २ मा भर्ना भएका सम्पूर्ण चमार समुदायका छात्र र छात्रा सहभागि भएको देखिन्छ भने समग्रमा परीक्षामा सामेल चमार बिद्यार्थीहरूको माथिल्लो कक्षाको अवस्थालाई केलाउँदा माथिल्लो कक्षाको परीक्षामा सहभागिताको अवस्था खस्किँदो अवस्थामा रहेको छ । जसमा बढी छात्राहरू रहेका छन् । हाल नेपालको खुद भर्ना दर ९७.२ प्रतिशत रहेको छ भने यहाँका चमारहरूको भर्नादर ८०.२ प्रतिशत रहेको पाइयो ।

### ५.१.२विद्यार्थी भर्ना सम्बन्धमा अभिभावकहरूको धारणा

विद्यालयमा अध्ययनरत चमार बालबालिकाहरूको अभिभावकहरूसँग अन्तर्वार्ताका लागि तयार पारिएको खुल्ला प्रश्नावलीको आधारमा लिइएको अन्तर्वार्ता तथा सोही क्रममा भएको छलफलको आधारमा चमार जातिको शिक्षाप्रतिको धारणा यसप्रकार रहेको पाइन्छ ।

केही अभिभावकहरूले आफ्ना छोराछोरीहरूलाई पढाउनु पर्छ भनेका थिए भने केहिले हाम्रा छोराछोरी पढेर के गर्लानन ?जति पढेपनि पछि गएर गाउँका ठूलाबडाले उनीहरूलाई

जागिर खान दिँदैनन् भनेका थिए । यसबाट के प्रष्ट हुन्छ भने अहिले नि उनीहरूमा जनचेतनाको कमी रहेको देखिन्छ। किनकी जागिर दिन लाउने गाउँले होइन लोकसेवा हो । छोरीलाई पनि पढाउनुपर्छ भने प्रश्नमा कोहिले पढाउनुपर्छ भने कोहिले छोरा पढेर त जागिर पाउँदैनन भने छोरीहरू जति पढेनी आखिर पछि अर्काको घर जाने जात चुह्लोचौको गर्नुपर्छ भन्ने गलत धारणा राखेका थिए । छोरी पढाएभने पोइला जान्छे, बिग्रिन्छे, परिवारको इज्जत फाल्छे, पछि कसैले विहे गर्दैन त्यसकारण छोरीलाई पढाउनु हुन्न भन्ने जबाफ दिएका थिए । गाउँका चौधरीका छोराछोरी पढेर त जागिर पाएका छैनन्, हामीहरूका छोरा छोरी पढेर कसरी जागिर पाउँछ जस्ता उदाहरण दिएका थिए । छोराछोरी पढे भने हाम्रो पुर्खौली काम गर्दैन र आमाबाबुलाई काममा सघाउँदैन र हाम्रो आम्दानी थपींदैन जस्ता उदाहरण दिएका थिए ।

शिक्षा हाँसिलगर्ने प्रसस्त अवसरहरू रहे पनि चमारहरू अधिकांश अशिक्षित छन् तसर्थ सरकारी जागिरमा आफ्नो दलित कोटामा पनि जाने कुनै सम्भावना नै छैन । स-साना बालबालिकाहरू मात्र स्कुल जाने गरेको पाइयो । चमार अभिभावकहरूले अझै सम्म पनि सत प्रतिशत आफ्नो छोरा छोरीहरूलाई विद्यालयमा पठाएका छैनन् । पठाए तापनि प्रा.वि.सम्म मात्र । यिनीहरूआफ्नो आय आर्जन बढाउनको लागि बालबालिकालाई घरायसी काममा लगाउनुको साथै लेवरमा काम गराउन नेपालका विभिन्न शहरहरूमा आफूसँगै लिएर हिँड्ने गरेको पाइन्छ । यसो हुनुको कारण अशिक्षा, वेरोजगारी, उचित खानपानको व्यवस्था गर्न नसक्नु, राम्रो मोबाइल बोक्ने बानीका कराण पढाईभन्दा कमाउने र काम गर्ने तर्फ चमार समुदाय आकर्षित भएको देखिन्छ । यसो हुनुको प्रमुख कारण शिक्षाप्रति चमार समुदायमा जनचेतनाको निकै कमी रहेको देखिन्छ ।

### ५.१.३विद्यार्थी भर्ना सम्बन्धमा प्र.अ. तथा शिक्षकहरूको धारणा

चमार बालबालिकाहरू अझै पनि शिक्षाको मुलधारबाट बञ्चित रहेको उल्लेख गर्दै सम्बन्धित विद्यालयका प्र.अ. तथा शिक्षकहरूले यिनीहरूलाई शिक्षाको मुलधारमा समेट्न प्रयोगात्मक, व्यवहारिक उपायहरू अवलम्वन गर्नुपर्ने कुरामा जोड दिएका थिए । प्र.अ. तथा शिक्षकहरूले लैङ्गिक भेदभावको लागि छोराछोरीलाई विद्यालय सम्म नियमित रूपले पठाउने वातावरण बनाउनु पर्नेमा जोड दिइएको पाइयो । जसका लागि चमार जातिका बालबालिकाहरू अझै शिक्षाको पहुँचबाट टाढा रहेको अवस्थामा चमार बालबालिकाहरूलाई

उनीहरूकै माध्यमबाट जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने र चमार समुदायकाहरू स्वयम्ले पनि शिक्षाको महत्वबारे बुझ्नुपर्छ । राज्य सरकारले पनि यस्ता ठाउँमा चमार शिक्षक र शिक्षिकाको नियुक्ति गर्नुपर्छ भन्ने कुरामा प्र.अ. तथा शिक्षकहरूले जोड दिनु आवश्यक देखिन्छ। आर्थिक अवस्था कमजोर भएर घरायसी काममा नै चमार बालबालिकाहरू अनिवार्य लाग्नुपर्ने भएकोले विद्यालयमा भर्ना भई अध्ययन गर्न नसकेको सम्बन्धित विद्यालयका शिक्षकहरूबाट थाहा हुन आयो साथै चमार समुदायका व्यक्तिहरूबाटै चेतना अभिवृद्धि गर्न सकेको खण्डमा चमार बालबालिकाहरूको विद्यालयमा प्रत्यक्ष उपस्थिती बढाउन सकिने र कक्षा छोड्ने प्रवृत्ति अन्त्य गर्न सकिने प्र.अ.ले जनाए ।

### ५.१.४ चमार बालबालिकाको विद्यालय भर्नाप्रतिको वि.व्य.स.का प्रतिनिधिहरूको धारणा

विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग अन्तर्वार्ताका लागि तयार पारिएको प्रश्नावलीको आधारमा लिइएको अन्तर्वार्ता तथा सोही क्रममा भएका छलफलको आधारमा वि.व्या.स.का अध्यक्षको चमार बालबालिकाहरूप्रतिको शैक्षिक दृष्टिकोण यस प्रकार रहेको छ ।

नेपाल सरकारले चलाएको भर्ना अभियानले विगतमा भन्दा अहिले चमार लगायत अन्य जातजातिका बालबालिकाहरूको सहभागिता हरेक बर्ष बढिरहेको छ । सरकारी तवरबाट भर्ना अभियानलाई व्यवस्थित र व्यापक बनाउनुपर्ने कुरामा वि.व्या.स.का अध्यक्षको जोड थियो । कुनै पनि चेतनामुखी कार्यक्रमहरू सन्चालन गर्दा शहर तथा सदरमुकाममुखी मात्र नबनाएर सम्बन्धित क्षेत्र वा स्थानीय स्तरमा नै सन्चालन गरेको खण्डमा बढी उपयोगी हुने कुरा वि.व्या.स.का अध्यक्षले बताए। शैक्षिक वेरोजगारीका कारण चमार अभिभावकहरूले आफ्ना छोराछोरीहरूलाई पढाउनुपर्छ भन्ने धारणामा कमी आएको र रोजीरोटीका लागि घरायसी काम तिर आकर्षित हुने गरेको कुरा समेत प्रष्ट पारेका छन् । विगतमा चमार बिद्यार्थीहरूको भर्नाको लागि घरदैलो कार्यक्रम, दलित छात्रवृत्ति, पोसाक, खाजा, उपलब्ध गराएपनि चमार समुदायका अभिभावकले आफ्नो छोरा छोरीलाई नियमित विद्यालय पठाउँदैनन् ।

चमार बालवालिकाहरूकोविद्यालय भर्नाप्रतिको दृष्टिकोणलाई अध्ययन गर्दा शिक्षाको मूलधारमा ल्याउन विभिन्न प्रयास गरिएतापनि चमार जातिको व्यक्ति निर्णायक तहमा नभएको कारणले गर्दा नै अझ सम्म पनि समेट्न नसकिएको भन्ने अवस्था देखिन्छ। यसरी

अभिभावक, प्र.अ., शिक्षक तथा विद्यालय व्यावस्थापन समितिका अध्यक्ष सबैको मनसाय चमारहरूको आर्थिक अवस्था न्यून हुनुका साथै अशिक्षित, जनचेतनाको कमी हुनुका साथै विद्यालयमा मातृभाषामा शिक्षा नदिइ नेपाली भाषामा पठनपाठन गर्नुपर्ने बाध्यताले गर्दा बिद्यार्थी भर्नामा असजिलो भएको कुरा समबन्धित पक्षले एउटा मुख्य समस्याकोरूपमा उठाइएको पाइन्छ ।

## ५.२ चमार बालवालिकाहरूको विद्यालयमा नियमितताको अवस्था

शिक्षा प्राप्त गर्नु बालबालिकाको नैसर्गिक अधिकार हो । सबै बालबालिकालाई विद्यालय आउने वातावरण सिर्जनागरी विद्यालयमा हुने सम्पूर्ण क्रियाकलपाहरूमा सक्रिय रूपमा सहभागी गराई बालबालिकाको सर्वाङ्गिण विकास गराउनु पर्दछ । विद्यालयमा प्रभावकारी शिक्षण सिकाई, नियमित कक्षाकार्य, गृहकार्य, बिद्यार्थीको सरसफाई तथा अन्य अतिरिक्त क्रियाकलापहरू, भौतिक सुबिधा, शैक्षिक सामग्रीको व्यवस्था, खेल सामग्रीको व्यवस्था, निरन्तर मूल्याङ्कन प्रणाली, शिक्षक तालिमको व्यवस्था, कक्षा कोठामा बालमनोविज्ञानको प्रयोग गरी बालबालिकाको लागि विद्यालयको वातावरण सहज बनाउनुपर्दछ । साथै विद्यालयमा प्रधानाध्यापक शिक्षक, विद्यालय व्यवस्थापन समीतिका पदाधिकारी र विद्यालयका अभिभावकहरू, स्थानीय बुद्धिजीविको उपस्थिति पनि भैरहनु पर्दछ ।यसका लागि विद्यालय शिक्षण सिकाइमा बिद्यार्थी नियमितता रहेको नरहेको हेर्नका लागि सम्बन्धित श्री जनतामाध्यमिक विद्यालयमा गरिएको अवलोकन अन्तर्वार्ता र छलफलबाट प्राप्त तथ्याङ्कलाई बिश्लेषण गरी शिक्षण सिकाइमा बिद्यार्थी नियमितता वर्तमान अवस्थालाई प्रस्तुत गरिएको छ ।

### ५.२.१ बिद्यार्थीको उपस्थिति दर

प्रस्तुत शोधपत्रको अध्ययनको औचित्यपूर्तिका लागि गरिएको विद्यालयको सर्वेक्षणमाकक्षाकोठामा बिद्यार्थीहरूको उपस्थितिदर ९० प्रतिशत भन्दा माथि रहेको पाइयो । उक्त विद्यालयका विद्यार्थीहरू विद्यालय समय अवधिभरी विद्यालयमा नै बसी कक्षा सिकाइमा सहभागी हुने गरेको पाइयो । यसका साथै विद्यालयमा हुने अन्य क्रियाकलापमा पनि सहभागिता जनाउने गरेको पाइयो । कक्षाकोठामा छात्रा भन्दा छात्रको उपस्थिति बढी रहेको देखियो । विद्यालयमा विद्यार्थीको उपस्थिति हेर्दा अन्य जातिका विद्यार्थीहरूको तुलनामा चमार बालबालिकाहरू बढी अनुपस्थित रहने गरेको पाइयो । अनुपस्थितिको सम्बन्धमा

जिज्ञासा राख्दा घरको कामकाज, बिरामी बावुआमा, अशिक्षा, विविध सांस्कृतिक कार्यक्रम अथवा विवाह भोजको कार्यक्रममा काम गर्नजानुपर्ने बाध्यात्मक स्थिति, बाल मजदुरी गर्न, ईटा भट्टामा काम गर्ने, बाख्रा चराउने, माछा मार्न जाने, बाल विवाहले बिद्यार्थीको उपस्थिती कम हुने र कक्षा छाड्ने गरेको पाइयो ।

### ५.२.२ अतिरिक्त क्रियाकलापमा सहभागिता

बालबालिकाहरूमा अथाह सिर्जनात्मक प्रतिभा हुन्छ उनीहरूमा भएको प्रतिभाको प्रस्फुटन र विकास गर्नु विद्यालयको कर्तव्य हुन्छ । घरलाई विद्यालय र विद्यालयलाई घर बनाएर सहज वातावरणमा बालबालिकाहरूको सिर्जनात्मक विकास गर्न शिक्षक र अभिभावकहरूको भूमिका महत्वपूर्ण हुने गर्दछ । विद्यालयमा नियमित पठनपाठनबाहेक विद्यालयमा विभिन्न किमिसका अतिरिक्त क्रियाकलापहरू सन्चालन गरेर विद्यालयमा बालमैत्री वातावरण बनाउने प्रयास गर्नु पर्दछ । अतिरिक्त क्रियाकलापले बालबालिकाहरूको सिर्जनात्मक प्रतिभाको प्रदर्शन गरेर उनीहरूमा आत्मविश्वासको वृद्धि गरी विद्यालयमा सहज, सरल र रमाइलो वातावरणमा शिक्षण सिकाइ कार्य गर्न सहयोग गर्दछ। यस कारण विद्यालयमा प्र.अ., शिक्षकहरूलाई तालिम साथै विद्यालयमा अतिरिक्त क्रियाकलापको महत्वबारे जानकारी गराउन आवश्यक हुन्छ ।सबै थाहा हुँदाहुँदै पनि श्री जनता माध्यमिक विद्यालयमा अतिरिक्त क्रियाकलाप नहुने गरेको पाइयो तथा खेलकुदको लागि प्रर्याप्त सामग्री र चौर नभएको देखियो । विद्यालयको स्थलगत अवलोकन गर्दा बिद्यार्थीहरूको सर्वाङ्गिण विकास गर्न उनीहरूमा रहेको प्रतिभा प्रस्फुटन गराई विद्यालयमा नियमित गराउन बिद्यार्थीहरूलाई मनोरन्जनका लागि प्रर्याप्त खेल सामाग्रीहरूको व्यवस्था गरेर विद्यालयप्रति आकर्षित गराई विद्यालयमा नियमित गराउन आवश्यक देखिन्छ ।

### ५.२.३ गृहकार्यमा संलग्नता

नियमितता ल्याउनको लागि उनीहरूको मनोभावना अनुरूपको शिक्षण क्रियाकलाप गरिनुपर्ने देखियो साथै शिक्षण सिकाइका क्रममा बिद्यार्थीलाई उत्प्रेरणा र पुरस्कारको व्यवस्थाले उनीहरू गृहकार्य प्रतिसकारात्मक रूपमा नियमित हुने गरेको पाइयो भने गृहकार्यमा अभिभावकहरूबाट कुनै सहयोग नहुने हुँदा गृहकार्य नियमित गर्न समस्या परेको छ र घरमा शैक्षिक वातावरण अनुकुल नुहँदा सिकाइको लागि विद्यालयमा मात्र निर्भर रहनुपरेको अभिव्यक्ति बिद्यार्थीहरूबाट पाइयो ।

यस्तै मास्लोले पनि सिक्नका लागि उत्प्रेरित गरी उनीहरूको आवश्यकता पूर्ति गर्न सकेमा हरेक अंगमा नियमित रूपमा सफलता प्राप्त गर्न सकिन्छ भने झैं अध्ययन क्षेत्रमा पनि विद्यालय बाहिर रहेका सबै वर्ग रसमुदायका बालवालिकाहरूलाई अवसर र पहुँचका आधारमाबिद्यार्थी केन्द्रित क्रियाकलापका माध्यमबाट शिक्षण सिकाइमा नियमितता ल्याउन सकिन्छ भन्ने वास्तविकता पाइयो ।

### ५.२.४बिद्यार्थीको नियमिततामा प्रभाव पार्ने तत्वहरू

विद्यालयमा भर्ना भएर नियमित अध्ययन अध्यापन गर्नु बालबालिकाको जन्मसिद्ध अधिकार भए तापनि समाजको सामाजिक, आर्थिकतथा सांस्कृतिक कारणलहरूले गर्दा बिद्यार्थीहरूले नभई बाध्यताले पनि विद्यालयमा अनुपस्थित भएको देखिन्छ । यसका केही प्रमुख कारणहरू यस प्रकार रहेका छन् ।

### ५.२.४.१ बिद्यार्थीको आर्थिक अवस्था

बिद्यार्थी नियमिततामा प्रभाव पार्ने पक्षहरूको सम्बन्धमा प्र.अ., शिक्षक, वि.व्य.स.अभिभावकहरूबाट अन्तर्वार्ता तथा भराइएको प्रश्नावलीबाट अभिभावकहरूको आर्थिक अवस्थाले प्रत्यक्ष रूपमा प्रभाव पारेको पाइयो । आर्थिक अभावकै कारण बिद्यार्थीहरूलाई विद्यालय पठाउनुको सट्टा घरायसी काममा आयआर्जनको काममा पठाउने, बालबालिकाहरूलाई सानैबाट मजदुरी गर्न लगाउने बाध्य पारिएको भन्ने अभिव्यक्ति प्र.अ., शिक्षक, वि.व्य.स बाट पाइयो ।

### ५.२.४.२ शैक्षिक वातावरण

विद्यालयको वातावरण शान्त, भयरहित बालबालिकामैत्री हुनुपर्दछ, विद्यालयमा पर्याप्त भवन, कक्षाकोठा, बालबालिकाको अनुसारको डेक्स, बेन्च, कक्षाकोठामा हावा प्रकाशले उचित व्यवस्था, कालोपाटीको रखाई,बिद्यार्थीहरूको बसाई व्यवस्था, बालबालिकाकोसङ्ख्या अनुसार कक्षाकोठाको आकार, शैक्षिक सामग्रीको प्रयोग, पर्याप्त खेलमैदान, खेला सामग्री, पिउने पानी तथा शौचालयको व्यवस्था (छात्र तथा छात्राको अलग-अलग) घेराबाराको व्यवस्था, दिवा खाजाको व्यवस्था, बँगैचा व्यवस्था उचित रूपमा हुनुपर्दछ ।

विद्यालयको सर्वेक्षण गर्दा खेलमैदान, खेल सामग्री, कक्षाकोठामा प्रयाप्त बेन्चडेक्स पाइएन तर विद्यालय भवनहरू प्रसस्त रहेको पाइयो । खानेपानी, शौचालयको व्यवस्था पनि रहेको पाइयो । वरीपरीको वातावरण शान्त र सफा पाइयो । शिक्षकहरूले पठनपाठनमा पाठ्यपुस्तक नै प्रयोग गरिएको पाइयोभने शैक्षिक सामग्री (चार्ट पोस्टर, अंकवोर्ड, अक्षर बोर्ड) प्रयोग गरेको पाइएन । सिकारूलाई आवश्यकता पूर्ति गर्न सकेमा सिकारूमा उत्प्रेरणा पैदा गर्न सकिन्छ । विद्यालय शिक्षण सिकाइमा नियमितता ल्याउनमा बालबालिकाको रूचि र आवश्यकतामा आधारित भएर वा उनीहरूको मनोभावना बुझेर शिक्षण सिकाई क्रियाकलाप सन्चालन गर्न सकेमा बढी प्रभावकारी हुने देखिन्छ ।

### ५.२.४.३ अभिभावकको जनचेतना

अध्ययन क्षेत्रमा गरिएको अवलोकन, समूहकेन्द्रित छलफल तथा अन्तरक्रियाकोक्रममा बिद्यार्थी नियमिततामा प्रभाव पार्ने पक्षहरूमध्ये अभिभावकको जनचेतना प्रमुख पक्षकोरूपमा रहेको पाइयो । पारिवारिक पृष्ठभूमिले बालबालिकाको शिक्षणसिकाइमा ठूलो भूमिका खेल्ने हुँदा अभिभावकमा जनचेतना अभावकै कारण शिक्षण सिकाइमा बिद्यार्थी नियमति गराउन नसकिएको विद्यालयका शिक्षकहरूको भनाई छ । विद्यालयभित्र गरिने समग्र प्रयास भन्दा पनि अभिभावकको भूमिका महत्वपूर्ण हुने गर्दछ । अभिभावकले बालबालिकाको शैक्षिक गतिविधिबारे कुनै चासो नदेखाएको विद्यालय गएर बालबालिकाकले के सिकिरहेका छन्? उनीहरू अतिरिक्त क्रियाकलापमा सहभागि हुन्छन् हुँदैनन्? शिक्षकले दिएका गृहकार्य गरेका छन् छैनन् आदि कुरामा पटक्कै ध्यान नदिएको शिक्षकको अभिव्यक्ति पाइयो ।

### ५.२.४.४ बालमैत्री शिक्षण

बालमैत्री शिक्षण सिकाइ सम्बन्धमा यस अध्ययन छनोटमा परेकाबिद्यार्थी विद्यालयको प्र.अ., शिक्षक, वि.व्य.स., बिद्यार्थीहरूमा गरिएको मौखिक अन्तर्वार्ता तथा प्रश्नावली अवलोकन फारम, स्थलगत शिक्षणका आधारमा विद्यालयमा शिक्षण सिकाई क्रियाकलाप परम्परागत शैलीमा नै गर्ने गरेको पाइयो । रटाउने, घोकाउने जस्ता पुराना मूल्यमान्यतामा आधारित रहेर शिक्षण सिकाई गर्ने गरेको पाइयो । आजको एक्काइसौं शताब्दिमा पनि बिद्यार्थी केन्द्रित, छलफल विधि, सहभागितामूलक शिक्षण सिकाई, रचनात्मक तरिकाबाट शिक्षण नगरी पुरानै शिक्षक केन्द्रित प्रवृत्ति हावि रहेको पाइयो ।

शिक्षण सिकाई गर्न योजना चाहिन्छ । जसको लागि बार्षिक कार्य योजना, एकाई योजना दैनिक पाठयोजनाको आवश्यकता पर्दछ । विषयवस्तुलाई प्रभावकारी शिक्षण सिकाइ गर्नका लागि तीनवटा योजनाको आवश्यकता पर्दछ । अध्ययन अनुसन्धान गर्न गएका विद्यालयहरूमा योजनाका नाममा बार्षिक कार्यतालिकामात्र प्रयोग गरेको पाइयो । त्यस्तै विद्यालयमा शिक्षकले पढाउने विषयवस्तुका लागि शैक्षिक सामग्रीको रूपमा मुख्यगरी पाठ्यपुस्तक नै प्रयोग गरेको पाइयो । बिद्यार्थीहरूलाई विभिन्न शैक्षिक सामग्रीको प्रयोगगरी कक्षा रोचक र अर्थपूर्ण तथा प्रभावकारी शिक्षण नभएको पाइयो । विद्यालयमा शिक्षण सिकाई क्रियाकलाप गर्दा बालमैत्री शिक्षण सिकाइ क्रियाकलाप बालबालिकाको रुचि इच्छा र चाहना अनुसार विद्यालय व्यवस्थापन गर्दा बिद्यार्थीहरू शिक्षण सिकाईमा प्रेरित भई विद्यालय जान रुचाउथे ।

चमार समुदायका बालबालिकाहरूलाई विद्यालय नियमति उपस्थिति गराउनका लागि चमार बालबालिकाहरूले पाउँदै आएका छात्रवृत्तिमा वृद्धि, मातृभाषामा शिक्षण सिकाइ, बालमैत्री शिक्षा, नियमित उपस्थित हुने बिद्यार्थीहरूलाई पुरस्कारको व्यवस्था, बिद्यार्थी उत्प्रेरणा सम्बन्धित कार्यक्रम, प्र.अ. र शिक्षकलाई नयाँ ज्ञान, सिपका सम्बन्धमा तालिम र कक्षाकोठामा लागु गर्ने व्यवस्था, शैक्षिक सामग्री र खेल सामग्रीको प्रर्याप्त व्यवस्था, अभिभावकमाजनचेतनामूलक कार्यक्रम आदि कार्य गरेमाचमार समुदायका बालबालिकाहरूकोउपस्थितिमा नियमितता बढाउन सकिन्छ ।

## ५.३ चमार बालबालिकाको शैक्षिक उपलब्धिको अवस्था

नेपालमा भएका विभिन्न अध्ययनहरूले दलित तथा पिछडिएका वर्गहरूको शैक्षिक उपलब्धिहरू न्यून रहेको देखाएको छ । ती वर्ग मानिसहरू पिछडा वर्गमा पर्नुमा आर्थिक स्थितिदेखि लिएर सामाजिक सांस्कृतिक अवस्थाले प्रत्यक्ष प्रभाव पारेको पाइन्छ । त्यसैगरी सबैबालबालिकाहरू कमजोर हुन्छन् भन्ने छैन त्यसकारण यस अध्ययनका क्रममा विषयगतरूपमा बिद्यार्थीहरूको शैक्षिक उपलब्धि के कस्तो छ भनि हेर्न खोजिएको छ ।

### ५.३.१ चमार बालबालिकाहरूको ५ वर्षको विषयगत शैक्षिक उपलब्धि

विषयगत शैक्षिक उपलब्धि भन्नाले विद्यालयमा अध्ययनरत कक्षा १ देखि ५ सम्मका चमार समुदायका बालबालिकाहरूको शैक्षिक सत्र २०७०, २०७१, २०७२, २०७३, २०७४

मा अध्ययन गर्ने बिद्यार्थीहरूको अन्तिम परीक्षामा प्राप्त गरेका परीक्षाफलको आधारमा प्रत्येक कक्षाका ४/४ जनाका दरले २३० जना चमार बिद्यार्थीहरूको विषयगत शैक्षिक उपलब्धि स्तरलाई औसत प्राप्ताङ्क निकाली तलको तालिकाहरूमा प्रस्तुत गरिएको छ ।

नेपालमा भएका विभिन्न अध्ययनले दलित तथा पिछडिएका वर्गहरूको शैक्षिक उपलब्धिको मूल्याङ्कन विविध प्रणालीबाट गहिरेको तथ्याङ्क हामी सामू धेरैरहेका छन् । जसमध्ये चमार समुदायका बालबालिकाहरूको शैक्षिक उपलब्धिको अध्ययन गर्दा सबै जातजातिकाबालबालिकाहरूको औसत उपलब्धिको तुलनामा चमार जातिकबालबालिकाहरूको औसत शैक्षिक उपलब्धि न्यून रहेको तथ्याङ्कले देखाएको पाइन्छ ।

**तालिका५.३.१**


**कक्षा १ का चमार बालबालिकाहरूको विषयगत शैक्षिक उपलब्धि**

| साल | २०७० | २०७१ | २०७२ | २०७३ | २०७४ |
|---|---|---|---|---|---|
| बिषय | औसत उपलब्धि | औसत उपलब्धि | औसत उपलब्धि | औसत उपलब्धि | औसत उपलब्धि |
| नेपाली | ४० | ३९ | ४३ | ४५ | ४२ |
| अङ्ग्रेजी | ३९ | ३५ | ३७ | ४० | ४१ |
| गणित | ४१ | ३७ | ४० | ४३ | ४६ |
| सामाजिक | ४० | ४१ | ३९ | ४२ | ४४ |
| विज्ञान | ३८ | ३६ | ४५ | ४६ | ४३ |
| ऐ. अङ्ग्रेजी | ३७ | ३५ | ४१ | ४४ | ४३ |
| जम्मा | २२३<br>३७% | २१३<br>३५% | २४५<br>४०% | ४६०<br>४३.३% | २५९<br>४३.१% |

(स्रोतः विद्यालयअभिलेख, २०७०, ०७१, ०७२, ०७३, ०७४) ।

**चित्र५.३.१**

**कक्षा १ का चमार बालबालिकाहरूको विषयगत शैक्षिक उपलब्धि**




प्रस्तुत तालिकालाई अध्ययन गर्दा सालगत शैक्षिक उपलब्धिमा २०७०, २०७१ र २०७२ सालको भन्दा क्रमश: २०७३ र २०७४ सालमा औसत उपलब्धि राम्रो रहेको छ । पाँचै बर्षको बिषयगत उपलब्धिलाई केलाउँदा सबै बिषयको औसत उपलब्धि अनुत्तीर्ण नरही तेस्रो श्रेणी भित्र रहेको छ । वि.सं. २०७० सालको विषयगत उपलब्धि गणित विषयमा तेस्रोश्रेणी अन्तर्गत रहेको छ। सबैभन्दा बढी गणितमा ४१ र सबभन्दा कम ऐ. अङ्ग्रेजीमा ३७औसत अंक रहेको छ। वि.सं. २०७१सालको बिषयगत उपलब्धि सामाजिक बिषयमा ४१ र सबैभन्दा कम ऐ. अङ्ग्रेजीमा ३५ औसत अंक रहेको छ। वि.सं. २०७२ सालको बिषयगत उपलब्धि विज्ञान विषयमा ४५ र सबैभन्दा कम अङ्ग्रेजीमा ३७औसत अंक रहेको छ। वि.सं. २०७३ सालको बिषयगत उपलब्धि विज्ञान विषयमा ४६ र सबैभन्दा कम अङ्ग्रेजी बिषयमा ४० औसत अंक रहेको छ। वि.सं. २०७४ सालको बिषयगत उपलब्धि गणित बिषयमा ४६ र सबै भन्दा कम अङ्ग्रेजी बिषयमा ४१ औसतअंक रहेको छ।

माथि उल्लेखित तालिकाको अध्ययनबाट विषयगत शैक्षिक उपलब्धि अगाडिका ३ वर्ष (२०७०,२०७१ र २०७२) को तुलनामा हालका २ वर्ष अर्थात् २०७३ र २०७४ सालको विषयगत उपलब्धि तुलनात्मक रूपमा बृद्धि भएको तथ्याङ्क पाउन सकिन्छ । चमार

बालबालिकाहरूको विषयगत उपलब्धि राष्ट्रिय तथा अन्य जातिको तुलनामा क्रमशः प्रत्येक विषयमा २०, २३, २५, २२, २१, २७ अंकले कम रहेको पाइयो ।

**तालिका५.३.२**


**कक्षा २ का चमार बालबालिकाको विषयगत शैक्षिक उपलब्धि**

| साल | २०७० | २०७१ | २०७२ | २०७३ | २०७४ |
|---|---|---|---|---|---|
| बिषय | औसत उपलब्धि | औसत उपलब्धि | औसत उपलब्धि | औसत उपलब्धि | औसत उपलब्धि |
| नेपाली | २९ | २७ | ३० | ३२ | ३७ |
| अङ्ग्रेजी | २७ | २९ | ३१ | २८ | ३९ |
| गणित | ३६ | ३३ | ३३ | ३५ | ३५ |
| सामाजिक | ३३ | ३४ | ३२ | ३१ | ३७ |
| विज्ञान | ३४ | ३२ | ३४ | ३४ | ३९ |
| ऐ. अङ्ग्रेजी | ३० | २६ | ३२ | २९ | ३५ |
| जम्मा | १८९<br>३१% | १८१<br>३०% | १९२<br>३२% | १८९<br>३१% | २२२<br>३७% |

(स्रोतः विद्यालयअभिलेख, २०७०, २०७१, २०७२, २०७३, २०७४) ।

**स्तम्भ चित्र ५.३.२**

**कक्षा २ का चमार बालबालिकाको विषयगत शैक्षिक उपलब्धि**



माथिको तालिकालाई अध्ययन गर्दा वि.सं.२०७०, २०७१, २०७२ र २०७३साल भन्दा २०७४ सालको विषयगत उपलब्धि राम्रो रहेको छ। २०७४ सालमा सबै विषयको विषयगत औसत उपलब्धि राष्ट्रिय स्तरको मानाङ्क उत्तीर्ण अङ्क भन्दा बढी रहेको छ । अरू सालमा ३/३ वटा विषयमा अनुतीर्ण रहेको छ । २०७४ सालमा विज्ञान र अङ्ग्रेजी बिषयमा सबै भन्दा बढी औसत अङ्क ३९ रहेको छ भने सबै भन्दा कम औसत अङ्क ३५/३५ गणित र ऐ. अङ्ग्रेजीमा रहेको छ । २०७० सालमा अनिवार्य अङ्ग्रेजी, नेपाली र ऐ. अङ्ग्रेजीमा उत्तीर्ण दर भन्दा कम औसत अंक क्रमशः २९.२६, ३० रहेको छ। त्यसैगरी २०७१ सालमा नेपाली, अङ्ग्रेजी र ऐ. अङ्ग्रेजीमा उत्तीर्ण दर भन्दा कम औसत अंक क्रमशः २७, २९ र २६ रहेको छ । २०७२ सालमा नेपाली र अङ्ग्रेजीमा उत्तीर्णदर भन्दा कम औसत अंक भन्दा क्रमशः ३० र ३१ रहेको छ। २०७३ सालमा अङ्ग्रेजीमा र ऐ. अङ्ग्रेजीमा उत्तीर्ण दर भन्दा औसत अंक भन्दा क्रमशः २८ र २९ रहेको छ।

निष्कर्षमा भन्दा बार्षिक रूपमाहुने गरेको चमार बालबालिकाहरूको विषयगत शैक्षिक उपलब्धि पहिलेका वर्षहरूको तुलनामा क्रमशः रूपमा राम्रो हुँदै आएको तथ्याङ्क पाउन सकिन्छ। जसबाट समाजमा पिछडिएका चमार वर्गका बालबालिकाहरूलाई शिक्षाको उज्यालोतर्फ उन्मुख हुन् पूर्ण सहयोग मिल्ने सक्ने तथ्य स्पष्ट हुने देखिन्छ। कक्षा १ भन्दा कक्षा २ मा चमार बालबालिकाहरूको शैक्षिक उपलब्धि राष्ट्रिय र अन्य जातिको भन्दा १० प्रतिशतले कम रहेको पाइयो ।

**तालिका ५.३.३**


**कक्षा ३ का चमारबालबालिकाको बिषयगत शैक्षिक उपलब्धि**

| साल | २०७० | २०७१ | २०७२ | २०७३ | २०७४ |
|---|---|---|---|---|---|
| बिषय | औसत उपलब्धि | औसत उपलब्धि | औसत उपलब्धि | औसत उपलब्धि | औसत उपलब्धि |
| नेपाली | ४५ | ३७ | ३३ | ४० | ३७ |
| अङ्ग्रेजी | ३५ | ३६ | ३२ | ३८ | ३४ |
| गणित | ४१ | ३९ | ३७ | ३५ | ३९ |
| सामाजिक | ४० | ४३ | ३८ | ३४ | ३७ |
| विज्ञान | ४६ | ४३ | ३२ | ४० | ३६ |
| ऐ. अङ्ग्रेजी | ३८ | ३५ | २८ | ३६ | ३५ |
| जम्मा | २४५ | २३३ | २०० | २२३ | २१८ |

(स्रोतः विद्यालयअभिलेख, २०७०, ०७१, ०७२, ०७३, ०७४)।

**चित्र५.३.३**

**कक्षा ३ का चमार बालबालिकाको बिषयगत शैक्षिक उपलब्धि**




माथिको तालिकालाई केलाउँदा २०७० सालमा कक्षा ३ का सबै बिषयहरूको औसत उपलब्धि अन्य सालको तुलनामा राम्रो रहेको छ भने २०७२ सालमा कम रहेको छ । वि.सं. २०७० सालमा नेपाली, विज्ञान बिषयमा दोस्रोश्रेणी अन्तर्गत ४५ र ४६ औसत अङ्क पाइएको छ भने अरू बिषयको औसत उपलब्धि तेस्रोश्रेणी अन्रतगत रहेको छ । २०७१ सालको सबै बिषयमा औसत उपलब्धि तेस्रोश्रेणी अन्तर्गत रहेको छ जसमा सबैभन्दा बढी औसत अङ्क ४३/४३ सामाजिक र विज्ञान बिषयमा छ भने अङ्ग्रेजी र ऐ. अङ्ग्रेजी बिषयमा सबै भन्दा कम औसत अंक ३६ र ३५ रहेको छ । वि.सं. २०७२ सालमा ऐ. अङ्ग्रेजीमा औसत अंक २८ उत्तीर्ण दर भन्दा कम रहेको छ भने अन्य विषयमा उत्तीर्ण दरको हाराहारीमा औसत अंक रहेको छ । २०७३ सालको सबै विषयमा औसत उपलब्धि तेस्रो श्रेणी अन्तर्गत रहेको छ जसमा सबैभन्दा बढी औसत अंक ४०/४० नेपाली र विज्ञान विषयमा छ भने सबैभन्दा कम गणित र सामाजिक बिषयमा औसत अंक ३५/३४ रहेको छ । २०७४ सालको सबै विषयमा औसत उपलबिध तेस्रोश्रेणी अन्तर्गत रहेको छ जसमा सबैभन्दा बढी औसत अंक ३९ गणित विषयमा रहेको छ । सबभन्दा कम अङ्ग्रेजी ३४ रहेको छ ।

निष्कर्षमा भन्नुपर्दा बार्षिक रूपमाहुने गरेको चमार बालबालिकाहरूको कक्षा ३ कासबै विषयहरूको विषयगत शैक्षिक उपलब्धि पहिलेका वर्षहरूको तुलनामा क्रमश: रूपमा राम्रो हुँदै आएको तथ्याङ्क पाउन सकिन्छ । त्यसमा विं.स. २०७४ सालमा गरिएको कक्षा तीनको सबै विषयगत औषत उपलब्धिलाई हेर्दा सबैभन्दा कम अङ्ग्रेजीमा ३४ रहेको छ । जसबाट समाजमा पिछडिएका चमार वर्गका बालबालिकाहरूलाई शिक्षाको उज्यालोतर्फ उन्मुख हुन् पूर्ण सहयोग मिल्न सक्ने तथ्य स्पष्ट हुने देखिन्छ । कक्षा ३ मा चमार बालबालिकाहरूको शैक्षिक उपलब्धि कुनै विषयमा राम्रो र कुनै विषयमा २८ र ३२ रहेको पाइयो । जुन राष्ट्रिय उपलब्धि भन्दा २५ प्रतिशतले कम रहेको पाइयो ।

**तालिका५.३.४**


**कक्षा ४ का चमार बालवालिकाको बिषयगत शैक्षिक उपलब्धि**

| साल | २०७० | २०७१ | २०७२ | २०७३ | २०७४ |
|---|---|---|---|---|---|
| बिषय | औसत उपलब्धि | औसत उपलब्धि | औसत उपलब्धि | औसत उपलब्धि | औसत उपलब्धि |
| नेपाली | २७ | २९ | ३६ | ३३ | ३२ |
| अङ्ग्रेजी | २६ | २७ | ३४ | ३० | २४ |
| गणित | ३३ | ३१ | ३३ | ३५ | २७ |
| सामाजिक | २७ | ३६ | ४४ | ३७ | ३५ |
| विज्ञान | २५ | ३४ | ३८ | २७ | ३२ |
| ऐ. अङ्ग्रेजी | २४ | २९ | ३३ | ३२ | २५ |
| जम्मा | | | | | |

(स्रोतः विद्यालयअभिलेख, २०७०, ०७१, ०७२, ०७३, ०७४) ।

**चित्र५.३.४**

**कक्षा ४ का चमार बालवालिकाको बिषयगत शैक्षिक उपलब्धि**




प्रस्तुत तालिकालाई अध्ययन गर्दा वि.सं. २०७१ सालमा उत्तीर्णाङ्क दर भन्दा माथि औसत अंक प्राप्त गरी वि.सं. २०७०, २०७१, २०७३ र २०७४ सालको भन्दा उपलब्धि स्तर राम्रो देखिन्छ । २०७२ सालमा सबै भन्दा बढी औसत अंक ४४ सामाजिक विषयमा रहेको छ भने सबै भन्दा कम औसत अंक ३३/३३ गणित र ऐ. अंग्रेजी बिषयमा रहेको छ । त्यसरी नै २०७३ सालमा सामाजिक र गणित विषयमा औसत अंक ३७ र ३५ रहेको छ । उत्तीर्णाङ्क भन्दा कम अङ्ग्रेजी र विज्ञानमा रहेको छ । २०७० सालमा गणितमा मात्र औसत अंक ३३ रहेको छ भने अरू विषयमा उत्तीर्णाङ्क दर भन्दा कम औसत अंक रहेको छ । २०७१ सालमा सामाजिक र विज्ञानमा मात्र औसत अंक क्रमशः ३६ र ३४ रहेको छ भने अरू विषयमा उत्तीर्णाङ्क दर भन्दा कम औसत अंक रहेकोछ । २०७४ सालमा नेपाली, सामाजिक र विज्ञानमा मात्र औसत अंक क्रमशः ३२, ३५ र ३२ रहेको छ भने अरू विषयमा उत्तीर्णाङ्क दर भन्दा कम औसत अंक रहेको छ ।

निष्कर्षमा भन्नुपर्दा बार्षिक रूपमा हुने गरेको कक्षा ४ का चमार बालबालिकाहरूको विषयगत शैक्षिक उपलब्धि पहिलेका वर्षहरूको तुलनामा क्रमशः रूपमा राम्रो हुँदै आएको तथ्याङ्क पाउन सकिन्छ । जसबाट समाजमा पिछडिएका चमार वर्गका बालबालिकाहरूलाई शिक्षाको उज्यालोतर्फ उन्मुख हुन् पूर्ण सहयोग मिल्न सक्ने तथ्य स्पष्ट हुने देखिन्छ । कक्षा

४ मा अधिकांश चमार विद्यार्थीहरूको अंक उत्तीर्ण भन्दा कम रहेको पाइयो जुन राष्ट्रिय उपलब्धि भन्दा कम रहेको छ ।

**तालिका५.३.५**


**कक्षा ५ का चमार बालबालिकाको विषयगत शैक्षिक उपलब्धि**

| साल | २०७० | २०७१ | २०७२ | २०७३ | २०७४ |
|---|---|---|---|---|---|
| बिषय | औसत उपलब्धि | औसत उपलब्धि | औसत उपलब्धि | औसत उपलब्धि | औसत उपलब्धि |
| नेपाली | ३५ | ३३ | ३० | ३७ | ३२ |
| अङ्ग्रेजी | ३० | ३१ | २५ | ३६ | २८ |
| गणित | ३३ | ३५ | २८ | ३९ | ३० |
| सामाजिक | ३६ | ३६ | ३४ | ३८ | ३४ |
| विज्ञान | ३५ | ३४ | ३२ | ४० | ३३ |
| ऐ. अङ्ग्रेजी | ३० | ३० | २४ | ३६ | २७ |
| जम्मा | | | | | |

(स्रोत: विद्यालयअभिलेख, २०७०, ०७१, ०७२, ०७३, ०७४) ।

**स्तम्भ चित्र ५.३.५**

**कक्षा ५ का चमार बालबालिकाको विषयगत शैक्षिक उपलब्धि**



प्रस्तुत तालिकामा २०७३ सालको विषयगत उपलब्धि अरू बर्षको तुलनामा राम्रो रहेको छ । सबै औसत अंकहरू तेस्रो श्रेणी अन्तर्गत रहेका छन् । सबै भन्दा बढी विज्ञानमा औसत अंक ४० रहेको छ । सबै भन्दा कम अनिवार्य ऐ. अङ्ग्रेजीमा ३६ रहेको छ । वि.सं. २०७४ सालमा नेपाली, सामाजिक र विज्ञानमा उत्तीर्ण दर भन्दा बढी ३२, ३४ र ३३ औसत अंक रहेको छ भने अरूविषयहरूमा उत्तीर्णाङ्कदर भन्दा कम रहेको देखिन्छ ।

वि.सं. २०७०र २०७१ सालमा अनिवार्य अङ्ग्रेजी र ऐ. अङ्ग्रेजीमा उत्तीर्णाङ्कदर भन्दा औसत अंक कम रहेको छ भने अरू सबै विषयमा उत्तीर्णदर भन्दा बढी रहेको छ । वि.सं. २०७२ सालमा सामाजिक र विज्ञानमा उत्तीर्णदर भन्दा बढी ३४ र ३२ औसत अंक रहेको छ भने अरू विषयहरूमा उत्तीर्णाङ्क भन्दा कम रहेको देखिन्छ । चमार बालबालिकाहरूको प्रत्येक शैक्षिक सत्रमा राष्ट्रिय र अन्य जातिको भन्दा उनीहरूको शैक्षिक उपलब्धि घटेको पाइयो ।

### ५.३.२ चमार र अन्य बालबालिकाहरूको ५ वर्षको नतिजा र शैक्षिक उपलब्धि

तल दिइएको तालिकामा २०७० साल देखि २०७४ सालसम्म कक्षा १ मा अध्ययनरत चमार र अन्य जातिका बालबालिकाहरूको ५ वर्षको नतिजा र शैक्षिक उपलब्धिलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ५.३.२.१**

**चमार र अन्य बालबालिकाहरूको ५ वर्षको नतिजा र शैक्षिक उपलब्धि**

**कक्षा १**

| साल | चमार बालबालिका | | | | अन्य बालबालिका | | | | जम्मा विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | उत्तीर्ण छात्र | | उत्तीर्ण छात्रा | | उत्तीर्ण छात्र | | उत्तीर्ण छात्रा | | छात्र | छात्रा | जम्मा |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| २०७० | १५ | १६.६६ | १० | ११.११ | ४० | ४४.४४ | २५ | २७.७७ | ५५ | ३५ | ९० |
| २०७१ | १५ | १६.४८ | १० | १६.९८ | ४१ | ४५.० | २५ | २७.४७ | ५६ | ३५ | ९१ |
| २०७२ | १३ | १८.३० | ५ | ७.०४ | ३३ | ४६.४७ | २० | २८.१६ | ४५ | २६ | ७१ |
| २०७३ | ७ | १२.६६ | ५ | ८.६२ | २८ | ४८.२७ | १८ | ३१.० | ३५ | २३ | ५८ |
| २०७४ | ९ | १३.२३ | ७ | १०.२९ | ३२ | ४७.० | २० | २९.४१ | ४१ | २७ | ६८ |

(स्रोतः विद्यालयअभिलेख, २०७०, २०७१, २०७२, २०७३, २०७४) ।

माथिको तालिकामा कक्षा १ मा अध्ययनरत विद्यार्थीहरूको सालगत नतिजा तथा शैक्षिक उपलब्धिको तुलनात्मक रूपरेखालाई तथ्याङ्कमा प्रस्तुत गरिएको छ । तालिकामा पाँच शैक्षिक सत्रको अन्तिम परीक्षाको चमार र अन्य जातिको विद्यार्थीहरूको नतिजालाई उल्लेख गरिएको छ । २०७० सालमा चमार बालबालिका १६.६६ प्रतिशत छात्र र ११.११ प्रतिशत छात्रा उत्तीर्ण भएका थिए । यसैगरी अन्य समुदायका ४४.४४ प्रतिशत छात्र र २७.७७ प्रतिशत छात्रा उत्तीर्ण भएका थिए । यसैगरी २०७१ सालमा चमार बालबालिका १६.४८ प्रतिशत छात्र र १०.९८ प्रतिशत छात्रा उत्तीर्ण भएका थिए । यसैगरी अन्य जातिका ४५ प्रतिशत छात्र र २७.४७ प्रतिशत छात्रा उत्तीर्ण भएका थिए । यसै गरी २०७२ सालमा चमार बालबालिका १८.३० प्रतिशत छात्र र ७.०४ प्रतिशत छात्रा उत्तीर्ण भएका थिए । यसै गरी अन्य जातिका बालबालिका ४६.४७ प्रतिशत छात्र र २८.१६ प्रतिशत छात्रा उत्तीर्ण भएको देखिन्छ । यसैगरी २०७३ सालमा चमार बालबालिका १२.६६ प्रतिशत छात्र र ८.६२ प्रतिशत छात्रा उत्तीर्ण भएको देखिन्छ । यसैगरी अन्य जातिका बालबालिका ४८.२७ प्रतिशत छात्र र ३१ प्रतिशत छात्रा उत्तीर्ण भएको देखिन्छ । यसैगरी २०७४ सालमा चमार बालबालिका १३.३३ प्रतिशत छात्र र १०.२९ प्रतिशत छात्रा उत्तीर्ण भएको देखिन्छ । यसैगरी अन्य जातिका बालबालिका ४७ प्रतिशत छात्र र २९.४१ प्रतिशत छात्रा उत्तीर्ण भएको देखिन्छ ।

समग्रमा भन्नुपर्दा पाँचै सालको शैक्षिक उपलब्धि र नतिजाको लेखाजोखा गर्दा चमार र अन्य जातिमा छात्रा भन्दा छात्र समूहको उपलब्धि केहि राम्रो भएको तथ्याङ्कले देखाउँछ । चमार बालबालिकाहरूको नतिजा र शैक्षिक उपलब्धि राष्ट्रिय र अन्य जातिको भन्दा २० प्रतिशत अंक कम रहेको पाइयो । उदाहरणका लागि यदि उपलब्धि र नतिजा राम्रो भएको भए कक्षामा चमार बालबालिकाहरू पहिलो र दोस्रो हुन्थ्यो तर यस्तो रहेको पाइएन ।

तल दिइएको तालिकामा २०७० साल देखि २०७४ सालसम्म कक्षा २ मा अध्ययनरत चमार र अन्य जातिका बालबालिकाहरूको ५ वर्षको नतिजा र शैक्षिक उपलब्धिलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ५.३.२.२**

**चमार र अन्य बालबालिकाहरूको ५ वर्षको नतिजा र शैक्षिक उपलब्धि**

**कक्षा २**

| साल | चमार बालबालिका | | | | अन्य बालबालिका | | | | जम्मा विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | उत्तीर्ण छात्र | | उत्तीर्ण छात्रा | | उत्तीर्ण छात्र | | उत्तीर्ण छात्रा | | छात्र | छात्रा | जम्मा |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| २०७० | १३ | १६.८८ | ९ | ११.६८ | ३५ | ८४.४१ | २० | २५.९७ | ४८ | २९ | ७७ |
| २०७१ | १३ | १७.१० | ८ | १०.५२ | ३७ | ४८.६८ | १८ | २३.६८ | ५० | ३६ | ७६ |
| २०७२ | ८ | १३.५५ | ५ | ८.४७ | २५ | ४७.४५ | १८ | ३०.५० | ३६ | २३ | ५९ |
| २०७३ | ४ | ८ | ४ | ८ | २५ | ५० | १७ | ३४ | २९ | २१ | ५० |
| २०७४ | ८ | १३.३३ | ५ | ८.३३ | ३० | ५० | १७ | २८.३३ | ३८ | २२ | ६० |

(स्रोतः विद्यालयअभिलेख, २०७०, २०७१, २०७२, २०७३, २०७४) ।

माथिको तालिकामा कक्षा २ मा अध्ययनरत विद्यार्थीहरूको सालगत नतिजा र शैक्षिक उपलब्धिको तुलनात्मक रूपरेखालाई तथ्याङ्कमा प्रस्तुत गरिएको छ । पाँच शैक्षिक सत्रको अन्तिम परीक्षाको चमार र अन्य जातिको विद्यार्थीहरूको नतिजालाई उल्लेख गरिएको छ । २०७० सालमा चमार बालबालिका १६.८८ प्रतिशत छात्र र ११.६८ प्रतिशत छात्रा उत्तीर्ण भएका थिए । यसैगरी अन्य जातिका ८४.४१ प्रतिशत छात्र र २५.९७ प्रतिशत छात्रा उत्तीर्ण भएका थिए । यसैगरी २०७१ सालमा चमार बालबालिका १७.१० प्रतिशत छात्र र १०.५२ प्रतिशत छात्रा उत्तीर्ण भएका थिए । यसैगरी अन्य जातिका बालबालिका ४८.६८ प्रतिशत छात्र र २३.६८ प्रतिशत छात्रा उत्तीर्ण भएका थिए । यसैगरी २०७२ सालमा चमार बालबालिका १३.५५ प्रतिशत छात्र र ८.४७ प्रतिशत छात्रा उत्तीर्ण भएका थिए । यसैगरी अन्य जातिका ४७.४५ प्रतिशत छात्र र ३०.५० प्रतिशत छात्रा उत्तीर्ण भएका थिए । यसैगरी २०७३ सालमा चमार बालबालिका ८ प्रतिशत छात्र र ८ प्रतिशत छात्रा उत्तीर्ण भएको देखिन्छ । यसैगरी अन्य जातिका बालबालिका ५० प्रतिशत छात्र र ३४ प्रतिशत छात्रा उत्तीर्ण भएको देखिन्छ । यसैगरी २०७४ सालमा चमार बालबालिका १३.३३ प्रतिशत छात्र र ८.३३ प्रतिशत छात्रा उत्तीर्ण भएको देखिन्छ । यसैगरी अन्य जातिका बालबालिका ५० प्रतिशत छात्र र २८.३३ प्रतिशत छात्रा उत्तीर्ण भएको देखिन्छ । कक्षा २ को पाँचै वर्षको शैक्षिक नतिजा र उपलब्धिको लेखाजोखा गर्दा पाँचै वर्षमा चमार छात्राहरूको भन्दा छात्रहरूको उपलब्धि स्तर राम्रो छ ।

निष्कर्षमा भन्नुपर्दा चमारहरूको शैक्षिक उपलब्धि भन्दा अन्य जातिको उपलब्धि राम्रो रहेको देखिन्छ भने विद्यालयमा उद्धार कक्षाउन्नति प्रणाली तथा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलागु भएकाले विद्यार्थीहरूलाई अनुत्तीर्ण गर्न नहुने भएकाले परीक्षामा सामिल सबै बालबालिकाहरू उत्तीर्ण भएको देखिन्छ भने कक्षा १ मा भर्ना भएका चमार विद्यार्थी संख्या कक्षा २ मा पुग्दा तुलनात्मक घटेको देखिन्छ ।

तल दिइएको तालिकामा २०७० साल देखि २०७४ सालसम्म कक्षा ३ मा अध्ययनरत चमार र अन्य जातिका बालबालिकाहरूको ५ वर्षको नतिजा र शैक्षिक उपलब्धिलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ५.३.२.३**

**चमार र अन्य बालबालिकाहरूको ५ वर्षको नतिजा र शैक्षिक उपलब्धि**

**कक्षा ३**

| साल | चमार बालबालिका | | | | अन्य बालबालिका | | | | जम्मा विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | उत्तीर्ण छात्र | | उत्तीर्ण छात्रा | | उत्तीर्ण छात्र | | उत्तीर्ण छात्रा | | छात्र | छात्रा | जम्मा |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| २०७० | १२ | १७.३९ | ८ | ११.५९ | २७ | ३९.१३ | २२ | ३१.८८ | ३९ | ३० | ६९ |
| २०७१ | ६ | १०.७१ | ४ | ७.१४ | ३१ | ५५.३५ | १५ | २६.७८ | ३७ | १९ | ५६ |
| २०७२ | ६ | १२.२४ | ४ | ८.१६ | २४ | ४८.९७ | १५ | ३०.६१ | ३० | १९ | ४९ |
| २०७३ | ४ | ९.७५ | २ | ४.८७ | २० | ४८.७८ | १५ | ३६.५८ | २४ | १७ | ४१ |
| २०७४ | ७ | १२.७२ | ४ | ७.२७ | २७ | ४९.०९ | १७ | ३०.९० | ३४ | २१ | ५५ |

(स्रोतः विद्यालयअभिलेख, २०७०, २०७१, २०७२, २०७३, २०७४) ।

माथिको तालिकामा कक्षा ३ मा अध्ययनरत विद्यार्थीहरूको सालगत नतिजा र शैक्षिक उपलब्धिको तुलनात्मक रूपरेखालाई तथ्याङ्कमा प्रस्तुत गरिएको छ । पाँचै शैक्षिक सत्रको अन्तिम परीक्षाको चमार र अन्य जातिको विद्यार्थीहरूको नतिजालाई उल्लेख गरिएको छ । २०७० सालमा चमार बालबालिका १७.३९ प्रतिशत छात्र र ११.५९ प्रतिशत छात्रा उत्तीर्ण भएका थिए । यसैगरी अन्य जातिका ३९.१३ प्रतिशत छात्र र ३१.८८ प्रतिशत छात्रा उत्तीर्ण भएका थिए । यसैगरी २०७१ सालमा चमार बालबालिका १०.७१ प्रतिशत छात्र र ७.१४ प्रतिशत छात्रा उत्तीर्ण भएका थिए । यसैगरी अन्य जातिका बालबालिका ५५.३५ प्रतिशत छात्र र २६.७८ प्रतिशत छात्रा उत्तीर्ण भएका थिए । यसैगरी २०७२ सालमा चमार बालबालिका १२.२४ प्रतिशत छात्र र ८.१६ प्रतिशत छात्रा उत्तीर्ण भएका थिए । यसैगरी अन्य जातिका ४८.९७ प्रतिशत छात्र र ३०.६१ प्रतिशत छात्रा उत्तीर्ण भएका थिए । यसैगरी २०७३ सालमा चमार बालबालिका ९.७५ प्रतिशत छात्र र ४.८७ प्रतिशत छात्रा उत्तीर्ण भएको देखिन्छ । यसैगरी अन्य जातिका बालबालिका ४८.७८ प्रतिशत छात्र र ३६.५८ प्रतिशत छात्रा उत्तीर्ण भएको देखिन्छ । यसैगरी २०७४ सालमा चमार बालबालिका १२.७२ प्रतिशत छात्र र ७.२७ प्रतिशत छात्रा उत्तीर्ण भएको देखिन्छ । यसैगरी अन्य जातिका बालबालिका ४९.०९ प्रतिशत छात्र र ३०.९० प्रतिशत छात्रा उत्तीर्ण भएको देखिन्छ । समग्रमा भन्नुपर्दा कक्षा ३ को पाँचै वर्षको अन्तिम परीक्षाको नतिजालाई लेखाजोखा गर्दा चमार र अन्य जातिका छात्राहरू भन्दा छात्रहरूको उपलब्धि राम्रो देखिन्छ ।

निष्कर्षमा भन्नुपर्दा चमार भन्दा अन्य जातिको छात्र र छात्राको उपलब्धि र नतिजा राम्रो रहेको छ । फेल गराउन नहुने प्रवृत्तिले गर्दा परीक्षामा सामेल सबै विद्यार्थी उत्तीर्ण भएकाले सबैको नतिजा र उपलब्धि राम्रो तथा सन्तोषजनक रहेको देखिन्छ भने कक्षा १ र २ को भन्दा कक्षा ३ मा विद्यार्थी संख्या घटेको देखिन्छ ।

तल दिइएको तालिकामा २०७० साल देखि २०७४ सालसम्म कक्षा ४ मा अध्ययनरत चमार र अन्य जातिका बालबालिकाहरूको ५ वर्षको नतिजा र शैक्षिक उपलब्धिलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका५.३.२.४**

**चमार र अन्य बालबालिकाहरूको ५ वर्षको नतिजा र शैक्षिक उपलब्धि**

**कक्षा ४**

| साल | चमार बालबालिका | | | | अन्य बालबालिका | | | | जम्मा विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | उत्तीर्ण छात्र | | उत्तीर्ण छात्रा | | उत्तीर्ण छात्र | | उत्तीर्ण छात्रा | | छात्र | छात्रा | जम्मा |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| २०७० | १० | १६.९४ | ७ | ११.८६ | २४ | ४०.६७ | १८ | ३०.५० | ३४ | २५ | ५९ |
| २०७१ | ४ | ८.५१ | ३ | ६.३८ | २८ | ५९.५७ | १२ | २५.५३ | ३२ | १५ | ४७ |
| २०७२ | ४ | ९.५२ | ४ | ९.५२ | २१ | ५० | १३ | ३०.९५ | २५ | १७ | ४२ |
| २०७३ | ३ | ८.५७ | १ | २.८५ | १८ | ५१.४२ | १३ | ३७.१४ | २१ | १४ | ३५ |
| २०७४ | ५ | १०.२० | ३ | ६.१२ | २५ | ५१.०२ | १६ | ३२.६५ | ३० | १९ | ४९ |

(स्रोतः विद्यालयअभिलेख, २०७०, २०७१, २०७२, २०७३, २०७४) ।

माथिको तालिकामा कक्षा ४ मा अध्ययनरत विद्यार्थीहरूको सालगत नतिजा र शैक्षिक उपलब्धिको तुलनात्मक रूपरेखालाई तथ्याङ्कमा प्रस्तुत गरिएको छ । पाँचै शैक्षिक सत्रको अन्तिम परीक्षाको चमार र अन्य जातिको विद्यार्थीहरूको नतिजालाई उल्लेख गरिएको छ । २०७० सालमा चमार बालबालिका १६.९४ प्रतिशत छात्र र ११.८६ प्रतिशत छात्रा उत्तीर्ण भएका थिए । यसैगरी अन्य जातिका ४०.६७ प्रतिशत छात्र र ३०.५० प्रतिशत छात्रा उत्तीर्ण भएका थिए । यसैगरी २०७१ सालमा चमार बालबालिका ८.५१ प्रतिशत छात्र र ६.३८ प्रतिशत छात्रा उत्तीर्ण भएका थिए । यसैगरी अन्य जातिका बालबालिका ५९.५७ प्रतिशत छात्र र २५.५३ प्रतिशत छात्रा उत्तीर्ण भएका थिए । यसैगरी २०७२ सालमा चमार बालबालिका ९.५२ प्रतिशत छात्र र ९.५२ प्रतिशत छात्रा उत्तीर्ण भएका थिए । यसैगरी अन्य जातिका ५० प्रतिशत छात्र र ३०.९५ प्रतिशत छात्रा उत्तीर्ण भएका थिए । यसैगरी २०७३ सालमा चमार बालबालिका ८.५७ प्रतिशत छात्र र २.८५ प्रतिशत छात्रा उत्तीर्ण भएको देखिन्छ । यसैगरी अन्य जातिका बालबालिका ५१.४२ प्रतिशत छात्र र ३७.१४ प्रतिशत छात्रा उत्तीर्ण भएको देखिन्छ । यसैगरी २०७४ सालमा चमार बालबालिका १०.२० प्रतिशत छात्र र ६.१२ प्रतिशत छात्रा उत्तीर्ण भएको देखिन्छ । यसैगरी अन्य जातिका बालबालिका ५१.०२ प्रतिशत छात्र र ३२.६५ प्रतिशत छात्रा उत्तीर्ण भएको देखिन्छ । कक्षा ४ को पाँचै वर्षको अन्तिम परीक्षाको नतिजालाई लेखाजोखा गर्दा चमार र अन्य जातिका छात्राहरू भन्दा छात्रहरूको उत्तीर्ण प्रतिशत बढी रहेको देखिन्छ ।

यस अध्ययनबाट आएको तथ्याङ्क अनुसार चमार बालबालिकाहरू अन्य जातिका छात्र र छात्राको तुलनामा दुवै तर्फ उत्तीर्ण प्रतिशत कम रहेको देखिन्छ । कक्षा १, २ र ३ को भन्दा विद्यार्थी संख्या ४ मा ५२ जना विद्यार्थीहरू घटेको पाइयो । माथिल्लो कक्षा आउँदा सम्म विद्यार्थी संख्यामा कमी आएको देखिन्छ ।

तल दिइएको तालिकामा २०७० साल देखि २०७४ सालसम्म कक्षा ५ मा अध्ययनरत चमार र अन्य जातिका बालबालिकाहरूको ५ वर्षको नतिजा र शैक्षिक उपलब्धिलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ५.३.२.५**

**चमार र अन्य बालबालिकाहरूको ५ वर्षको नतिजा र शैक्षिक उपलब्धि**

**कक्षा ५**

| साल | चमार बालबालिका | | | | अन्य बालबालिका | | | | जम्मा विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | उत्तीर्ण छात्र | | उत्तीर्ण छात्रा | | उत्तीर्ण छात्र | | उत्तीर्ण छात्रा | | छात्र | छात्रा | जम्मा |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| २०७० | ९ | १८.३६ | ५ | १०.२० | २० | ४०.८१ | १५ | ३०.६१ | २९ | २० | ४९ |
| २०७१ | ४ | ९.७५ | २ | ४.८७ | २५ | ६०.९७ | १० | २४.३९ | २९ | १२ | ४१ |
| २०७२ | ३ | ८.८२ | २ | ५.८८ | १८ | ५२.९४ | १० | ३२.३५ | २१ | १३ | ३४ |
| २०७३ | ३ | ९.६७ | १ | २.२२ | १७ | ५४.८३ | १० | ३२.२५ | २० | ११ | ३१ |
| २०७४ | ४ | ९.३० | १ | २.३२ | २३ | ५३.४८ | १५ | ३४.८८ | २७ | १६ | ४३ |

(स्रोतः विद्यालयअभिलेख, २०७०, २०७१, २०७२, २०७३, २०७४) ।

माथिको तालिकामा कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरूको सालगत नतिजा र शैक्षिक उपलब्धिको तुलनात्मक रूपरेखालाई तथ्याङ्कमा प्रस्तुत गरिएको छ । पाँचै शैक्षिक सत्रको अन्तिम परीक्षाको चमार र अन्य जातिको विद्यार्थीहरूको नतिजालाई उल्लेख गरिएको छ । २०७० सालमा चमार बालबालिका १८.३६ प्रतिशत छात्र र १०.२० प्रतिशत छात्रा उत्तीर्ण भएका थिए । यसैगरी अन्य जातिका ४०.८१ प्रतिशत छात्र र ३०.६१ प्रतिशत छात्रा उत्तीर्ण भएका थिए । यसैगरी २०७१ सालमा चमार बालबालिका ९.७५ प्रतिशत छात्र र ४.८७ प्रतिशत छात्रा उत्तीर्ण भएका थिए । यसैगरी अन्य जातिका बालबालिका ६०.९७ प्रतिशत छात्र र २४.३९ प्रतिशत छात्रा उत्तीर्ण भएका थिए । यसैगरी २०७२ सालमा चमार बालबालिका ८.८२ प्रतिशत छात्र र ५.८८ प्रतिशत छात्रा उत्तीर्ण भएका थिए । यसैगरी अन्य जातिका ५२.९४ प्रतिशत छात्र र ३२.३५ प्रतिशत छात्रा उत्तीर्ण भएका थिए । यसैगरी २०७३ सालमा चमार बालबालिका ९.६७ प्रतिशत छात्र र २.२२ प्रतिशत छात्रा उत्तीर्ण भएको देखिन्छ । यसैगरी अन्य जातिका बालबालिका ५४.५३ प्रतिशत छात्र र ३२.२५ प्रतिशत छात्रा उत्तीर्ण भएको देखिन्छ । यसैगरी २०७४ सालमा चमार बालबालिका ९.३० प्रतिशत छात्र र २.३२ प्रतिशत छात्रा उत्तीर्ण भएको देखिन्छ । यसैगरी अन्य जातिका बालबालिका ५३.४३ प्रतिशत छात्र र ३४.८८ प्रतिशत छात्रा उत्तीर्ण भएको देखिन्छ । यसरी कक्षा १ देखि कक्षा ५ सम्मको पाँचै शैक्षिक सत्रका विद्यार्थीको उत्तीर्ण दर हेर्दा छात्राहरूको भन्दा छात्रहरूको उत्तीर्ण बढी रहेको देखिन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ लागू भएदेखि उद्धार कक्षोन्नति र निरन्तर मूल्याङ्कन प्रणाली अन्तर्गत विद्यार्थीहरूलाई अनुत्तीर्ण गराउने नियम हटाइएकोले विद्यार्थीहरूको उत्तीर्ण प्रतिशत राम्रो र सन्तोषजनक रहेको देखिन्छ भने वर्षैपिच्छे विद्यार्थी संख्या घटेको तथ्याङ्कले देखाउँछ । विद्यार्थीहरू घट्नुको कारणहरू विविध रहेका छन् । जसमा आर्थिक अवस्था, घरायसी काम, बाल विवाह, आमाबुबा, अशिक्षित, जनचेतनाको कमी, पढाइबाट प्रशस्त प्रतिफल तुरुन्त नहुनु, चमार समुदायको मान्छेको सानो सोच इत्यादि ।

### ५.३.३चमार बालबालिकाको शैक्षिक उपलब्धि प्रति सरोकारवालाहरूको धारणा

अध्ययनको क्रममा अध्ययन क्षेत्रभित्रका अभिभावक, विद्यालयका प्र.अ., शिक्षक, वि.व्य.स. अध्यक्ष लगायत बिद्यार्थीसँग समेत अन्तर्वार्ता लिइएको थियो । जसको विश्लेषण क्रमशः गरिएको छ ।

**अभिभावककोधारणा**

चमार बालबालिकाका अभिभावकहरूको शैक्षिक उपलब्धिप्रतिको धारणा बुझ्नको लागि चमार अभिभावकसँग अन्तर्वार्ता लिइएको थियो । केही चमार अभिभावकको सकारात्मक सोच पाइयो भने कसै कसैको नकारात्मक सोचाइ पाइयो जागिरलाई लिएर । प्रश्नोत्तरको क्रममा घरायसी कार्यको कारणले नै बालबालिका नियमित पढाउन नसकेको साथै आफू पनि निरक्षर भएका कारण गृहकार्यमा सहयोग गर्न नसकेकाले शैक्षिक उपलब्धि कमजोर रहेको कुरा अभिभावकले स्वीकारेको पाइयो । तपाइको छोरा छोरीको उपलब्धि कस्तो छ ? भनी प्रश्न गर्दा ठिकै छ पास भएकै छ भन्ने जावाफ पाइयो । बिद्यार्थीहरूलाई केही नआएपनि उत्तीर्ण भएको देखेर खुशी भएको पाइयो । तपाईको छोराछोरीको उपलब्धि राम्रो पार्न के गर्नुपर्ला । हाम्रो बालबालिकाहरूलाई निःशुल्क ट्युशन कक्षा सन्चालन गर्ने । हाम्रो छोराछोरीलाई पनि जागिर दिनुपर्छ भन्ने भनाई हामीहरूको आर्थिक स्तर सुधारका लागि पिअनको पनि जागिर लाइदिनुपर्छ विद्यालयमा । हाम्रा छोराछोरीलाई दिँदै आएका छात्रवृत्ति रकममा वृद्धि गर्ने जस्ता जवाफ पाइयो ।

**प्र.अ. तथा शिक्षकहरूको धारणा**

शोध अध्ययन तयार पार्नका लागि गरिएको विद्यालयको सर्वेक्षणबाट प्र.अ. तथा शिक्षकहरूको धारणा बुझ्दा चमार जातिका विद्यार्थीहरूको शैक्षिक उपलब्धि तुलना गर्दा अन्य जातिको भन्दा कमी रहेको पाइन्छ । त्यस्तो हुँदाहुँदै पनि जति विद्यालय आउने चमार बिद्यार्थीहरूको उपलब्धि सन्तोषजनक रहेको भन्ने बारे जानकारी त्यस विद्यालयका प्र.अ.तथा शिक्षकहरूबाट पाइयो । अन्य जातिका बालबालिकाको विद्यालय उपस्थितिको तुलनामा चमार बालबालिकाहरूको उपस्थिति नियमित नरहेको । उपस्थित हुनेहरूमा पनिछात्राहरूको सङ्ख्या छात्रहरूको तुलनामा निकै कम रहेको तथा कहिले कुराबारेमा पनि जानकारी प्राप्त भयो । उक्त विद्यालयमा विद्यार्थीहरूको नियमित उपस्थिति नहुने भएकोलेविद्यालयको वार्षिक नतिजा पनि सन्तोषजनक रहेको देखिन्छ । चमार बालबालिकाको तल्लो कक्षामा शैक्षिक उपलब्धि राम्रो भएको तर क्रमश कक्षोन्नति हुँदै जाँदा माथिल्ला कक्षाहरूमा उपस्थिति प्रायः शून्य जस्तै कुराबारे उत्त विद्यालयका प्रं.अ.ले जानकारी दिनुभयो । यसैगरि उनीहरूको शैक्षिक स्तर उकास्न के गर्नुपर्ला भन्ने प्रश्नमा उनीहरूको शैक्षिक, आर्थिक, चेतनामुलक कार्यक्रम, छात्रवृत्तिमा बृद्धि र जागिरको

सुनिश्चितता गर्नुपर्छ, कम उमेरमा विवाह गर्ने प्रवृत्तिलाई निरूत्साहित गर्ने साथै चमार बिद्यार्थीहरू भर्ना भएपछि निरन्तर विद्यालय नआई छात्रवृत्ति बाड्न थाले पछि मात्र आउने र विद्यालयले लिने परीक्षामा नियमीत रूपमा सामेल नहुने गरेको अवस्था पाइयो ।

**विद्यालय व्यवस्थापन समितिका प्रतिनिधिको धारणा**

अध्ययनका क्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग शैक्षिक उपलब्धि सम्बन्धिअन्तर्वार्ता लिइएको थियो । । चमार बालबालिकाहरूको शैक्षिक उपलब्धि बिस्तारै सन्तोषजनक त भन्न मिल्दैन तर पहिला भन्दा अलिक सुधार भएको बताएकाथिए । उपलब्धि सन्तोषजनक नहुनुका कारणहरू के के हुन सक्छन् भनी सोध्दा अभिभावकहरू अशिक्षित हुनु, आर्थिक रूपले कमजोर हुनु, बिद्यार्थीहरू नियमित विद्यालय नआउनु, घरमा शैक्षिक वातावरण नहुनु, गृहाकार्य नगर्नु, चमार बालबालिकाको शैक्षिक उपलब्धि वृद्धि गर्न के कस्ता कार्य गर्नुपर्छ । सबभन्दा पहिला उनीहरूमा जनचेतना फैलाउनु पर्छ तथा सरकारले विद्यालय अनुगमन र निरीक्षणलाई कडाईका साथ लागू गर्नुपर्छ र मातृभाषामा पनि पढाउनु पर्छ । चमार बालबालिकाहरूको शैक्षिक उपलब्धि वृद्धि गर्न के कस्ता कार्य गर्नु भएको छ भनी सोधिएको प्रश्नमा व्यवस्थापन समितिको तर्फबाट विशेष किसिमको कुनै कार्यक्रम सन्चालन नगरिएको तर सरकारले प्रदान गर्दै आएको सेवा सुविधामा भने कुनै किसिमको कमी नगरीजस्ताको तेस्तै प्रदान गरिएको अभिव्यक्ति प्रकट गरे ।

### ५.३.४ चमार बालबालिकाहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरू

चमार बालबालिकाहरूको शैक्षिक उपलब्धिमा के के कुराले प्रभाव पारेको छ भन्ने जस्ता सहायक उद्देश्य राखिएको थियो । ती बालबालिकाहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्व पत्ता लगाई आवश्यक सुधार गर्नु पनि आवश्यक थियो । शैक्षिक सुधारका लागि प्र.अ., शिक्षक, अभिभावकसँग भएको समूह केन्द्रित छलफलमा भाग लिनु, नबुझेका प्रश्न शोध्नु, कक्षामा अगाडि पछाडि बस्ने आदिलाई आधार मानी उनीहरूको सहभागिता अन्य समुदायको बालबालिका भन्दा कम भएको पाउनुले ति बालबालिकाको शैक्षिक उपलब्धि प्रभाव पार्ने तत्वहरूको पहिचान गरी सुधार गर्ने, अभिभावक बिद्यार्थीलाई अन्तर्वार्ता, प्रश्नावलीको प्रयोग गरी आवश्यक सूचना संकलन गरिएको थियो । उक्त बिषयमा अध्ययन गर्नको लागि शिक्षक, अभिभावक, प्र.अ., बिद्यार्थी, वि.व्य.स. सँग प्रतिक्रिया लिइएको थियो । उनीहरूबाट प्राप्त प्रतिक्रिया निम्नानुसार पाईएको छ ।

१. पढाईमा कमजोर

२. अभिभावकमा चेतनाको कमि

३. गृहकार्य नगर्नु

४. पढ्ने वातावरण नहुनु

५. समयमा नै कक्षाकोठामा नआउनु

६. नियमित विद्यालय नजानु

७. पढाईमा पूर्ण समय नदिनु

८. शैक्षिक सामग्रीको अभाव

९. घरायसी कामको बोझ

शिक्षक, बिद्यार्थी, प्र.अ., वि.व्य.स., अभिभावकको प्रतिकृयाको आधारमा बालबालिकाको शैक्षिक उपलब्धिलाई प्रभाव पार्ने विभिन्न पक्ष देखियो । उपयुक्त प्रभावलाई निराकरण गर्नका लागि कमजोर बिद्यार्थीका लागि अतिरिक्त कक्षा सञ्चालन गर्नुपर्ने, अभिभावकमा चेतनाको वृद्धि गर्नपर्ने समस्या नै दैनिक गृहकार्य नगर्नेलाई गृहकार्य गर्न जागरुक गर्नुपर्ने, समयमा नै विद्यालयमा आउनुपर्ने, अभिभावकले बिद्यार्थीलाई पढाईका लागि पूर्ण समय दिनु पर्ने र समयमा नै आवश्यक शैक्षिक सामग्री उपलब्ध गराउनु पर्ने जस्ता कुराहरूमा बृद्धि गर्नु पर्ने देखिन्छ ।

## ५.३.५ विद्यालयभर्ना नभएका चमार बालबालिकाहरूको विवरण

विद्यालय क्षेत्र सुधार योजना (School Sector Reform Program,२०६६/२०७२) ले गुणस्तरीय शिक्षामा बिद्यार्थीको समतामुलक पहुँच सुनिश्चित गर्न ७ बर्ष मध्यकालिन योजनामा ५ बर्ष देखि ९ बर्ष उमेर समूहका विद्यालय शिक्षाको पहुँच भन्दा बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय शिक्षाको पहुँचभित्र ल्याउने र आधारभूत तथा माध्यमिक शिक्षामा समतामुलक पहुँच विस्तार गर्ने लक्ष्य राखि विभिन्न कार्यक्रम सन्चालनमा ल्याएको भएतापनि अझै पनि विद्यालय उमेरका बालबालिकाहरूविद्यालय शिक्षाबाट बञ्चित रहेको अवस्था छ (अधिकारी, २०७१) । यस अध्ययन क्षेत्रका चमार समुदायका बालबालिकाहरूको बिद्यालय भर्ना अवस्थाकोतथ्यलाई निम्न तालिकाबाट प्रस्ट पारिएको छ ।

**तालिका५.३.५.१**

**विद्यालय भर्ना भएका र विद्यालय बाहिर रहेका चमार बालबालिकाहरूको विवरण**


| उमेर समूह | विद्यालय जाने उमेरका | | | विद्यालय भर्ना भएका | | | विद्यालय भर्ना नभएका | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | प्रतिशत |
| ६-१० बर्ष | १५ | २० | ३५ | ८ | ७ | १५ | ७ (४६%) | १३ (६५%) | २० | ५६ |
| ११-१३ बर्ष | २० | १४ | ३४ | ११ | ६ | १७ | ९ (४५%) | ६ (४२%) | १५ | ४४ |
| १४-१५ बर्ष | १९ | १३ | ३२ | ७ | ३ | १० | १२ (६३%) | १० (७६%) | २२ | ६८ |
| १६-१७ बर्ष | १५ | ९ | २४ | ५ | २ | ७ | १० (६६%) | ७ (७७%) | १७ | ७० |
| जम्मा | ६९ | ५६ | १२५ | ३१ | १८ | ४९ | ३८ (५५%) | ३६ (६४%) | ७४ | ५९ |

(स्रोतः स्थलगत सर्वेक्षण तथा विद्यालय अभिलेख) ।

तालिका अनुसारविद्यालय जाने उमेर समूहका जम्मा १२५ जना चमार बालबालिकाहरू मध्ये विद्यालय भर्ना नभएका ७४ जना बालबालिकाहरू रहेका छन् जसमा ३८ जना छात्र र ३६ जना छात्रा रहेको पाइयो, ६-१० बर्ष उमेर समूहका ५७ प्रतिशत, ११-१३ बर्ष उमेर समूहका ४४ प्रतिशत, १४-१५ बर्ष उमेर समूहका ६८ प्रतिशत तथा १६-१७ बर्ष उमेर समूहका ७० प्रतिशत बालबालिका विद्यालय भर्नाबाट वञ्चित रहेकोपाइयो । यहाँ सबै भन्दा बढी १६-१७ बर्ष उमेर समुहका ७० प्रतिशत बालबालिका विद्यालय भर्नाको अवसरबाट टाढा रहेको पाइयो । यस तथ्याङ्कलाई स्तम्भ चित्रद्वारा प्रस्तुत गरिएको छ ।

**चित्र ५.३.५.१**

**विद्यालय भर्ना नभएका चमार बालबालिका**




## ५.३.६ बीचैमाकक्षा छोड्ने चमार बालबालिकाहरूको विवरण

वर्तमान समयमा सामान्य रूपबाट हेर्दा चमार जातिको शैक्षिक अवस्थालाई हेर्दा अधिकांश बालबालिकाहरू प्राथमिक तहमै विद्यालय छोड्ने गरेको पाइन्छ । यस तथ्यलाई पुष्टि गर्नको लागि हालसम्म औपचारिक शिक्षामा प्रवेश गरेर कक्षा छोडेका सङ्ख्यालाई यहाँ प्रस्तुत गरिएको छ ।

**तालिका५.३.६.१**

**कुल सङ्ख्यामा कक्षा छाडेका चमारहरूको सङ्ख्यात्मक विवरण**

| शैक्षिक सत्र | २०७० | | | | २०७१ | | | | २०७२ | | | | २०७३ | | | | २०७४ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | २ | ३ | ४ | ५ | २ | ३ | ४ | ५ | २ | ३ | ४ | ५ | २ | ३ | ४ | ५ | २ | ३ | ४ | ५ |
| जम्मा बिद्यार्थी सङ्ख्या | २२ | २० | १७ | १४ | २१ | १० | ७ | ६ | १३ | १० | ८ | ५ | ८ | ६ | ४ | ४ | १३ | ११ | ८ | ५ |
| विद्यालय छाड्ने सङ्ख्या | २ | ३ | ४ | ३ | ९ | ३ | १ | २ | ३ | ५ | ३ | २ | ४ | २ | ० | २ | ६ | ३ | ३ | ३ |

(स्रोतः विद्यालयको अभिलेख, २०७०, २०७१, २०७२, २०७३, २०७४) ।

माथिको तालिकालाई अध्ययन गर्दा चमारहरू औपचारिक शिक्षमाा भर्ना भए तापनि २ कक्षा देखि नै कक्षा छोड्ने गरेको तथ्याङ्क अनुसार पाँचौ शैक्षिक सत्रमा कक्षा छोड्ने मध्ये २०७०सालमा सबै भन्दा बढी कक्षा ४ मा ४ जना रहेको देखियो भने सबैभन्दा कम कक्षा २ मा २ जनाले छोडेको देखियो । यस्तै शैक्षिक शत्र २०७१ सालमा कक्षा छोड्ने मध्ये सबैभन्दा बढी कक्षा २ मा ९ जना तथा कक्षा ४ मा १ जनाले विद्यालय छाडेका थिए । यस्तै २०७२ सालमा सबैभन्दा बढी कक्षा ३ मा ५ जना र सबैभन्दा कम कक्षा २ मा २ जनाले कक्षा छोडेका थिए । यस्तै २०७३ सालमा सबैभन्दा बढी कक्षा २ मा र सबैभन्दा कम कक्षा ४ मा ० जनाले कक्षा छाडेका थिए । यस्तै २०७४ सालमा सबैभन्दा बढी कक्षा २ मा ६ जना र सबैभन्दा कम अर्थात समान रूपमा रहेको पाइन्छ । त्यसपछि ३, ४, ५ मा ३ जनाले विद्यालय छाडेका छन् ।

समग्रमा भन्दा विद्यालयमा भर्ना भएका बालबालिकाको तत्कालिन शैक्षिक अवस्थालाई हेर्दा चमार बालबालिकाहरूविद्यालय भर्ना भएको दोस्रो बर्ष देखि नै विद्यालय छाड्ने गरेको पाइयो । विस्तारै माथिको कक्षा चढ्दै जाँदा चमार छात्रछात्राको सङ्ख्या कम हुँदै जानुले ड्रप आउट (dropout)एउटा प्रमुख समस्या भन्न सकिन्छ ।

### ५.३.७ बीचैमाविद्यालय छोड्नुका कारणहरू

बीचैमा विद्यालय छोड्ने भनेको प्राथमिक विद्यालयमा भर्ना भएका अध्ययनरत विद्यार्थीहरूले विभिन्न कारणहरूले गर्दा पढाइ छोडेर घरायसी या अन्य काममा लाग्नु नै बीचैमा विद्यालय छाड्ने भनिन्छ । विद्यालयमा भर्ना भएर अध्ययन गर्दा गर्दै विद्यालय नजानुलाई बीचैमा विद्यालय छाड्ने भनिन्छ । चमार समुदायका बालबालिकाहरू विद्यालयमा भर्ना हुन्छन्, तर विस्तारै माथिल्लो कक्षा चढ्दै जाँदा विभिन्न कारणले बीचैमा पढाइ छाड्ने गरेको पाइन्छ । बीचैमा पढाइ छाड्ने कारणहरूवलाई केलाउँदा कुनै पनि मानिसको सर्वाङ्गिर्ण विकासको लागि आर्थिक पक्षको ठूलो हात रहेको हुन्छ । कुनै पनि समाजको आर्थिक विकास हुनुमा त्यस समाजमा भएका सिप, स्रोत साधन, शिक्षा उत्पादनहरूमा भर पर्दछ । यस क्षेत्रका चमारहरूको आर्थिक अवस्था कमजोर रहेको पाइयो । त्यसैले जीवन निर्वाहको लागि अर्काको ज्याला मजदुरी गर्नुपर्दछ । हाल यो क्षेत्रका चमारहरू शिक्षामा भन्दा जीविकोपार्जनको लागि अग्रसर रहेको देखियो । जसका कारण आफू अरू ठाउँमा कमाउन जाने ज्याला मजदुरी गर्ने तथा बालबालिकाहरूलाई स्कुल पठाउनुभन्दा गाई, भैंसी, बाख्रा

चराउन तथा घाँस काट्न तरकारीको लागि माछा मार्न जाने गरेको पाइयो जसले गर्दा बालबालिकाहरू स्कुल जान छाड्ने गरेको पाइयो । त्यसैगरी विद्यालयमा पढ्न तथा घरमा पढ्नलाई बिद्यार्थीहरूलाई प्रर्याप्त समय चाहिन्छ तर चमार बिद्यार्थीहरूमा पर्ने घरायसी कामको बोझले विद्यालय जाने समय नपाएर पनि पढ्न जाँदैनन्, पढ्न गए तापनि बीचमै पढ्न छोड्छन् । त्यसै गरी एक दुई जनाले कमाएर अहिलेको महङ्गी धान्न नसकेर आम्दानीको स्रोत बढाउने लोभमा बालबालिकाहरूलाई पनि काममा लगाउनु परेकाले उनीहरू विद्यालय जान पाउँदैनन् । त्यसैगरी घरधुरी सर्बेक्षणका क्रममा चमार बिद्यार्थीहरूसँग छलफल गर्दा उनीहरूलेआफूलाई पढ्न मन नलागेकोले विद्यालय नगएको भन्ने कुरा चमार समुदायका बालबालिकाहरूबाट पत्ता लगाइएको थियो । त्यसैगरी चमार समुदायका प्रायः सबै बालबालिकाहरू घाँस काट्ने, गाई, भैंसी, बाखा चराउने भएकोले,त्यस्तै अरूको देखासिकी गरेर बालबालिकाहरू पनि तिनीहरूको साथमा गएका हुन्छन् ।

चमार जातिका कतिपय अभिभावक तथा बालबालिकामा शिक्षाप्रति स्पष्ट दृष्टिकोण नभएकोले पनि बालबालिकाहरू बीचमा पढाइ छोड्ने गरेको पाइयो । एकजना अभिभावक भन्दछन् “मैले त छोरालाई पढाउने नै भनेको थिएँ तर छोरा आफै पढ्न छोडेर कमाउन लाग्यो ।” अभिभावकहरूमा छोराछोरीलाई राम्रोसँग पढाउनु पर्छ भन्ने धारणाको विकास नहुनु साथै बालबालिकामा पनि पढ्नु पर्छ भन्ने धारणाको विकास नहुनुले पनिबालबालिकाहरूले बीचैमा पढाई छोड्नेगरेको पाइयो । स्थलगत सर्वेक्षण अध्ययनको क्रममा यी दुईटै वडा भरिमा चमार जातिका एक जना सदस्य पनि कुनै पनि प्रकारको सरकारी सेवामा प्रवेश गरेको पाइएन जसको कारण पनि बालबालिकाहरूमा पढ्नको लागि प्रेरणा र हौसला मिल्न सकेन । चमार अभिभावकहरूमा पनि राम्रा जातमा पढेर कसले के गर्न सक्छ र भन्ने निराशाबादी धारणाको विकास भएको देखियो । त्यसै कारण बालबालिकाहरू पठनपाठनको लागि प्रेरणा र सहयोग नपाउँदा बीचमै पढाई छोडी विभिन्न पेशामा संलग्न रहन थालेको देखिन्छ । वर्तमान समयमा समावेशी शिक्षाको अवधारणालाई अगाडि ल्याइएको छ । भिन्न भिन्न भाषा तथा रहन सहन र संस्कृतिबाट आएका बालबालिकालाई एकै ठाउँमा राखेर एकै प्रकारको पाठ्यक्रम अनुसार शिक्षण गर्दा चमार तथा पिछडिएका जातजातिका बालबालिकाहरू शिक्षामा समान सहभागिता जनाउँन सक्दैनन् । उनीहरूको लागि छुट्टै विशेष व्यवस्था हुनुपर्दछ । अध्ययन क्षेत्रमा त्यस्तो कुनै

व्यवस्था नभएको कारणले चमार जातिका बालबालिकाहरू बीचमा विद्यालय छोड्दछन् । त्यसै गरी विभिन्न व्यक्तिसँग गरिएको छलफलको निष्कर्ष अनुसार बिचमा विद्यालय छोड्नुको एउटा कारण अव्यवहारिक शिक्षा प्रणाली पनि हो । व्यवहारिक र प्रयोगात्मक शिक्षा तत्काल प्रयोगमा ल्याई आर्थिक आयआर्जन गर्न सकिन्छ । चमारहरू गरिब भएको कारण तत्काल प्रतिफलको अपेक्षा गर्ने गरेको तर वर्तमान शिक्षा प्रणालीमा त्यस्तो व्यवस्था नहुँदा पढाईप्रति आकर्षित नभई बीचमै पढाइ छोड्ने गरेको देखियो ।

**कक्षा दोहोऱ्याउने चमार बालबालिका**

शैक्षिक सत्र अनुसार यी वडाहरूमा कक्षा दोहोऱ्याउने वा उही कक्षामा पढ्ने चमार जातिका बालबालिकाहरूको अवस्थाको अध्ययनलाई हेर्दा कक्षा दोहोऱ्याउने मापन गर्न ५ वटै शैक्षिक सत्रको तथ्याङ्कलाई संकलन गरेर हेर्दा चमार बालबालिकाहरू कक्षा दोहोऱ्याएको पाइएन । तर अन्य जातिका बालबालिका कक्षा दोहोऱ्याएको पाइयो । अनुत्तीर्ण गराउने नियम नभएका कारणले कक्षा दोहोऱ्याउँदैनन् । वरु बीचमा कक्षा छाडेर पढ्न आउँदैनन् विद्यालयका प्र.अ. तथा शिक्षकले बताए । अन्य समुदायका बालबालिका पढाइमा कमजोर भएको कारण र उनीहरूका अभिभावकहरूको सल्लाहमा केही बालबालिकाहरूले कक्षा दोहोऱ्याएको पाइयो ।

## ५.४ चमार समुदायका बालबालिकाहरूको विद्यालयमा पहुँचको अवस्था

विद्यालयमा चमार समुदायका बालबालिकाहरूको पहुँचको विश्लेषण गर्नको लागि यस शीर्षकलाई लिङ्ग, उमेर, दुरी, अभिभावकको पेशा, अभिभावकको लिङ्ग, प्राथमिक शिक्षा पुरा गर्ने बालबालिकाहरू जस्ता उपशिर्षकहरूमा विभाजन गरिएको छ । जसबाट विभिन्न आधारमा चमार समुदायका बालबालिकाहरूको विद्यालयमा पहुँच जस्ता कुराको यथार्थ अवस्था झल्किएको छ ।

### ५.४.१ लैङ्गिक आधारमा चमार र अन्य समुदायका बालबालिकाहरूको विद्यालयमा पहुँचको अवस्था

चमार समुदायका बालबालिकाहरू र अन्य समुदायको बालबालिकाहरूको लिङ्गका आधारमा विद्यालयमा पहुँचको अवस्थालाई प्रष्ट पार्ने गर्दछ ।

प्रस्तुत तालिकाका आधारमा छनौटमा परेका दुइटै विद्यालयमा गत पाँच बर्षको बालबालिकाहरूको भर्ना विवरण हेर्दा चमार र अन्य समुदायको बालबालिकाहरूको विद्यालयमा पहुँच रहेको देखिन्छ ।

यी समुदायहरू मध्ये अन्य समुदायको चमार बालबालिकाहरू भन्दा अन्य जातिका बालबालिकाहरूको विद्यालयमा पहुँच बढी रहेको छ ।

**तालिका५.४.१.१**

**लैङ्गिक आधारमा चमार र अन्य समुदायका बालबालिकाहरूको विद्यालयमा पहुँच**

| क.सं. | जाति | लिङ्ग | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| | अन्य समुदाय | छात्र | ६८१ | ६२.३६ |
| | | छात्रा | ४११ | ३६.६३ |
| | | जम्मा | १०९२ | १००(७८) |
| | चमार समुदाय | छात्र | १८९ | ६१.३६ |
| | | छात्रा | ११९ | ३८.६३ |
| | | जम्मा | ३०८ | १०० (२२) |
| जम्मा | | | १४०० | १०० (११) |

(स्रोतः विद्यालय अभिलेख (२०७०-२०७४) ।

नेपालको संविधान २०७२ मा कुनै पनि अवस्थामा लिङ्ग, जात, वर्ग, धर्म आदिका आधारमा विभेद गर्न पाइने छैन भने सैद्धान्तिक व्यवस्था गरेको भएतापनि व्यवहारमा विद्यालयमा छात्राको भन्दा छात्रहरूको पहुँच बढी देखिन्छ । त्यस्तै जातिगत रूपमा हेर्दा विश्लेषण गर्दा उपल्लो र सम्पन्न वर्गको तुलनामा तल्लो वर्गका बालबालिकाहरूविद्यालय शिक्षाबाट टाढा रहेका छन् । यस अध्ययनमा चमार बालबालिकाहरूको पहुँच अन्य जातिका बालबालिकाहरूको तुलनामा धेरै कम देखिएको छ ।

## ५.४.२ उमेरगत रूपमा चमार र अन्य समुदायका बालबालिकाहरूको विद्यालयमा पहुँचको अवस्था

नेपालमा कक्षा १ देखि ५ सम्मको शिक्षा ६ वर्ष देखि १० बर्ष उमेर सम्मको बालबालिकाहरूको लगि भनि तयार पारिएको पाठ्यक्रम हो । यसै कुरालाई मध्यनजर गरी

यस अध्ययनमा उमेरको आधारमा बालबालिकाहरूको विद्यालयमा पहुँचको विश्लेषण गरिएको छ ।

विगत पाँच बर्षमा (शैक्षिक सत्र २०७० देखि २०७४ सम्म) बालबालिकाहरूको बिद्यालमया पहुँचको विश्लेषण गर्दा ५ बर्ष उमेर देखी १२ बर्षका उमेर सम्मका बालबालिकाहरूले शिक्षा लिइरहेको दोखिन्छ । विगत ५ बर्षको समयमा १४०० जना बालबालिकाहरूमध्ये ६ देखि १० बर्ष उमेरका बालबालिकाहरू ९१.९ प्रतिशत रहेका छन् भने ८.१ प्रतिशत प्राथमिक तहका लागि छुट्याएको उमेर भन्दा बढी उमेर समूहका बालबालिकाहरू भर्ना भएको देखिन्छ । यसबाट के स्पष्ट हुन्छ भने प्राथमिक शिक्षाका लागि तोकिएको कक्षा उमेर मात्रले सोही कक्षाको अध्ययन गरी रहेको मात्र नभई सानो उमेर तथा ठूलो उमेरका बालबालिकहरूसमेतले अध्ययन गरेको पाइन्छ । जसमा बढी उमेर समूहका बालबालिकाहरूमा चमार बालबालिकाहरूबढी रहेको देखिन्छन् ।

## ५.४.३विद्यालय र घरबीचको दुरी अनुसार विद्यालयमा बालबालिकाहरूको पहुँचको अवस्था

विद्यालयमा शिक्षा लिने बालबालिकाहरू भर्खर घरदेखि बाहिरको संसारसँग घुलमिल हुन सुरु गरेका हुन्छन् । यस अवस्थामा बालबालिकाको घरदेखिविद्यालय सम्मको दुरीले बालबालिकाहरूको विद्यालयमा पहुँचका सम्बन्धमा विशेष अर्थ राख्ने गर्दछ जति दुरी बढ्दै जान्छ त्यति नै पहुँचको स्तर घट्दै जाने हुन्छ।

विगत पाँच बर्षमा विद्यालय तहको शिक्षा लिने जम्मा १४०० जना बालबालिकाहरू मध्ये तीन चौथाई भन्दा बढी बालबालिकाहरू छोटो दुरीका रहेका छन् । त्यसैगरीजसरीदुरी बढ्दै गएको छ त्यसरी नै टाढाका बालबालिकाहरूको सङ्ख्या घट्दै गएको र नजिकका बालबालिकाहरूको सङ्ख्या बिस्तारै बढ्दै गएको छ । कक्षा १मा भर्ना हुन आएकामध्ये ९८ प्रतिशत भन्दा बढी बालबालिकाहरू ४०० मिटर आसपासका मात्र रहेका छन् । जुन तथ्याङ्क कक्षा २ मा पुग्दा यस क्षेत्रभित्रका बालबालिका ७७ प्रतिशत, कक्षा ३ मा पुग्दा ६० प्रतिशत कक्षा ४ मा पुग्दा ६२ प्रतिशत र कक्षा ५ मा पुग्दा ९६प्रतिशत रहेका छन् । यस तथ्याङ्कबाट स्पष्ट भएको कुरा के हो भने जसरी कक्षा वृद्धि हुँदै गयो त्यसरी नै टाढाका बालबालिकाहरूको सहभागिता कम हुँदै जान्छ त्यसैले गर्दा छोटो दुरीका बालबालिकाहरूको उपस्थिति सानो तथा ठूलो कक्षामा बढ्दै जान्छ ।यसबाट के प्रष्ट हुन्छ भने चमार समुदायका बालबालिकाहरू दुरीका हिसाबले विद्यालयमा पहुँच रहेको देखिन्छ ।

### ५.४.४ अभिभावकको पेशा अनसार बालबालिकाको विद्यालयमा पहुँच

अभिभावकको शिक्षाप्रतिकोदृष्टिकोण तथा शिक्षा सम्बन्धी जनचेतनाले पनि बालबालिकाहरूको विद्यालयमा पहुँच हुने नहुने भन्ने कुराको मापन गरी राखेको हुन्छ । अभिभावकको पेशा अनुसार आम्दानी तथा वचतमा तलमाथि हुने गर्दछ । जसको आधारमा उनीहरूले आफ्ना बालबालिकाहरूलाई विद्यालय पठाउने वा विद्यालय समयमा काममा पठाउने भन्ने कुराको निर्धारण गर्दछन् । विगत ५ बर्ष देखि प्राथमिक शिक्षालिईरहेका चमार बाबालिकाहरू र अन्य बालबालिकाहरूका अभिभावकमध्ये जसको अभिभावक जागिरे, व्यापारी या सम्पन्न छन् उसका छोराछोरीहरूको बिद्यालमया पहुँच राम्रो रहेको पाइयो । तर ज्याला मजदुरी गर्ने बालबालिकाहरूको बिद्यालयमापहुँच कम देखियो । चमार अभिभावकहरूको पनि आर्थिक उपार्जनको लागि ज्यालामजदुरी गर्नु पर्ने भएकाले उनीहरूको बालबालिको विद्यालयमा पहुँच कम देखिन्छ ।

### ५.४.५ चमार बालबालिकाहरूको शैक्षिक पहुँच बढाउने उपायहरू

#### (क) चेतनामूलक कार्यक्रम

परम्परागत शैलीमा जीवन गुजारी रहेका चमारहरूमा चेतनाको पूर्ण विकास भइनसकेका कारण चमारहरूलाई सचेतीकरण गर्नुपर्ने धारणा अन्तर्वार्ता र छलफलबाट पाइयो । चमारहरूको सचेतीकरणको लागि निम्न प्रकृतिका चेतनामूलक कार्यक्रम संचालन गर्नुपर्ने सुझाव दिएका छन् ।

- चमार समुदायका अभिभावक तथा बालबालिकालाई लक्षित गरेर विभिन्न सभा सेमिनार र गोष्ठीको आयोजना गरी शिक्षाको महत्व बारेमा छलफल गर्ने ।
- जातीय तथा लैङ्गिक विभेदविरुद्ध सशक्तिकरण अभियान संचालन गर्ने ।
- चमार जातिलाई विशेष चेतनामूलक कार्यक्रम प्रदान गर्न नगरपालिकाबाट उचीत बजेट छुट्टाई कार्यक्रमको प्रबन्ध मिलाउने ।
- विद्यालयमा बालबालिका पठाउने सबै अभिभावकलाई त्रैमासिक रूपमा भेला गराई प्रशिक्षण दिने तथा बालबालिकाको शैक्षिक अवस्थाको बारेमा जानकारी गराउने ।
- चमार जातिबाट माथिल्लो ओहोदामा पुगको व्यक्तिहरूको उदाहरण दिई पढ्न र पढाउन प्रोत्साहित गर्ने ।

### (ख) निरक्षरता उन्मुलन

चमार अभिभावकमा छोरा छोरीलाई पढाउनुपर्छ शिक्षित बनाउनुपर्छ भन्ने विश्वासपूर्ण भावना विकास हुन नसकेको पाइयो । कतिपय निरक्षर अभिभावकहरू आफ्ना व्यक्तिगत भोगाई र अनुभवबाट छोराछोरीलाई पढाउनुपर्छ भन्ने मानसिकताका साथ विद्यालय पठाउने गरेको पाइयो । तर निरक्षर अभिभावकहरू आफ्ना बालबालिकाको पढाईसम्बन्धी सामान्य गतिविधिको बारेमा पनि बुझ्न् गाह्रो पर्ने हुनाले अभिभावकले छोराछोरीको पढाईसम्बन्धी गतिबिधिमा ध्यान दिने घरपरिवारबाट पढाईसम्बन्धी सामान्य कुरामा पनि सहयोग नहुने जस्ता कारणबाट बालबालिकाहरू पढाइमा कमजोर हुने, पढ्न मन नगर्ने कक्षा छोड्ने जस्ता समस्याहरू आउने देखिन्छ । त्यसैले अभिभावकहरूलाई पनि साक्षरता शिक्षामा सहभागी गराएर निरक्षरता उन्मुलन गराउनुपर्छ ।

### (ग) बचत गर्ने बानीको विकास

बालबालिकाले पढाई छोड्नुको कारण खोजीगर्दा करिब ९० प्रतिशत अभिभावकहरूले आर्थिक कारण बताउने गरेको पाइयो । अगुवा व्यक्तिसँग गरिएको छलफलमा ज्याला मजदुरी अथवा अन्य जुनसुकै काम गरेर पनि थोरै धेरै आम्दानी गर्ने गर्छन् तर उक्त आम्दानीलाई जोगाएर राख्ने प्रवृत्ति यस चमार समुदायमा नरहेको कुरा बुझियो । यस्तो प्रवृत्तिले चमारहरूमा सधै आर्थिक अभाव भइरहने हुनाले छोराछोरीको पठनपाठनको लागि आवश्यक शैक्षिक सामग्री आवश्यक परेका समयमा उपलब्ध गराउन पनि नसकीरहेको अवस्था देखिन्छ । त्यसैले चमारहरूलाई विभिन्न शहकारी संस्था, आमा समूह आदिले थोरै भए पनि बचत गर्न प्रेरित गर्नुपर्छ भन्ने ज्ञानको विस्तार गर्नुपर्ने देखिन्छ ।

### (घ) दलित छात्रवृत्तिको बिशेष व्यवस्था

घरमुलीसँग गरिएको सर्वेक्षण अनुसार हाल सरकारी विद्यालयमा जाने प्रत्येक दलित बालबालिकाहरूले समानुपाति रूपमा बार्षिक रु. ३००, ४०० छात्रवृत्ति पाउने गरेको देखियो । अगुवा व्यक्तिसँग गरिएको छलफलबाट यसरी बाँडिने छात्रवृत्तिले बिद्यार्थी भर्नामा केही फरक ल्याए पनि समग्र शैक्षिक अवस्थामा कुनै प्रभाव नपारेको बताए । छलफलमा सहभागी शिक्षकहरू तथा अन्य समाजका अगुवाहरूका अनुसार छात्रवृत्ति विवरणमा निम्न अनुसारको प्रक्रिया अपनाउनु पर्ने सुझावहरू आएका छन् ।

- चमारको आर्थिक विवरण संकलन गरी आर्थिक अवस्थाको आधारमा मापदण्ड तयार गरी छात्रवृत्ति दिनुपर्ने ।
- आर्थिक अवस्थाकमजोर घरबार बिहीन, नियमित विद्यालय आउनेबालबालिकाहरूलाई बर्षभरि नै कापी कलम किन्न पुग्ने गरी छात्रवृत्ति दिनुपर्ने ।
- अति गरिब तथा जेहेन्दार बालबालिकाको लागि छुट्टै छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने ।
- प्रत्येक छात्रवृत्ति वितरण गर्दा बिद्यार्थीको उपस्थिति र शैक्षिक अवस्थाको ख्याल गर्नुपर्ने ।

**(ङ) चमारहरूलाई विभिन्न सेवा क्षेत्रमा प्रवेश गराउने**

अध्ययनको क्रममा चमार समुदायमा आधारभूत तहको शिक्षा प्राप्तिमानै अनविज्ञता रहेको पाइयो । उनीहरूमा परम्परावादी र निराशाबादी धारणाहरू व्याप्त रहेकाले त्यस प्रकारका धारणा हटाई आत्मनिर्भर स्वाभिमानी प्रवृत्तिको विकास गर्न निम्न उपायहरू अपनाउनुपर्ने देखिन्छ ।

- सामाजिक विकासको लागि विभिन्न संघसंस्थामा चमारहरूलाई समानुपातिक रूपमा सहभागि गराउनु पर्छ ।
- माथिल्लो शैक्षिक योग्यता प्राप्त गरेका चमारहरूलाई जागिरमा प्राथमिकता दिनुपर्छ ।

**(च) विद्यालयमा बालबालिकालाई आकर्षित गर्ने खालका कार्यक्रमहरू ल्याइनुपर्ने**

अध्ययनको क्रममा २, ३ जना अभिभावकहरूले बालबालिकालाईविद्यालयमा पठाउँदा पठाउँदै पनि बालबालिकाहरू आफैँले पढ्न छाडेको गुनासो गरे । विद्यालयमा बालबालिकाको रुचि र चाहना अनुसार पढ्ने वातावरण सृजना नहुने हो भने बालबालिका पढ्न छोड्ने हुनाले चमार जातिका बालबालिकालाई विद्यालयमा आकर्षित गर्न निम्न प्रक्रिया अवलम्बन गर्नुपर्ने निष्कर्ष छलफलबाट निकालियो ।

- विद्यालयहरूमा सृजनात्मक क्रियाकलाप सन्चालनगर्नुपर्ने ।
- अतिरिक्तक्रियाकलाप बारम्बार संचालन गरी चमार जातिका बालबालिकालाई बढि सहभाीग गराउने ।

- मूल्यांकन प्रणालीलाई निरन्तर बनाई पुरस्कार तथा पृष्ठपोषण प्रदान गर्ने ।
- बालबालिकाको रुची रचाहना अुनसार अन्य स्थानीय पाठ्यक्रमको निर्णय र प्रयोगगर्न पहल गर्ने ।

**(छ) चमार बालबालिकाहरूको लागि छुट्टैविद्यालयको व्यवस्था गर्ने**

चमार प्राय एउटै क्षेत्रमा रहेको हुनाले उनीहरूलाई लक्षित गरेर अनुकूल ठाउँमा स्थानीय बुद्धिजीविको पहलमा छुट्टैविद्यालय स्थापना गरी उनीहरूकै सहभागितामा उनीहरूको इच्छा र चाहना अनुसार पठनपाठन गर्ने व्यवस्था मिलाउने सकेमा चमारहरूको शैक्षिक अवस्था अझ छिटो सुधिने निष्कर्ष अगुवा व्यक्तिसँगको छलफलबाट प्राप्त भएको थियो ।

बालबालिकाहरूलाई शैक्षिक भ्रमण गराउने । पुस्तकालय, खेलकुदका सामग्री, यथेष्ट खेल खेल्ने मैदान, सुमधुर शैक्षिक वातावरण (फुलबारी,बगैचा) आदिको व्यवस्थागरी विद्यार्थीहरूका मनमा उब्जने शिक्षा प्रतिको वितृष्णा भावको अन्त्य गर्ने ।

सम्भावित व्यक्तिहरू पहिचानगरी उनीहरूका बालबालिकाहरूलाई छात्रवृत्ति प्रधान गरी उनीहरूको पढाईमा सहयोग पुग्ने गरी विद्यालयमा संचित अक्षय कोष खडा गर्ने व्यवस्था मिलाउने । यस अक्षय कोषमा जम्मा हुन आएको रकमको व्याजबाट विपन्न गरिब छात्र छात्राहरूलाई आवश्यक पर्ने छात्रवृत्ति, पुस्तक, पोषाक, कापी, कलम वा अन्य यस्तै सामग्रीहरू उपलब्ध गराउने जसका कारण भर्नादर पनि वृद्धि होस् र भर्ना भएका बालबालिकाहरूले विद्यालय शिक्षा पनि पुरा गरून ।

विद्यालयको अनुगमन तथा सर्वेक्षण शैक्षिक सत्र शुरु हुन तीन महिना अघि गरी बालबालिकाहरूको यथार्थ तथ्याङ्कजाति, वर्ग, समुदाय अनुसार संकलन गरी विद्यालय व्यवस्थापन सूचना प्रणालीमा राख्ने र सोही अनुसार भावी शैक्षिक योजना बनाई विद्यालयको शैक्षिक व्यवस्थापन गतिविधि अगाडि बढाउने ।

# अध्यायछ

## प्राप्ति, सारांश, निष्कर्ष र सुझावहरू

यस अध्यायमा अध्ययनको प्राप्ति, सारांश, निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ ।

### ६.१ प्राप्ति

यस अध्ययनबाट प्राप्त भएका कुराहरूलाई उद्देश्य अनुसार यहाँ प्रस्तुत गरिएको छ । मेरो अध्ययनको पहिलो उद्देश्य चमार बालबालिकाहरूको विद्यालयमा भर्नाको अवस्था पत्ता लगाउनुसँग सम्बन्धित छ ।वि.सं. २०७० साल देखि २०७४ साल सम्मको५ शैक्षिक सत्रको कक्षा १ देखि कक्षा ५ सम्मका चमार बालबालिकाहरूको विद्यालय भर्नाको अवस्थालाई व्याख्या र विश्लेषण गरिएको छ ।यस उद्देश्यमा निम्न लिखित कुराहरू प्राप्त भयो । कक्षा १ मा पाँचै शैक्षिक सत्रमा चमार बालबालिकाहरूको विद्यालयमा भर्ना संख्या ९६ जना रहेको पाइयो । जसमा छात्र संख्या ५९ र छात्राको संख्या ३७जना रहेका छन् । यसरी कक्षा १ मा ९६ जना विद्यार्थी भर्ना भएकोमा कक्षा २ मा पाँचै शैक्षिक सत्रको विद्यार्थी संख्या ७७जनामा झरेको पाइन्छ जसमा छात्र संख्या ४६ र छात्राको संख्या ३१ जना रहेको पाइयो । यसरी नै कक्षा २ का ७७ जना विद्यार्थीहरूमध्ये कक्षा ३ मा पाँचै शैक्षिक सत्रको विद्यार्थी संख्या ५७जनामा झरको पाइयो । जसमा छात्र संख्या ३५ जना र छात्रा संख्या २२ जना रहेको पाइयो । त्यसै गरी कक्षा ३ मा ५७ जना विद्यार्थीहरूमध्ये कक्षा ४ मा पाँचै शैक्षिक सत्रमा विद्यार्थी संख्या ४४ जनामा झरेको पाइयो जसमा छात्र संख्या २६ जना र छात्राको संख्या १८ जना रहेको पाइयो । त्यस्तै कक्षा ४ मा ४४ जना विद्यार्थीहरू रहेकोमा कक्षा ५ मा पाँचै शैक्षिक सत्रमा विद्यार्थी संख्या घटेर ३४ जनामा पुगेको पाइयो । जसमा छात्र संख्या २३ जना र छात्राको संख्या ११ जना रहेको पाइयो । कक्षा १ मा भर्ना भएकामा जम्मा विद्यार्थीहरू मध्ये कक्षा २ को पाँचै शैक्षिक सत्रको अन्त्यमा १९ जना विद्यार्थी घटेको देखिन्छ । जसमा छात्र संख्या १३ जना र छात्रा संख्या ६ जना रहेको पाइयो । यस्तै कक्षा ३ को पाँचै शैक्षिक सत्रको अन्त्यमा २० जना विद्यार्थी घटेको पाइयो । जसमा छात्र संख्या ११ जना र छात्रा संख्या ९ जना रहेको पाइयो । यसै गरी कक्षा ४ को पाँचै शैक्षिक सत्रको अन्त्यमा १३ जना विद्यार्थी घटेको पाइयो । जसमा छात्र संख्या ९ जना र छात्रा संख्या ४ जना रहेको पाइयो । यसरी नै कक्षा ५ को पाँचै शैक्षिक सत्रको अन्त्यमा १० जना विद्यार्थी घटेको पाइयो । जसमा छात्र संख्या ३ जना र छात्रा संख्या ७जना रहेको पाइयो । भर्ना भए देखि नै

चमार बालबालिकाहरू प्रत्येक शैक्षिक सत्रमा र प्रत्येक कक्षामा कक्षा चढ्दै जाँदा विद्यार्थी भर्नाको अवस्था क्रमशः घट्दै गएको पाइयो । जसमा छात्र भन्दा छात्राहरूको संख्या बढी घटेको पाइयो । चमार बालबालिकाहरू विद्यालय भर्ना नहुनु र विद्यालय भर्ना भए पनि विस्तारै संख्या घट्नुको मुख्य कारणहरू शिक्षाको सही महत्व नबुझ्नु, शिक्षाप्रतिको वितृष्णा, दुःख गरेर पढे पनि समाजका ठूला वडाले जागिर हुन दिँदैन भन्ने जस्तो नकारात्मक सोचाई जनचेतनाको कमी, सानै उमेरमा छोराछोरीको विवाह गरिदिनु, छोराछोरी ठूलो हुँदै जाँदा आमाबाबुलाई काममा सघाउनसँगै लिएर जानु, भेडा बाखा, गाई भैंसी चराउन जानु, तरकारीको लागि माछा मार्न जानु, अशिक्षा, बेरोजगारी, आर्थिक अवस्था कमजोर आदि कारणले घरायसी काममा लाग्नु, बालबालिकाहरूलाई बाल मजदुरीको लागि ईट्टा भट्टामा काम गर्न लगाउनु आदि रहेको पाइयो ।

यो अध्ययनको दोस्रो उद्देश्य चमार बालबालिकाहरूको विद्यालयमा नियमितता र शैक्षिक उपलब्धि रहेको छ । यस उद्देश्यमा निम्न कुराहरू प्राप्ति भयो । चमार बालबालिकाहरूको विद्यालयमा नियमितताको अवस्थालाई पाँच शैक्षिक सत्रको हाजिरी तथा कक्षा अवलोकनबाट प्राप्त गरियो । जसमा अधिकांश अर्थात ८० प्रतिशत चमार बालबालिकाहरू विद्यालय र कक्षामा अनियमित रहेको पाइयो । चमार बालबालिकाहरू अनियमितत हुनुका प्रमुख कारणहरूमा विद्यालय र चमार बालबालिकाहरूको बस्ती टाढा हुनु, समयमा प्रर्याप्त शैक्षिक सामग्री उपलब्ध नहुनु, मातृभाषामा शिक्षण सिकाइ नहुनु, आमा बुबाले आफ्नो छोराछोरीलाई समयमा विद्यालय नपठाउनु, छोराछोरी पढेपनि नपढेपनि आमा बुबालाई चासो नहुनु, घरायसी काममा व्यस्त हुनु, आमा बुबा अशिक्षित हुनु, विद्यालय जाने समयमा बाखा चराउन जाने, माछा मार्न जाने, बाल विवाह, विद्यालयमा पुरस्कारको व्यवस्था नहुनु, विद्यालयमा खेल सामग्री र खेलकुद गर्ने ठाउँ नहुनु, विद्यालयमा अतिरिक्त क्रियाकलाप नहुनु, घरमा शैक्षिक वातावरण अनुकूल नहुनु जस्ता कारण रहेको पाइयो ।

चमार बालबालिकाहरूको शैक्षिक उपलब्धि राष्ट्रिय तथा अन्य जातिका विद्यार्थीहरूको भन्दा कम रहेको पाइयो। औसतमा चमार बालबालिकाहरूको शैक्षिक उपलब्धि प्राय ४५ भन्दा तल र २५ भन्दा माथि रहेको पाइयो । यो पनि निरन्तर विद्यार्थी मूल्याङ्कन र उद्धार कक्षानीतिको कारण विद्यार्थीहरूलाई फेल नगराउने भएकाले औसत

उपलब्धि पास भएको पाइयो । कुनै कुनै शैक्षिक सत्रमा २७, २६, २८, २९, ३० औसत अङ्क ल्याए पनि पास भएको पाइयो । चमार बालबालिकाहरूको शैक्षिक उपलब्धि कम हुनु अथवा कमजोर हुनुको प्रमुख कारणहरू चमार बालबालिकाहरू नियमित विद्यालय नजानु, गए पनि गृहकार्य नगर्नु, विद्यालयमा मातृभाषामा पढाइ नहुनु, पढाईमा कमजोर हुनु, समयमा नै कक्षा कोठामा नआउनु, पढाईमा पूर्ण समय नदिनु, शैक्षिक सामग्रीको अभाव, घरायसी कामको बोझ, घरमा गृहकार्य बनाउन सघाउने मान्छे नहुनु जस्ता कारणहरू रहेको पाइयो ।

त्यसै गरी यो अध्ययनको तेस्रो उद्देश्य चमार बालबालिकाहरूको विद्यालयमा पहुँचको अवस्था पत्ता लगाउनु थियो । चमार बालबालिकाहरूको विद्यालयमा पहुँच अवस्था अन्तर्गत प्राप्त भएका मुख्य कुराहरू निम्न प्रकार रहेका छन् । अझ पनि चमार समुदायका बालबालिकाहरू विद्यालयको पहुँचबाट टाढा रहेको पाइयो । अहिले पनि चमार बालबालिकाहरू निर्वाध रूपमा विद्यालय जानबाट बञ्चित रहेको पाइयो । चमार बस्ती भएको ठाउँमा विद्यालय रहेको पाइएन । विद्यालयमा चमार शिक्षक, शिक्षिका र पियन पनि रहेको पाइएन । चमार बालबालिकाहरू विद्यालयको पहुँचबाट टाढा र बन्चित रहेका प्रमुख कारणहरू, भौगोलिक अवस्था, विद्यालय र चमार बस्ती बीचको दुरी र कोहि विद्यार्थी १० मिनेटमा, विद्यालय पुग्नु कोही विद्यार्थी ३० मिनेटमा पुग्नु, अभिभावकको परम्परागत पेशाले चमार बालबालिकाहरू विद्यालय पहुँचबाट टाढा छन् । आर्थिक अवस्थाले ती विद्यालय शिक्षाको पहुँच नहुनु, छात्रवृत्ति पनि वर्षको ४ सय मात्र पाउनुले पनि वर्ष भरी कपी कलम किन्न नसकेर पनि पहुँचबाट टाढा हुनु परेको पाइयो ।

## ६.२ सारांश

चमार समुदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच तथा शैक्षिक उपलब्धिको अवस्था शीर्षकमा गरिएको यसशोधकार्यको अध्ययन क्षेत्र संघिय संरचना अन्तर्गतको दुई नम्बर प्रदेशको बारा जिल्लामाहागढीमाई नगरपालिकाको वडा नं. ५ र ११ हो । यसको विशिष्ट उद्देश्य चमार समुदायका बालबालिकाहरूको विद्यालय भर्ना,विद्यालयमा नियमितता र शैक्षिक उपलब्धिको अवस्था पत्ता लगाउने रहेको छ । यो अध्ययनलाई छवटा अध्याय अन्तर्गत विभिन्न उपशिर्षकहरूमा संगठित गरिएको छ ।

वडा नं. ५ मा रहेकाचमार जाति ३० घरधुरी तथा वडा नं. ११ मा रहेका चमार जाति २० घरधुरी गरी जम्मा ५० घरधुरीलाई अध्ययनमा समावेश गरिएको छ ।

अध्ययनकर्ता अध्ययन क्षेत्र गई प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । चमार समुदायका बालबालिकाहरू अध्ययन गर्नेविद्यालयका प्र.अ. शिक्षक, अभिभावक तथा वि.व्य.स. का प्रतिनिधिहरूबाट सूचना संकलन गरिएको छ ।

चमार समुदायका बालबालिका विद्यालय उमेर समूह ६-१७ बर्षका बालबालिकाहरू, विद्यालय भर्ना नभएका, कक्षा छाड्ने र चमार समुदायका बिद्यार्थीहरूलाई आर्थिक अवस्थाका कारण घरायसी काममा व्यस्त हुनुका कारणले उनीहरूको शैक्षिक अवस्थाका साथै चमार बालबालिकाको विद्यालय शिक्षामा पहुँच र शैक्षिक उपलब्धिमा पारेको प्रभावको विश्लेषण गर्ने, चमार बालबालिकाहरूको शैक्षिक समस्या र समाधानका उपायहरूका लागि यस अध्ययनमा प्राथमिक तथ्याङ्क संकलनका लागि मिश्रित प्रश्नावली साधनको प्रयोगगरी अन्तर्वार्ता र अवलोकन विधि अपनाइएको छ भने द्वितीयस्रोतको रूपमा विद्यालय अभिलेख, वडागत रिपोर्ट आदिलाई लिईएको छ । संकलित तथ्याङ्कहरूलाई आवश्यकता अनुसार प्रतिशत तथा औसत निकाली तालिकीकरण, स्तम्भ चित्र र वृत्तचित्रमा प्रस्तुतीकरण र विश्लेषण गरिएको छ ।

क. यस क्षेत्रका चमारहरू सय बर्ष अगाडिदेखि भारतको सिमावर्ती क्षेत्र खासगरी पूर्वी विहार राज्यको मोतिहारी, छौडादानो, आदापुर, सुगौली, रक्सौल, बेतिया भन्ने ठाउँहरूबाट बसाई सरी आएका छन् ।

ख. यिनीहरूको भाषा, चाडपर्व अन्य हिन्दुजातिसँग मिल्दछ, चमार हिन्दु धर्म मान्दछन् ।

ग. चमारहरूआर्थिक दृष्टिले पछाडि परेका छन् । जसको कारणले शिक्षालाई छोडेर आर्थिक आम्दानीको स्रोतमा सबै घर परिवारका सदस्यहरू लागि परेको देखिन्छ ।

घ. चमारहरू शिक्षा र जनचेतनाबाट टाढा रहेका छन् । जसको प्रमुख कारण आर्थिक विपन्नता तथा सहीशैक्षिक जनचेतनाको कमी रहेको देखिन्छ ।

ङ. चमारमा नारीशिक्षाको स्थिति ज्यादै कमजोर देखिन्छ। सामाजिक विधि व्यवहारमा पनि पुरुष भन्दा महिलाको स्थिति असमान रहेको छ ।

च. चमार अधिकांश ज्याला मजदुरीबाट जीवनयापन गर्छन् ।

छ. चमारहरू विविध चाडपर्वमा धनी छन् । चाडपर्वमा यिनीहरू बढी खर्च गर्दछन् ।

ज. चमार परिवार संयुक्त परिवार हो । यस जातिमा संयुक्त परिवारको झलक राम्रै पाइन्छ तर अहिले भने एकात्मक वा सानो परिवारप्रति केही चेतनशील चमारहरू आकर्षित हुँदैछन् ।

झ. चमारहरू खास सीपबाट बन्चित छन् । जसको कारण उनीहरूलाई अर्थोपार्जन एवं शुखी जीवननिर्वाहको निम्ति ज्यालादारी मजदुरीको काम गर्न बाध्य छन् ।

ञ. चमारहरूको मुख्य पेशा चप्पल जुत्ता सिउने, बाजा बजाउने, सहायक पेशामा गाई बस्तु पाल्ने जस्ता रहेको देखिन्छ ।

ट. चमार बालबालिकाहरूको प्रत्येक शैक्षिक सत्रमा कक्षा १ मा बिद्यार्थी भर्ना राम्रो रहेपनि बिस्तारै अघिल्लो कक्षा चढ्दै जाँदा चमार बालबालिकाहरूविद्यालय छोड्दै गरेको पाइएको छ ।

चमार बालबालिकाहरूविद्यालय भर्ना नहुने, कक्षा छाड्ने, नियमित विद्यालय नजाने, नि.मा.वि. र मा.वि. तहको शिक्षा हाँसिल नगर्ने जस्ता समस्याका कारणहरूमा आर्थिक स्थिति घरायसी कामको बोझ, अभिभावकहरूमा शैक्षिक जनचेतनाको कमी, अभिभावकले विद्यालयमा छोराछोरीलाई पढाउन चासो नदेखाउनु, आयआर्जनको लागि काममा लगाउने, एउटै परिवारमा धेरै बच्चा हुनु, कम उमेरमा विवाह हुनु र विद्यार्थीको उमेर, क्षमता, रुचि तथा स्थानीय भाषा र आवश्यकता अनुरूपको पाठ्यक्रम नहुनु रहेका छन् । शिक्षाबाट तुरुन्त प्रतिफल प्राप्त नहुनु, जागिरको सुनिश्चितता नहुनु ।

चमार बालबालिकाहरूको शैक्षिक समस्याहरूको समाधानका उपायहरू खोजी गर्ने सन्दर्भमा अभिभावक, विद्यार्थी र प्र.अ.बाट पहिचानगरिएका उपायहरूमा चमार परिवारको आर्थिक सुधारका लागि सीपमूलक तालिम, सहुलियत दरमा ऋण दिनुका साथै रोजगारीको अवसर सृजना गर्नुपर्ने, साक्षरता कक्षा रचेतनामुलक कार्यक्रम संचालन गरि परिवारको शैक्षिक स्थितिमा सुधारगर्नुपर्ने, कम उमेरमा विवाह गर्ने कार्यलाई निरुत्साहित गर्नुपर्ने, विद्यालयले लिने गरेको परीक्षा शुल्क लगायत अन्य शूल्क मिनाह हुनुपर्ने, कमजोर विद्यार्थीहरूलाई निशुल्क ट्यूशनको व्यवस्था गर्नुपर्ने, बालमैत्री कक्षा, व्यवहारिक र प्रयोगात्मक शिक्षामा जोड दिनुपर्ने, परीक्षा प्रणालीमा सुधारगर्नुपर्ने, कक्षा छाड्ने बालबालिकाहरूको लागि बिशेष कक्षाको व्यवस्था, शैक्षिक सामग्रीको निशुल्क वितरण गर्नुपर्ने, चमार छात्रवृत्तिको रकममा वृद्धि गर्नुपर्ने, चरित्र निर्माण तथा सिकाइ वातवारणमा जोड दिनुपर्ने, बालबालिकाहरूको शैक्षिक समस्याहरूको समबन्धमा शिक्षक-अभिभावक-विद्यार्थी भेटघाट छलफल, अन्तरक्रियामा जोड दिनुपर्ने उपायहरू पहिचान गरिएको छ ।

## ६.३ निष्कर्ष

चमार समुदायका बालवालिकाहरूको विद्यालय शिक्षामा पहुँच तथा शैक्षिक उपलब्धि शीर्षकमा गरिएको यस अध्ययनबाट विविध निष्कर्ष निकाल्न सकिन्छ ।

यस शोधपत्रको अध्ययनबाट आएको नतिजा अनुसार दुबै वडाका चमार बालबालिकाहरूकोविद्यालयमा सतप्रतिशत भर्ना भएको पाइँदैन ।जसअनुसार प्रत्येक शैक्षिक सत्रमा कक्षा १ माविद्यालय भर्नाको अवस्था अन्य जातिका बालबालिकाहरू सरह रहेको पाइयो । विद्यालयमा भर्ना भएका विद्यार्थीहरूमा पनि कक्षा १ र २ मा बिद्यार्थीहरूकोउपस्थितिमानियमित उपस्थिति रहेको पाइयो । विद्यालयभर्ना भएका चमार बालबालिकाहरू कक्षा ३ मा पुग्दा उनीहरूको कक्षा उपस्थितिमा नियमितता कम हुँदै गएको पाइयो । जसको मूख्य कारणमा अभिभावकहरूको कमजोरआर्थिक अवस्था, घरायसी कामको बोझ,परम्परागत पेशा, बालबालिकाको रुचि अनुसार पठनपाठनको व्यवस्था नहुनु, फजुल खर्च गर्ने प्रवृत्तिले गर्दा सधैँ आर्थिक अभाव हुनु, बालबालिकाहरू पठनपाठनको लागि घर परिवार, समाज वा अन्य व्यक्तिहरूबाटअसल मार्गनिर्देशन नपाउनु जस्ता कारणहरूबाट बालबालिकाहरूलेविद्यालय बीचमै छाड्ने गरेको पाइयो । दुवै वडा भित्र बसोबासगर्ने चमारहरूको बालबालिकाहरू कक्षा १ र २ मा भर्नाराम्रो देखिए पनि माथिल्लो कक्षा चढ्दै जाँदा बिद्यार्थीहरूको चाप घट्दै गएको पाइयो ।दुवैवडाभित्र बसोबास गर्ने चमारहरूको तहगत शैक्षिक अवस्थालाई विश्लेषण गर्दा अन्य जातिका बालबालिकाको तुलनामा शैक्षिक पहुँच ( सहभागिता) कमजोर रहेको पाइयो । तल्लो तहमा विद्यालय उमेर पुगेका बालबालिकाहरूको भर्ना मध्यम स्तरकोरहे तापनि निम्नमाध्यमिक तहमा निकै कम र माध्यमिक तहमा त शून्य जस्तै रहेको अध्ययनमा देखियो । विद्यालय उमेर (प्रा.वि., नि.मा.वि., मा.वि.) का जम्मा बालबालिकाहरूका मध्ये अधिकांश बालबालिकाहरू प्राथमिक तहमै सिमीत रहेको देखियो ।चमार समुदायभित्र शैक्षिक क्षेत्रबाट अगाडि गएका, नेपालमै जागिर खाएका व्यक्तिहरू नहुनुको कारण अभिभावक तथा बालबालिका शिक्षाप्रति निराशाबादी धारणा रहेको पाइयो । यस क्षेत्रका चमार बालबालिकाहरूशैक्षिक क्षेत्रमा पछाडि पर्नुको मूख्य कारणहरू मध्ये कुनैपनि प्रकारको आर्थिक सहयोग, संघसंस्थाहरूबाट प्राप्त हुनुपर्ने विविध सहयोग नपाइएको देखियो । चमार समूदायका बालबालिकाहरूको शिक्षामा पहुँच बढाउन विद्यालय तथा समुदायमा चेतनामुलक कार्यक्रम, साक्षरता शिक्षा, आयआर्जनमूलक तालिम,

विद्यालयमा आकर्षित कार्यक्रम, दलित छात्रहरूलाई छात्रवृत्तिको विशेष व्यवस्था, स्वरोजगारमूलक कार्यक्रम जस्ता कुराहरूको आवश्यकता रहेको पाइयो ।
अधिकांश चमारहरूको घडेरी मात्र रहेको पाइयो ।

समग्रमा भन्दा चमारहरूसँग जग्गा जमिन घडेरी मात्र भएकालेभए पनि ज्यादै कम हुनु गरिबी आर्थिक कारणले ज्याला मजदुरीगर्न बाहिर तथा अरूकोमा गएर कामगर्नुपर्ने अवस्था रहेको, घरका सदस्य अशिक्षित भएको कारणले बालबालिकालाई लेखपढ गर्नेवातावरण घरमा नहुनु । शिक्षित भएर पनि बेरोजगारी बस्नुपर्ने बाध्यताले गर्दा बालबालिकाहरू पढाई बीचमै छोडेर अन्य पेशामा आकर्षित हुने परम्परागत सोच विद्यमान रहनु, लैङ्गिक विभेदको अन्त्य नहुनु, अभिभावकको सोचाइसँग बालबालिकाहरूको सोचाइ समान हुनु, स्वयम् आफूलाई तल्लो जातको मानिस ठान्ने प्रवृत्तिहरू देखिनु, चमार अभिभावकहरू निरक्षर हुनु जस्ता कारणले गर्दा विद्यालयमा बालबालिकाहरूको सहभागितामा कमी देखियो । चमार बालबालिकाहरूको शैक्षिक उपलब्धिमा प्रमुख तत्वहरू पारिवारिक स्थिति अन्तर्गत परिवारको सङ्ख्या, अभिभावकहरूको पेशा, आम्दानी, रोजगारीको अवस्था, घरमा काम गर्नुपर्ने समय, बिद्यार्थीहरूको घरको शैक्षिक वातावरणविद्यालयमूखी शिक्षा विद्यालयमा मात्र निर्भर पठनपाठनउपलब्ध शैक्षिक सामग्रीका अवस्था, नियमित रूपले बालबालिकालाई विद्यालय पठाउन नसक्नु, आफूलाई दोस्रो दर्जाको नागरिक सरह लिनु आदि कारणहरू पर्दछन् । विद्यालयमा भर्ना भएपनि विद्यालयले लिने गरेको कुनै पनि परीक्षामा धेरैजना बिद्यार्थीहरू अनुपस्थित भएको देखियो ।

चमार बालबालिकाको बिद्यालमया नियमित भर्ना, विद्यालय शिक्षामापहुँच सहभागिता र उपलब्धि बढाउने उपायहरू चेतनामुलक कार्यक्रमहरू सन्चालन हुनु पर्ने, आय-आर्जनका स्रोतहरू उपलब्ध गराई अवसर प्रदान गर्नुपर्ने, चमार बस्तीमा विद्यालय स्थापना हुनुपर्ने, चमार भाषामा या स्थानीय भाषामा शिक्षण सिकाइ गर्ने शिक्षकको व्यवस्था, कार्यमुलक साक्षरता कार्यक्रम अभियानकोरूपमा सन्चालन गर्नुपर्ने, शैक्षिक क्षेत्रको नियमित अनुगमन सर्वेक्षण गरी तथ्याङ्क अध्यावधिक गर्ने र विद्यालय व्यवस्थापन समितिमा गरीव विपन्न परिवारका सदस्यहरूलाई स्थान प्रदान गर्न सकेमा विद्यालय शिक्षामा बालबालिकाहरूको पहूँच बढ्ने देखिन्छ ।

विभिन्न अनुसन्धानात्मक ढाँचाको प्रयोगगरी प्राप्त भएको क्षेत्रको विश्लेषणात्मकउपलब्धिहरूलाई माथि निष्कर्षको रूपमा राखिएको छ । अध्ययन क्षेत्र ठूलो र विस्तृत रूपमा छनौट गर्न समय साधन र स्रोतको कठिनाई भएकोले सानो क्षेत्रलाई आधार मानेको हुँदा राष्ट्रिय परिवेशको प्रतिनिधित्व गर्न नसक्ला तैपनि शिक्षाको विकासको लागि क्षेत्रिय रूपमा मार्ग दर्शक हुन सक्ने आशा गरिएको छ ।

## ६.४ सुझावहरू

नेपालको शैक्षिक प्रणालीमा रहेका विद्यमान समस्याहरूमध्ये दलित तथा पिछडिएका जातिहरूलाई शिक्षामा समान सहभागिता गराउन नसक्नु एउटा चुनौतीपूर्ण समस्या हो । नेपालका विभिन्न भागमा बसोबास गर्ने दलितहरूको शैक्षिक अवस्था कमजोर रहेको कुरा विभिन्न अध्ययनले देखाएको छ । कुनै भौगोलिक क्षेत्रमा विशेष गरी कुन कुन जातिको शैक्षिक अवस्था के कस्तोछ भन्ने बारेमा अध्ययन गर्नु र समस्या समाधानका उपायहरूको खोजी गर्नु आजको आवश्यकता हो ।

“चमार समुदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच तथा शैक्षिक उपलब्धि” सम्बन्धमा गरिएको अध्ययन पश्चात निम्न सुझावहरू प्रस्तुत गरिएको छ :-

क) चमार समुदायका अभिभावकको चेतनास्तरमा वृद्धि गर्न सकिएमा उनीहरूका बालबालिकाहरूको शैक्षिक स्थितिमा सुधार आउनुका साथैउनीहरूको लागि सिपमुलक कार्यक्रमको व्यवस्था गरी उनीहरूको आय बढाई आर्थिक रूपमा सबल बनाउनुपर्ने अवस्था विद्यमान रूपमा देखिन्छ ।

ख) विद्यालय भर्ना संख्या वृद्धिगराउनका लागि शिक्षा समबन्धी जनचेतनामुलक कार्यक्रम, घर दैलो कार्यक्रम, कम्तीमा प्रा.वि.तहसम्ममा मातृभाषामा पठनपाठन संचालनगरी स्थानीय तहमा संचालन गर्ने । साथै समावेशी विद्यालय व्यवस्थापन समिति गठन गर्ने र विद्यालय प्रगति विवरणको नियमित अनुगमन गर्ने ।

ग) अशिक्षित चमार परिवारका बालबालिकाहरूलाई शिक्षाको मूलधारमा ल्याउन सरकारी, गैरसरकारी तथा स्थानीय स्तरबाट आवश्यक कदम चाल्नुपर्ने तथा आर्थिक रूपले कमजोर चमार अभिभावकहरूलाई विशेष राहतको व्यवस्था गरिनुका साथै विद्यालयमा छात्रवृत्ति तथा छात्राबासको व्यवस्था गर्नु आवश्यक देखिन्छ ।

घ) चमार बिद्यार्थीहरूकोनियमति विद्यालय उपस्थितिमा वृद्धि गर्न विद्यालयबाट उपलब्ध छात्रवृत्तिको सुविधालाई थप प्रभावकारी गर्दै जानेसाथै कक्षामा विद्यार्थीहरूले नियमित गृहकार्य गरे नगरेको परिक्षण गरी नगरेको भए गर्नका लागि प्रेरित गर्नका लागि पुरस्कारको व्यवस्था गर्ने ।

ङ) चमार बिद्यार्थीहरूमा पढाईप्रति रूचि कम रहेकोले यस्तो समस्या निराकरणका लागि नैतिक शिक्षा सम्बन्धी प्रेरक प्रसङ्ग प्रस्तुत गर्दैकक्षा कार्य सुचारू गर्ने । साथैविविध कारणले विद्यालय उपस्थित हुन नसक्नेबिद्यार्थीहरूका लागि अतिरिक्त कक्षाको व्यवस्था गर्नुपर्दछ ।

च) चमार अभिभावकहरूलाई आफ्ना बालबालिकाहरूको शिक्षाप्रतिध्यानाकर्षण गराउन विद्यालयमा अभिभावक भेला,छलफल र अन्तरक्रियाको आयोजना समय-समयमा गर्नुपर्दछ ।

छ) विद्यार्थी भर्ना वृद्धि गर्न बालबालिकाहरूलाई विद्यालयप्रति आकर्षित गराउन भर्ना अभियानलाई सशक्त बनाइनुपर्दछ साथै विद्यालयमा बालमैत्रीपूर्ण र खेलकुद तथा मनोरन्जनात्मक वातवारणमा जोड, पुरस्कार दिने व्यवस्था गर्न सकेमा कक्षा छाड्ने दरमा कमि र बिद्यार्थी नियमित उपस्थितिमा वृद्धि हुने देखिन्छ ।

ज). विद्यालयको पाठ्यक्रम तथा पाठ्यसामग्री रोचक तथा जीवन उपयोगी र वैज्ञानिक बनाइनुपर्दछ । जसले शिक्षाप्रति सकारात्मक भावना जागृत गराउन नेपाल सरकारद्वारा चमार बाहुल्यता भएको ठाउँका प्रत्येक विद्यालयमा कम्तीमा १कोटा चमार जातिको आरक्षणको रूपमा व्यवस्था गरिनुपर्छ ।

झ)समाजमा व्याप्त लैङ्गिक भेदभावलाई अन्त्य गर्नुका साथैदलितहरूको हक अधिकारको विषयमा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गराउने ।

ञ)विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम गर्ने,विद्यालय भर्ना अभियानलाई प्रभावकारी रूपमा सन्चालन गर्नुका साथै चमारहरूको आर्थिक, राजनैतिक, सामाजिक र शैक्षिक विकासको लागि आवश्यक संस्थाको स्थापना गरिनुपर्दछ ।

ट)चमारहरूको बस्ती भएको ठाउँमा दतिल विद्यालय स्थापना गरि चमार शिक्षक, शिक्षिकाको व्यवस्था गर्दा उनीहरूको केही हद सम्म मनोबल बढ्थ्यो शिक्षा प्रति ।

## ६.५ भविष्यमा थप अध्ययनका लागि सिफारिस शीर्षक

- माहागढीमाई नगरपालिकामा चमार बाहेक अन्य दलितको माध्यमिक तहसम्मको शैक्षिक अवस्था एक अध्ययन ।
- माहागढीमाई नगरपालिकामा उच्च शिक्षामा दलित र गैर दलित विद्यार्थीहरूको तुलनात्मक अध्ययन ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी, बालकृष्ण (२०७०), *शिक्षा र विकास,* काठमाडौंः सनलाइट पब्लिकेशन ।

अधिकारी, बाल (१९८९), *बालअधिकार महासन्धी घोषणापत्र,* स्वीजरल्याण्ड, जेनेभा, संयुक्त राष्ट्रसंघको महासभाबाट बालबालिकाको अधिकारको निम्ति राज्यको एक साझा पत्र ।

आहुती (२०६७), *नेपालमा बर्ण व्यवस्था र वर्ण संघर्ष,* पुल्चोक, ललितपुर : समता फाउण्डेसन ।

उपाध्याय, रन्जना (२०६०), *चमार जातिको आर्थिक अवस्थाको एक अध्ययन,* अप्रकाशित स्नातकोत्तर तह शोधपत्र, समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग, त्रि.वि., कीर्तिपुर ।

किसान, यामबहादुर (२०५८), *दलित जाति युवक आन्दोलन,* काठमाडौंः जन उत्थान प्रतिष्ठान ।

केन्द्रिय तथ्याङ्क विभाग (२०६८), *राष्ट्रिय जनगणना,* काठमाडौंः केन्द्रिय तथ्याङ्क विभाग ।

गौतम, राजेश (२०५०), *शैक्षणिक विधि,* काठमाडौंः रत्न पुस्तक भण्डार ।

*जिल्लाको वस्तुगत बिवरण (२०७३), जिल्ला विकास समिति, बारा ।*

झा, हरिवंश (१९९९), *नेपालका तराईका दलितहरू,* काठमाडौंः सेन्टरफर इकोनोमिक्स एण्ड टेक्निकल स्टडिज कार्यपत्र ।

ढकाल, माधव प्रसाद (२०६१), *शास्त्रीय सम्बद्धनहरू,* काठमाडौं, नवीन प्रकाशन, भोटाहिटी ।

तामाङ्ग, सीताराम (२०६०), *नेपालमा दलितहरूको समस्या,* काठमाडौंः एम.के. पब्लिकेशन, भोटाहिटी ।

नेपाली बुद्धिराज (२०६१), *अर्घाखाँची जिल्लामा विद्यालय तहका दलित र गैर दतिल बिद्यार्थीको सहभागिता,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, पाठ्यक्रम तथा मूल्यांकन, केन्द्रिय विभाग, कीर्तिपुर ।

पाण्डेय, मधुसुदन (२०६३), *नेपालका दलितहरू,* काठमाडौं, पैरवी प्रकाशन ।

*विद्यालय क्षेत्र सुधार योजना, कोर डकुमेण्ट (२०६६) ।*

भट्ट, अनोज (२०६०), *बीचैमा विद्यालय छाडेका बिद्यार्थीहरूको अवस्थाको विश्लेषणः एक अध्ययन,* अप्रकाशित एम.एड. शोधपत्र शिक्षा शास्त्र संकाय, अर्थशास्त्र शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

मरहठ्ठा, शुलोचना (२०५१), *कुमाल बालबालिकाहरूको शैक्षिक स्थिति एवं समस्याहरू,*अप्रकाशित एम.एड. शोधपत्र शिक्षाशास्त्र संकाय, त्रिभुवन विश्व विद्यालय, कीर्तिपुर ।

राई, वमबहादुर (२०६३), *जालपा गा.वि.स.का दलितहरूको शैक्षिक अवस्था एक अध्ययन,*अप्रकाशित स्नातकोत्तर शोधपत्र, पाठ्यक्रम तथा मूल्यांकन, केन्द्रिय विभाग, कीर्तिपुर ।

विश्वकर्मा, चक्रमान (२०५४), *विद्यालय र उपेक्षित समुदायः विकासका लागि शिक्षा,* सेरिड, काठमाडौं ।

विश्वकर्मा, चन्द्रमान (२०५४), *दलित बालबालिकाहरूको शिक्षामा प्रभाव पार्ने कारक तत्व,* काठमाडौंः त्रि.वि.वि शिक्षा विकास तथा अनुसन्धान केन्द्र ।

शर्मा, शिव (१९९९), *महिलाहरूको अशिक्षाका कारणले जन्मदर बृद्धिः एक अध्ययन,* एम.एड. शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

शर्मा, निर्मला (२०६५), *शिक्षाको आधार,* काठमाडौंः पैरवी प्रकाशन ।

शर्मा, गोपीनाथ (समिक्षक) (२०५८), *नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरू,* काठमाडौंः मकालु बुक्स एण्ड स्टेशनर्स ।

श्रेष्ठ चन्द्रबहादुर (२०६६), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* काठमाडौंः भुँडीपुराण पब्लिकेशन, बागबजार ।

सिंह, रामशरण (२०५२), *दलित बिद्यार्थीहरूले कक्षा छाड्ने कारण एक अध्ययन,* शोधपत्र महेन्द्ररत्न क्याम्पस, ताहाचल, काठमाडौं ।

सिंह, कामेन्द्र (२०६२), *मुसहर जातिको शैक्षिक अवस्था र आर्थिक सामाजिक अवस्था एक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, जनज्योति बहुमुखी क्याम्पस, महेन्द्रनगर ।

सुवेदी, चित्रकुमार (२०६८), *प्राथमिक शिक्षामा भूजेल बालबालिकाहरूको शैक्षिक सहभागिता,*अप्रकाशित एम.एड. शोधपत्र, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

सेरिड (२०५६), *आधारभूत तथा प्राथमिक शिक्षामा सुपरिवेक्षण,* त्रि.वि., शिक्षा विकास तथा अनुसन्धान केन्द्र, काठमाडौं ।

# अनुसूची १

## प्रधानाध्यापकका लागि तयार पारिएको

## अन्तर्वार्ताप्रश्नावली

प्रधानाध्यापकको नामः ठेगाना

उमेर शैक्षिक योग्यता

विद्यालयको नाम शिक्षण अनुभव

१. यस विद्यालयमा पढनको लागि कहाँकहाँबाट विद्यार्थीहरू आउने गर्दछन् ?

२. दलित वर्गमा पर्ने कुन-कुन जातिका विद्यार्थीहरू यस विद्यालयमा अध्ययनको लागि आउने गरेका छन् ?

३. चमार समुदायका बालबालिकाहरू पनि यस विद्यालयमा पढ्नको लागि आउने गर्दछन्?

४. चमार समुदायका बालबालिकाहरू विद्यालयमा नियमित आउने गर्दछन् ?

क) आउँछन् ख) आउँदैनन् ग) अन्य

यदि आउँदैनन् भने किन आउँदैनन् ?

(क) घरायसी कामले (ख) अभिभावकले नपठाएर (ग) अन्य

५. अन्य बालबालिका र चमार बालबालिकाहरूको शैक्षिक उपब्धीमा कत्तिको भिन्नता पाउनु भएको छ ?

६. चमार बालबालिकाहरू नेपाली भाषा सजिलै बुझ्न र बोल्न सक्दछन्?

७. चमार विद्यार्थीहरूको अभिभावकले आफ्नो बालबालिकाको प्रगति विवरण थाहा पाउन विद्यालयमा कत्तिको आउने गर्नुहुन्छ ?

८. विद्यालयमा चमार विद्यार्थीहरूको स्थिति कस्तो छ ?

क) विद्यालयमा नियमित ख) सामाग्री लिएर आउन

ग) कक्षाको अन्तरक्रियामा सिरक घ) सामाजिक क्रियाकलापमा संलग्न

ङ) साथीहरुसँग घुलमिल हुन च) उपलब्धीस्तर

९. चमार विद्यार्थीहरूको शैक्षिक उपलब्धी कस्तो छ ?

क) राम्रो ख) मध्यम ग) न्यून

१०. यस विद्यालयमा चमार विद्यार्थीहरूको उपस्थिति कस्तो रहेको छ ?

क) उत्साहजनक ख) सामानय ग) न्यून

११) विद्यालयमा चमार विद्यार्थीहरूको उपस्थिति तथा नियमितता बढाउन र पढाइमा जागरुक बनाउन कस्तो कार्यक्रम गर्नुपर्छ ?

१२. तपाइँको विचारमा चमार बालबालिकाहरू अनुत्तीर्ण हुनुका प्रमुख कारणहरू के के हुन जस्तो लाग्छ ?

क) अनुत्तीर्ण हुँदैनन्  (ख) अनुत्तीर्ण हुन्छन्

ग) अनुत्तीर्ण गराउन मिल्दैनन्

१३. चमार बालबालिकारूको शैक्षिक पहुँचका समस्याहरू के के रहेका छन् ?

१४. तपाइँको बीचारमा चमार बालबालिकाहरूको कक्षा छोड्ने, कक्षा दोहोऱ्याउने, शैक्षिक पहुँचका समस्याहरू न्युनिकरणका उपायहरू के के हुन सक्ला ?

क) .................................................

ख) ...................................................

१५. चमार बालबालिकाहरूलाई पढाईप्रति जागरूक बनाउन प्र.अ.को कस्तो भूमिका रहने गर्दछ ?

धन्यवाद

## अनुसूची २
## शिक्षकका लागि तयार पारिएको
## अन्तर्वार्ता प्रश्नावली

शिक्षकको नाम: ठेगाना

उमेर शैक्षिक योग्यता

विद्यालयको नाम शिक्षण अनुभव

१. तपाईंले यस विद्यालयमा शिक्षण गर्नुभएको कति समय भयो?

२. विद्यालयमा नियमित नहुने विद्यार्थीहरूलाई विद्यालयमा भित्र्याउन के कस्ता उपायहरू अपनाउनु हुन्छ ?
क) अभिभावकसँग छलफल ख) सम्झाउने बुझाउने ग) पुरस्कार

३. शिक्षण सिकाइमा र कक्षाकोठामा विद्यार्थी नियमितताको विद्यामान अवस्था के कस्तो छ ?
क) सधै नियमित ख) आंशिक रुपमा ग) एकदमै अनियमित घ) अन्य

४. शिक्षण सिकाइ तथा कक्षाकोठामा विद्यार्थी नियमिततालाई प्रभाव पार्ने तत्वहरू के के हुन सक्छन्?

५. तुलनात्मक रूपमा कमजोर विद्यार्थीलाई कसरी उत्प्रेरित गर्नुहुन्छ ?
क) माया गरेर ख) पुरस्कार दिन ग) गृहकार्य बढी दिएर

६. चमार विद्यार्थी र अन्य विद्यार्थीबीच के कस्तो समानता र भिन्नता पाउनु हुन्छ ?
क) विद्यालय बारे ख) गृहकार्य गर्न बारे ग) कक्षा कार्य गर्न बारे

७. चमार समुदायका बालबालिकाहरूले कस्तो नतिजा ल्याउने गरेका छन् ?

८. चमार समुदायका बालबालिकाहरू कक्षा दोहोऱ्याउने गर्छन् ।

९. यदि दोहोऱ्याउने गर्दछन् भने त्यसको कारण के होला ?

१०. चमार समुदायका बालबालिकाहरू बीचैमा विद्यालय छाड्ने गरेका छन् ?

११. कक्षा छाड्ने गरेका छन भने त्यसको कारण के होला ?

१२. चमार समुदायका बालबालिकाहरूको नतिजा कमजोर हुनु, कक्षा दोहोऱ्याउनु, बीचैमा कक्षा छाड्नुजस्ता समस्याहरूको समाधान के-के हुन ? सुझावहरु दिनुहोस्?

१३. चमार विद्यार्थीहरूको शैक्षिक उपलब्धी बढाउन विद्यालयले के कस्ता प्रयासहरू गरेको छ ?

१५. चमार बालबालिकालाई शैक्षिक गतिविधिमा उत्प्रेरित गर्न शिक्षकको भूमिका कस्तो रहन्छ?

१६. विद्यालयमा चमार र गैर चमार विद्यार्थीहरूको शैक्षिक उपलब्धी कस्तो रहेको छ ?

१७. चमार विद्यार्थीहरूको शैक्षिक स्तर कस्तो छ ?
क) राम्रो ख) मध्यम ग) न्युन घ) ठिकै

१८. चमार समुदायका बालबालिकाहरूको विद्यालय पहुँचका बाधक तत्वहरु के के हुन्?

१९. चमार समुदायका बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच बढाउन के गरे राम्रो होला ?

धन्यवाद

## अनुसूची ३

## चमार बालबालिकाका लागि तयार पारिएको

## अन्तर्वार्ता प्रश्नावली

विद्यार्थीको नामः ठेगाना

उमेर कक्षा

छात्र छात्रा

१. तिमी नियमित विद्यालय आउने गरेका छौं ?

क) सधै जान्छु ख) कहिलेकाँहिमात्र जान्छु

२. कहिले काँहि मात्र जाने, किन ?

क) घरायसी कामको बोझले ख) पाठ्य सामग्री नभएर

ग) पढन मन नलागेर घ) अन्य

३. तिमी सधैं गृहकार्य गर्छौ ?

क) गर्छु ख) कहिले काँहि मात्र गर्छु ग) गर्दिन

४. यदि गृहकार्य गर्दैनौ भने किन ?

क) घरायसी कामले नभ्याएर ख) गर्न नजानेर ग) कापी कलम नभएर

५. तिमीलाई घरमा पढाउन आमाबुबाले सघाउनुहुन्छ ?

क) सघाउनु हुन्छ ख) सघाउनु हुन्न

यदि सघाउनु हुन्न भने किन ?

क) घरमा कोही नभएर ख) कामले नभ्याएर

ग) घरायसी शैक्षिक वातावरण नभएर घ) अन्य

६. तिमी घरमा कति घण्टा पढ्छौं ?

विहान ....... बेलुका ........... बिदाको दिन

७. घरमा गृहकार्य गर्दा कसको मद्दत लिन्छौं ?

क) बुबाआमा ख) दाजुभाइ ग) दिदीबहिनी

८. तिमीलाई घरबाट विद्यालय जान कति समय लाग्छ ?

९. तिमीले विद्यालयमा दिइने कक्षा कार्य नियमित गर्छौ या गर्दैनौं ?

१०. गर्दैनौ भने किन गर्दैनौं ?

११. तिमीले घरमा गृहकार्य बाहेक पुस्तक वा नोट पढ्छौं वा पढ्दैनौ ?

धन्यवाद

## अनुसूची ४

## अभिभावकको लागि तयार पारिएको

## अन्तर्वार्ता प्रश्नावली

नाम: ठेगाना

लिङ्ग उमेर

**क) जनसाङ्ख्यिक अवस्था**

१. तपाइँहरूको मुलथलो यही हो की अन्यत्रबाट बसाइ सरी आउनु भएको हो ?

२. यदि अन्य स्थानबाट बसाइ सरी आएको भए कहाँबाट कहिले आउनु भएको हो ?

३. तपाइँको परिवारमा कति जना हुनुहुन्छ ?

पुरुष ............... महिला ................. जम्मा

४. उमेर समूह अनुसार पारिवारिक विवरण

| उमेर | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| ०–४ | | | |
| ५–९ | | | |
| १०–१४ | | | |
| १५–१९ | | | |
| २०–२४ | | | |
| २५–२९ | | | |
| ३०–३४ | | | |
| ३५–३९ | | | |
| ४०–४४ | | | |
| ४५–४९ | | | |
| ५०–५४ | | | |
| ५५–५९ | | | |
| ६५+ | | | |

५. तपाइँको समुदायका एकल वा संयुक्त कस्तो पारिवाकि संरचना रहने चलन छ ?

**ख) आर्थिक अवस्था**

६. तपाइँको जीवन निर्वाह गर्न मुख्य पेशा वा स्रोत के होला ?

क) कृषि ख) व्यापार ग) नोकरी घ) अन्य

७. तपाइँको आफ्नै जग्गा जमिन छ कि अरुको जग्गामा काम गर्नुहुन्छ ?

यदि छ भने कति छ ?

८. के तपाइँ अहिले आफूले गरिरहेको पेशाबाट सन्तुष्ट हुनुहुन्छ ?

९. तपाइँलाई कृषि उत्पादनले वर्षभरी खान पुग्छ ?

यदि पुग्दैन भने नपुग्ने समयको लागि कहाँबाट जोहो गर्नुहुन्छ ?

**ग) शैक्षिक अवस्था**

१०. तपाईंलाई लेखपढ गर्न आउँछ ?
आउँछ भने तपाइँको शैक्षिक योग्यतता कति छ ?

११. तपाईंले आफ्ना छोराछोरीलाई विद्यालय पठाउनु भएको छ?
क) छ ख) छैन

१२. पढ्न पठाउनु गरेको भए पढनको लागि कहाँ पठाउने गर्नुभएको छ?

१३. यदि नपठाउनु भएको भए त्यसको कारण क होला ?

१४. यहाँबाट विद्यालय कति टाढा रहेको छ ?

१५. तपाईंको बालबालिकाहरू विद्यालय पुग्न कति समय लाग्ने गर्दछ ?

१६. तपाईं आप्नो छोराछोरीलाई कति कक्षासम्म पढाउने विचार गर्नुभएको छ?
क) सामान्य साक्षर ख) एस.एल.सी. ग) प्रमाणपत्र तहसम्म घ) उच्च शिक्षा

१७. तपाईको छोराछोरी नियमित विद्यालय जान्छन् ?

१८. नियमित रुमपा विद्यालय नजाने भए के कारणले जाँदैनन् ?

१९. तपाइँका बालबालिकाहरू पढाइमा कस्ता छन् ?
क) मेहनेती ख) ठीकै ग) कमजोर

२०. बालबालिकाहरू घरमा गृहकार्य गर्छन कि गर्दैनन् ?

२१. तपाइँका कुनै बालबालिकाले पढ्दापढ्दै बीचैमा छाडेका त छैनन् ?

२२. बीचैमा छाडेका भए त्यसका कारणहरु के होलान् ?

२३. पढ्न छाडेका बालबालिकाहरु के गरेर बस्छन् ?

२४. विद्यालयबाट तपाइँका बालबालिकाहरूको लागि कुनै सहयोग पाउनु भएको छ वा छैन?

२५. तपाइँका बालबालिकाहरू विद्यालय नजानुको कारण के हो ?
क) आर्थिक ख) दुरीको कारण ग) घरायसी

२६. विद्यालय नजानेलाई जाने बनाउन के गर्नुपर्ला ?

२७. विद्यालयमा शिक्षक शिक्षिकाले तपाइँका छोराछोरीहरूलाई कस्तो व्यवहार गर्नुहुन्छ?

२८. आफ्नो बालबालिकाको पढाइबारे थाहा पाउन विद्यालय जाने र शिक्षकसँग भेट्ने गर्नुभएको छ ?

२९. तपाइँले एक शैक्षिक सत्रमा कति पटकसम्म विद्यालय जाने गर्नुभएको छ ?
क) ४-५ पटक ख) ५-६ पटक ग) यो भन्दा बढी घ) गएको छैन

३०. तपाइँको बालबालिका पढ्ने विद्यालयमा नियमित पढाइ हुन्छ ?

३१. कस्तो सुविधा भए आफ्ना बालबालिकालाई विद्यालय पठाउनु हुन्थ्यो ?
क) निःशुल्क ख) निःशुल्क आर्थिक सहायता

३२. तपाईंले छोराछोरीलाई अलग-अलग विद्यालयमा पढाउने गर्नुभएको छ ?

क) छ  ख) छैन

३३ यदि पढाउने गर्नु भएको छ भने त्यसको कारण के होला ?

३४. तपाईंले आफ्ना बालबालिकालाई विद्यालय बाहेक ट्युसनमा पनिपढाउनुहुन्छ?

३५. यदि पढाउनु भएको भए कहाँ र कति समयमा लागि पढाउनुहुन्छ ?

३६. तपाईंले बालबालिकाको पढाइका लागि आवश्यक पर्ने शैक्षिक सामग्री समयमा नै उपलब्ध गराउनु हुन्छ ? हुँदैनभने किन ?

३७. तपाईंको समुदायको शैक्षिक स्तरमा सुधार ल्याउनको लागि सरकारले के के गरिदियोस् भन्ने चाहनुहुन्छ ?

३८. तपाईंको विचारमा उनीहरूको नतिजामा सुधार ल्याउन क-कसले के गर्नुपर्ला ?

क) प्र.अ.ले ............................................................

ख) शिक्षकले ............................................................

ग) अभिभावकले ......................................................

घ) स्वयम विद्यार्थीले ................................................

धन्यवाद

## अनुसूची ५

## व्यवस्थापन समिति, समाज सेवी, बुद्धिजिवी, राजनैतिक दलका प्रतिनिधि तथा अन्य समुदायका मानिसहरूसँग गरिएको छलफलका प्रश्नावली

१. शिक्षाप्रति चमार समुदायका मानिसहरूको कस्तो धारणा रहेको छ।

२. वि.व्य.स. ले चमार विद्यार्थीलाई प्रोत्साहन स्वरुप थप सुविधा दिने गरेको छ ?

३. यदि दिने गरेको भए के के सुविधा दिने गरेको छ ?

४. चमार विद्यार्थीहरूको विद्यालय भर्नामा बृद्धि गर्न के के गर्नु उपयुक्त हुन्छ ?

५. चमार विद्यार्थीहरू विद्यालयमा नियमित उपस्थित हुन नसक्नुका कारणहरू के के हुन्?

६. चमार विद्यार्थीहरूलाई विद्यालयमा नियमित बनाउन के के गर्नुपर्छ ?

७. चमार विद्यार्थीहरूलाई विद्यालयमा नियमित बनाउन के के गर्नुपर्छ?

८. अहिलेसम्म समाज, विद्यालय, सरकारबाट चमार विद्यार्थीहरूका लागि गरिएका प्रयासहरू के के हुन् ?

९. चमार विद्यार्थी र गैर चमार विद्यार्थीबीच कस्तो शैक्षिक भिन्नता पाउनु भएको छ ?

१०. चमार बालबालिकाको शैक्षिक उपलब्धी वृद्धि गर्न के कस्ता कार्यहरू गर्नु भएको छ?

११. तपाइँको बीचारमा आगामी दिनहरुमा चमार समुदायका मानिसहरुको आर्थिक तथा शैक्षिक स्थितिमा सुधार ल्याउन के गर्नुपर्ला ?

धन्यवाद

# अनुसूची ६

## अवलोकन फाराम

विद्यालयको नामः ठेगानाः

अवलोकन मितिः

### १. विद्यालयको भौतिक पक्ष

| क.सं. | विषयवस्तु | पक्की | कच्ची | पर्याप्त | अपर्याप्त |
|---|---|---|---|---|---|
| १ | विद्यालय भवन | | | | |
| २ | कक्षाकोठाको आकार | | | | |
| ३ | कुर्सी बेन्च | | | | |
| ४ | कालो पाटी | | | | |
| ५ | कक्षा कोठा उज्यालो | | | | |
| ६ | खेल मैदान | | | | |
| ७ | पुस्तकालय | | | | |
| ८ | छात्र शौचालय | | | | |
| ९ | छात्रा शौचालय | | | | |
| १० | बत्तिको अवस्था | | | | |
| ११ | पानीको अवस्था | | | | |
| १२ | सरसफाई | | | | |
| १३ | विद्यालयको समग्र भौतिक पक्षको व्यवस्थापन | | | | |

## २. शिक्षण सिकाइको अवस्था (शैक्षिक पक्ष)

| क.सं. | विषयवस्तु | अवलोकनको अवस्था | | | |
|---|---|---|---|---|---|
| | | उत्तम | राम्रो | मध्यम | न्यून |
| १ | सिकाइको अवस्था | | | | |
| २ | सहजकर्ताको भूमिका | | | | |
| ३ | भाषाको प्रयोग | | | | |
| ४ | उत्प्रेरणा र पृष्ठ पोषण | | | | |
| ५ | कक्षा कार्य गर्न विद्यार्थी | | | | |
| ६ | शिक्षण सिकाइ सिकारूको रूचि | | | | |
| ७ | सहजकर्ता र सिकारूको सम्बन्ध | | | | |
| ८ | सिकारुको सम्बन्ध | | | | |
| ९ | शिक्षण विधि | | | | |
| १० | शैक्षिक सामग्रीको प्रयोग | | | | |
| ११ | विद्यार्थीको उपस्थिति | | | | |
| १२ | शिक्षण सिकाइमा विद्यार्थी सहभागिता | | | | |
| १३ | शिक्षण सिकाइमा पाठय योजनाको प्रयोग | | | | |
| १४ | मूल्यांकन प्रक्रिया | | | | |
| १५ | अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता | | | | |
| १६ | कक्षाकोठामा व्यवस्थापन | | | | |
| १७ | कक्षाकोठाको वातावरण | | | | |
| १८ | कक्षाकोठामा ठाउँको पर्याप्तता | | | | |
| १९ | बालमैत्री कक्षाकोठा | | | | |
| २० | कक्षाको समग्र व्यवस्थापन | | | | |

# अनुसूची ७

## विद्यालय प्रशासनका लागि फारम

प्र.अ.को नामः                                        ठेगाना

विद्यालयको नामः                                      शैक्षिक योग्यता

शिक्षण अनुभव

१. जम्मा विद्यार्थी संख्या

छात्र :

छात्रा :

२. जातिगत आधारमा विद्यार्थी विवरण

चमार :

बाहुन :

थारु :

यादव :

३. विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको कक्षागत भर्ना विवरण

| **शैक्षिक सत्र** | **कक्षा** | **कूल विद्यार्थी संख्या** | | | **चमार विद्यार्थी संख्या** | | |
|---|---|---|---|---|---|---|---|
| | | **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** |
| २०७० | १ | | | | | | |
| २०७१ | २ | | | | | | |
| २०७२ | ३ | | | | | | |
| २०७३ | ४ | | | | | | |
| २०७४ | ५ | | | | | | |

४. कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको कुल विवरण

| शैक्षिक सत्र | कक्षा | कुल विद्यार्थी संख्या | | | चमार विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| २०७० | १ | | | | | | |
| २०७१ | २ | | | | | | |
| २०७२ | ३ | | | | | | |
| २०७३ | ४ | | | | | | |
| २०७४ | ५ | | | | | | |

५. बीचमा कक्षा छाड्ने विद्यार्थीहरूको कुल विवरण

| शैक्षिक सत्र | कक्षा | कुल विद्यार्थी संख्या | | | चमार विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| २०७० | १ | | | | | | |
| २०७१ | २ | | | | | | |
| २०७२ | ३ | | | | | | |
| २०७३ | ४ | | | | | | |
| २०७४ | ५ | | | | | | |

६. चमार बालबालिकाहरूको शैक्षिक उपलब्धि सम्बन्धी विवरण

| बिद्यालयको नाम | कक्षा | छात्र | | | | | | छात्रा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उ.स. | उ % | अ.स. | अ % | जम्मा सं. | जम्मा % | उ.स. | उ % | अ.स. | अ % | जम्मा सं. | जम्मा % |
| | १ | | | | | | | | | | | | |
| | २ | | | | | | | | | | | | |
| | ३ | | | | | | | | | | | | |
| | ४ | | | | | | | | | | | | |
| | ५ | | | | | | | | | | | | |

धन्यवाद